सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७५

An Audit Report on Right to Information, 2018

राष्ट्रिय सूचना आयोग

काठमाडौं, नेपाल

सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७५

प्रकाशक	:	राष्ट्रिय सूचना आयोग काठमाण्डौं ।
फोन नं	:	०१-४४६४४१२, ४४९६५४४
फ्याक्स	:	०१-४४९६५४५
ईमेल	:	info@nic.gov.np
वेबसाईट	:	www.nic.gov.np
Helpline	:	01-4496544
Audio Notice	:	1618070782426
प्रकाशन मिति	:	२०७५ फागुन
प्रति	:	३००
मुद्रक	:	थ्रिडी प्रिन्टिङ्ग, कपन, काठमाडौं ।

भूमिका

- क्यानडामा मुख्यालय रहेको सेन्टर फर ल एण्ड डेमोक्रेसी नाम संस्थाले विश्वका १२३ ओटा मुलुकले जारी गरेको सूचनाको हकसम्वन्धी कानूनलाई ६१ वटा सूचकाङ्कका आधारमा मापन गरी नेपालको कानूनलाई १५० पूर्णाङ्कमा १०४ अंक प्रदान गरी नेपालको विश्व वरियतामा सत्ताइसौ स्थानमा राखेको थियो । राष्ट्रिय सूचना आयोगले गरेका काम-कारवाही जारी गरेका आदेश, अदालतका फैसला र नेपालका अभ्यासका आधारमा गहन छलफल गरी १५० पूर्णाङ्कमा ११३ अंक प्राप्त गरी विश्व वरियतामा बाइसौ स्थानमा उक्लिन नेपाल सफल भएको छ ।
- यसरी विश्वव्यापी रुपमा कानूनको तुलनात्मक अध्ययन गर्ने अभ्यास भएपछि कानूनको कार्यान्वयनको मूल्यांकन गर्ने प्रणाली भने विकास भैसकेको छैन । यस अर्थमा राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्वन्धी ऐनको कार्यान्वयनको स्थिति पहिल्याउने गरेको प्रस्तुत RTI Audit विश्वमै नौलो अभ्यास हो ।
- राष्ट्रिय सूचना आयोगले २०७३, २०७४ र २०७५ सालमा गरी यो सहित ३ वटा RTI Aduit Report तयार गरी सार्वजनिक गरेको छ । यस प्रतिवेदनमा समेटिएका २१ वटा मन्त्रालय र ती मन्त्रालय मातहत रहेका केन्द्रीय निकायको RTI Audit गरी विज्ञले अंक दिनु भएको छ, यो अंक आयोगले प्रदान गरेको होइन ।
- यस प्रतिवेदनको अध्याय छ मा आयोगको सुझाव मात्रै आयोगको मौलिक भनाइ हो । प्रत्येक मन्त्रालयको RTI Audit गरी विज्ञहरूले अंक प्रदान गर्नुभयो र विज्ञ श्री एकराज पाठकले टेवुलेशन गर्ने र प्रस्तुत गर्ने काम गर्नु भएको हो । आयोग उहाँहरूलाई हार्दिक धन्यवाद प्रकट गर्दछ ।

– राष्ट्रिय सूचना आयोग

विषयसूची

सारांश १

अध्याय १: प्रारम्भिक २-७

१.१ पृष्ठभूमि

१.२ आरटीआई अडिट

१.३ अध्ययन विधि

१.४ अध्ययनको औचित्य

१.५ अध्ययनका सीमाहरू

१.६ सर्वेक्षणमा समेटिएका मन्त्रालयहरू

१.७ अध्ययनको नतिजा

अध्याय २ : सूचकाङ्कको मन्त्रालयगत तुलनात्मक अध्ययन ८-१६

२.१ सूचना अधिकारी

२.२ स्वत: प्रकाशन

२.३ सूचना मागको दर्ता किताब

२.४ सूचना माग र प्रवाहको तथ्यांक संग्रह

२.५ सूचना सम्वन्धी सन्देशमूलक जानकारीको व्यवस्था

२.६ वेवसाइटमा सूचना अधिकारीको विवरण

२.७ वेवसाइट अद्यावधिक रहेको

२.८ सूचना प्रवाहमा अग्रसरता

२.९ सूचनाको हकसम्वन्धी तालिम

२.१० सूचनाको हकको समष्टीगत मूल्यांकन स्तर

अध्याय ३ : मन्त्रालय र मातहतका निकायहरूको अवस्था अध्ययन १७-६३

३.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय

३.२ अर्थ मन्त्रालय

३.३ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

३.४ ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

३.५ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय
३.६ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
३.७ खानेपानी मन्त्रालय
३.८ गृह मन्त्रालय
३.९ परराष्ट्र मन्त्रालय
३.१० भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
३.११ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
३.१२ युवा तथा खेलकुद मन्त्रालय
३.१३ रक्षा मन्त्रालय
३.१४ वन तथा वातावरण मन्त्रालय
३.१५ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
३.१६ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
३.१७ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
३.१८ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
३.१९ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
२.२० सहरी विकास मन्त्रालय
३.२१ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

अध्याय ४ : सर्वेक्षकको निष्कर्ष ६४-६५
अध्याय ५ : सर्वेक्षकका सुझावहरू ६६-६७
अध्याय ६ : राष्ट्रिय सूचना आयोगको सुझाव ६८-७०
अनुसूचीहरू ७१-७८

कार्यकारी सारांश

राष्ट्रिय सूचना आयोगले नेपालका संघीय मन्त्रालय र केन्द्रीय स्तरका निकाय र विभागमा सूचनाको हकसम्वन्धी ऐन, २०६४ को प्रावधान बमोजिम विसं २०७५ मा उक्त ऐनको कार्यान्वयनको परीक्षण (An Audit on Right to Information) सम्पन्न गरेको छ। यस परीक्षण अडिट विधिबाट गरिएको छ। परीक्षणका निम्ति तथ्यांक संकलक वा सर्वेक्षकमा आयोगका पूर्व सचिव र सूचनाको हकका अभियन्ताहरू हुनुहुन्छ। यस परीक्षणका लागि दश वटा प्रश्नहरू पहिले नै तय गरेर ती प्रश्नलाई विभिन्न भागमा प्राप्ताङ्कको मूल्याँकन गरिएको छ। प्रत्येक प्रश्नमा अंक विभाजन गरेर पूर्णांक १० गरिएको छ। प्रश्नको जवाफको आधारमा नम्वर राखिएको छ। प्रत्येक प्रश्नमा तीनदेखि माथि बढीमा १० अंक प्राप्त गर्ने विधि तय गरिएको छ। सर्वेक्षकहरूले स्थलगत भ्रमण गरेर नै प्रश्नावली भर्नु वा भराउनु भएको छ। यसरी १० वटा प्रश्नमा प्रत्येक प्रश्नको अंकभार अलग गरेर बढीमा १० का दरले १०० मा मापन गरिएको छ।

यो परीक्षण सूचनाको हकसम्वन्धी ऐन, २०६४ को कार्यान्वयनको अवस्था पत्ता लगाउने तथा यसको कार्यान्वयनको प्रतिवद्धतासम्वन्धी उद्देश्यमा केन्द्रित छ। खासगरी देशको केन्द्रीय प्रशासनिक निकायका रुपमा रहेका मन्त्रालय र तिनका कम्तीमा पनि केन्द्रीय तहका निकाय र विभागहरूमा यो कानुनको कार्यान्वयनको अवस्थाका तथा सूचनाको हकसम्वन्धी कानुनको बुझाईका बारेमा सर्वेक्षण गरिएको छ।

तथ्याँक संकलकले अडिटका क्रममा मन्त्रालय र मातहतका निकायका उच्च पदाधिकारी र सूचना अधिकारीसँग छलफल र अन्तर्क्रिया समेत गरी सुधार गर्न सकिने क्षेत्रहरू पहिल्याउनु भएको छ। अडिटपछि उहाँहरूले हरेक मन्त्रालयको अवस्थाको बारेमा निष्कर्ष पनि प्रस्तुत गर्नुभएको छ। यस अध्ययनको अन्त्यमा समग्र निष्कर्ष र सुझाव पनि एकीकृत रुपमा प्रस्तुत गरिएको छ। अध्ययनको निष्कर्ष र सुझावको अर्को खण्डमा सूचना परीक्षणकर्ता निकाय राष्ट्रिय सूचना आयोगका सुझावहरू समेत प्रस्तुत गरिएको छ।

अनुसन्धानको आफ्नो अनुशासन र आचारसंहिताभित्र बसेर आवश्यक सबै सूचकहरू तयार गर्ने र तिनका आधारमा प्राप्त भएका अंकहरूलाई यथार्थ रुपमा प्रस्तुति र विश्लेषण गरिएको छ। यो अनुसन्धान कम गुणात्मक (Qualitative) र बढी संख्यात्मक (Quantitative) छ।

नेपालमा सूचनाको हकको कार्यान्वयनको सम्बन्धमा अधिकांश सरकारी निकाय र त्यहाँका सार्वजनिक ओहदाधारी व्यक्तित्वहरू उदासिन छन् भन्ने बाहिर आमधारणा पाइन्छ। त्यसैले पनि यस अनुमानको यथार्थ मापनका लागि राष्ट्रिय सूचना आयोगले यो परीक्षणको बाटो लिएको हो। तर निष्कर्ष यो आमधारणाजस्तै भने छैन। केही अपवादलाई छाड्ने हो भने मन्त्रालयहरूले सूचनाको हक कार्यान्वयनमा महत्वपूर्ण कार्य गरेको देखिएको छ। मन्त्रालयहरूले प्राप्त गरेको अंक हेर्दा कमजोर पक्षहरू पनि थोरै देखिएका छन्। यस कानुनको बुझाई, कार्यान्वयनको प्रतिवद्धता र यसको प्रवर्द्धनात्मक कार्यक्रमहरू यस अडिटबाट धेरै रहेको देखिएको छ।

अध्ययनको सुझाव खण्डमा मन्त्रालय र विभागहरूले गर्नुपर्ने प्रवर्द्धनात्मक कार्यहरू समेटिएको छ। अधिकांश सार्वजनिक निकायले स्वतः खुलासाको प्रावधान पूरा गरेको जनाएका छन्। तर, यस्तो खुलासाको प्रभावकारिता र वैधानिकताका विषयमा थप कार्य गर्नुपर्ने सुझाइएको छ। सूचना अधिकारी राखेको भनी पूर्णाङ्क दिइए पनि मन्त्रालय वा विभागलाई ती सूचना अधिकारीलाई सूचना दिने काममा उत्प्रेरित गर्न र सूचनामा पहुँच दिनेतर्फ सुझाइएको छ। अध्ययनमा तीन प्रकारबाट सुझावहरू प्रस्तुत गरिएको छः (१) तथ्याँक संकलकले स्थलगत रुपमा संकलन गरेका तथ्याँक र त्यस अवसरमा उहाँहरूले देखेका वास्तविकता, (२) समग्र अध्ययनको सुझाव, र (३) राष्ट्रिय सूचना आयोगका सुझावहरू।

अध्याय १ : प्रारम्भिक

१. पृष्ठभूमि

नेपालमा विसं २०४७ को संविधानले पहिलो पटक मौलिक हकमा नै सूचनाको हकसम्वन्धी व्यवस्था गरेको हो । विसं २०४६ को जनआन्दोलनपछि पुनर्स्थापित प्रजातन्त्रको उपलब्धिका रूपमा जारी यस संविधानले नागरिकको मौलिक अधिकारमा नै सूचनाको हकको व्यवस्था गरेको थियो । उक्त संविधानको धारा १६ मा प्रत्येक नेपालीले सार्वजनिक महत्वको कुनैपनि विषयको सूचना माग्ने र पाउने अधिकार हुनेछ भनी उल्लेख गरिएको थियो । 'सूचनाको हक' लाई संविधानमा नै व्यवस्था गरिएको दक्षिण एसियामा नै सम्भवतः यो पहिलो अवसर थियो ।

संविधानमा मौलिक हकमा सूचनाको हकलाई समावेश गरेपछि त्यस समयमै यो संवैधानिक अधिकारको प्रयोग नागरिकले गरेको पाइन्छ । सञ्चार माध्यम समेतका कतिपय संस्था र प्रवुद्ध वर्गले जनचासोका र राज्यसँग सम्वन्धित सार्वजनिक महत्वका विषयमा सूचना माग्ने र पाउने अधिकारको महत्वको बारेमा त्यसपछि देशभर व्यापक चर्चाहरू सुरु भएका हुन् ।

संविधानको मौलिक हकमा गरिएको यस्तो व्यवस्थासँगै विश्वमा नै सूचनाको हकसम्वन्धी छुट्टै कानुनको खाँचोको बारेमा पनि बहसहरू सुरु भए । संविधानमा र विशेषतः नागरिकको मौलिक हक अन्तर्गत सूचनाको हकको व्यवस्था गरेका प्रजातान्त्रिक देशहरूमा पनि सूचनाको हकसम्वन्धी छुट्टै कानुनको निर्माण हुन थाल्यो । सन् १७६६ मा स्वीडेनले नागरिकको सूचना अधिकारका पक्षमा यो कानुन बनाएको थियो । सूचनाको हकसम्वन्धी अलग्गै कानुन बनाउने स्वीडेन नै विश्वको पहिलो देश हो । विश्वमा यो कानुनको बहस चल्यो र स्वीडेनमा कानुन बनेको करिब साढे दुई सय बर्षपछि अभियानले नेपालमा पनि प्रवेश पायो । सुरुमा पत्रकारहरूका सभा सम्मेलन र संसद अधिवेशनमा सूचनाको हकसम्वन्धी कानुनको आवश्यकताका बारेमा छलफल सुरू हुन थाल्यो । यो अभियानको करिब दुई दशकपछि नेपालले पनि सूचनाको हकसम्वन्धी अलग्गै कानुन पायो । विसं २०६२/६३ को जनआन्दोलन पश्चात् नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो, र त्यस संविधानले साविकको भन्दा विस्तृतीकरण सहित सूचनाको हकसम्वन्धी व्यवस्थालाई नागरिकको मौलिक हकका रुपमा व्यवस्था गर्‍यो । त्यस लगत्तै गठित सरकारले ल्याएको सूचनाको हकसम्वन्धी ऐनलाई विसं २०६४ साउन २ गते बसेको तत्कालीन संसदले पारित गऱ्यो । यो कानून सभामुखबाट वि.सं. २०६४ साउन ५ गते प्रमाणिकरण भयो । यो कानुन प्रमाणिकरण भएको ३० दिन अर्थात २०६४ भदौ ३ गतेदेखि कार्यान्वयनमा आयो ।

नेपालले सूचनाको हकसम्वन्धी ऐन पाएको दश वर्ष नाघिसकेको छ । त्यसैले अब देशमा यो कानुनको कार्यान्वयनको अवस्थाको मूल्याङ्कन पनि गर्दै जानुपर्ने समय भएको छ ।

सूचनाको हकसम्वन्धी ऐन जारी भएको नौ महिनासम्म राष्ट्रिय सूचना आयोग गठन हुन सकेन । आयोगको अभावमा सूचना प्राप्त गर्न नसकेका सूचनाग्राहीहरूले उजुरी गर्न जाने ठाउँ भएन । यस अवधिमा महत्वपूर्ण सूचना माग भएका र त्यस्तो सूचना प्राप्त हुन नसकेपछि सर्वोच्च अदालत जानुपरेका उदाहरण पनि छन् । सूचना मागको अभियानमा संलग्न अभियन्ता, नागरिक समाज एवम् पत्रकारहरूको व्यापक मागपछि मात्र राष्ट्रिय सूचना आयोग गठन भयो ।

आयोगको गठनपछि केही समय आयोगको तत्कालीन कार्यालय सूचना तथा सञ्चार मन्त्रालयभित्र राखिएकोले नेपालको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार छिर्न सुरक्षाका कारणले भन्दै सर्वसाधारण नागरिकका लागि गाह्रो भयो । यहीकारण सूचनाग्राहीहरूलाई सूचना प्राप्त गर्न र उजुरी वा पुनरावेदन दिन राष्ट्रिय सूचना आयोगसम्म पुग्न कठिन भयो । यही तथ्यलाई मनन गरी आयोगलाई प्रशासनिक एवम् भौतिक रूपमा नै पहुँचयोग्य बनाउन सिंहदरबारबाट बाहिर ल्याइयो । यसबाट आयोग जनताको सहज पहुँचमा भयो र यसको स्वतन्त्रता पनि स्थापित भएको महसुश गरिएको थियो । पछि आयोगलाई एक स्वतन्त्र निकायको रुपमा पुष्टि गर्न तथा यसको स्वतन्त्र पहिचानलाई थप स्थापित गर्न आयोगको छुट्टै लोगो नै निर्माण गरेर प्रचलनमा ल्याइएको छ ।

नेपाली समाज बढी मौनतामा विश्वास गर्दछ । मौनता हाम्रो सामाजिक संस्कारजस्तै भएको छ । त्यसैले नेपाली समाजलाई खुलापनमा परिवर्तन गर्न अझै पनि गाह्रो छ । अर्कातर्फ हाम्रो प्रशासनिक संयन्त्र पनि बढी गोपनीयतामा विश्वास गर्दछ र सकेसम्म आफ्नो कार्यसम्पादनका कुराहरू बाहिर नआउन् भन्ने चाहन्छ । यो सामाजिक परिवेशका कारण पनि देशको प्रशासनिक संयन्त्रलाई पारदर्शी बनाउनु गाह्रो काम नै हो । यसका कारण पनि विगत एक दशकमा नेपालको पारदर्शिता र सूचनाको हकको प्रवर्द्धनको काम जति अपेक्षित थियो, त्यति हुन नसकेको पाइन्छ ।

जनताले पनि अपेक्षित संख्यामा सूचना माग्न नसकेको र सूचना माग्ने अभियानले पनि अभियानको रूप लिन नसकेको हो कि भन्ने पनि महसुश यतिखेर हुनु स्वाभाविकै हो । पत्रकारहरू यो कानुनको निर्माणका लागि जे जसरी बिगतमा लागिपरेका थिए त्यही कानुन आएपछि यसको प्रयोग मार्फत मुलुकमा व्याप्त अनियमितता एवम् भ्रष्टाचारहरूलाई बाहिर ल्याउनेतर्फ अग्रसर हुनुपर्ने हो । नागरिकका पक्षमा यति महत्वपूर्ण कानुन आएको छ र यसले जनतालाई निकै बलियो बनाएको छ भन्ने बारेमा देशव्यापी रूपमा गाउँघर जगाउने कार्यक्रमहरू सञ्चालन गर्नु अबको आवश्यकताभित्र पर्दछ ।

यस अवधिमा सूचनाको मागगर्ने नागरिकको संख्यामा उल्लेख्य बृद्धि भएको छैन । यस कानुनको बारेमा नागरिक तहमा सचेतनाको अभावमा पनि त्यसो भएको हुनसक्छ । यहि कुरालाई दृष्टिगत गरी राष्ट्रिय सूचना आयोगले विगत दुई वर्षदेखि 'जनता जगाउने महाअभियान' प्रारम्भ गरी यसमा विद्यालयका पाठ्यक्रममा सूचनाको हक समावेश गराउने देखि राजनीतिक दलहरू तथा ७५३ वटै स्थानीय तहका जनप्रतिनिधीहरूलाई यस सम्वन्धी व्यापक अन्तरक्रिया गरेको हो । यो महाअभियान दिर्घकालीन लक्ष्य अहिले नै नभएपनि केहि समय पछि यसले परिणाम दिनेछ तर यस अवधिमा पनि केही महत्वपूर्ण उपलब्धिहरू भने यस अवधिमा हासिल भएका नै मान्न सकिन्छ । विद्यार्थीले विश्वविद्यालयमा दिएको बोर्ड परीक्षाको उत्तरपुस्तिकाको प्रतिलिपि हेर्न पाउने, कुनैपनि सार्वजनिक निकायले गरेको खर्च रकमको बिल भौचर नै हेर्न पाउने तथा लोक सेवा आयोगले लिएका परीक्षाको प्राप्तांक हेर्न पाउने जहाज खरिद सम्वन्धी कागजात, संसद सचिवालयका सूचना जस्ता महत्वपूर्ण नजिरहरू राष्ट्रिय सूचना आयोगका आदेशबाटै स्थापित भएका छन् ।

नेपाली नागरिकमा अहिले पनि सरकारी कार्यालयले नै सूचना दिँदैनन् भन्ने सोच पाइन्छ । त्यसैले यस सोचमा परिवर्तन आवश्यक छ । नेपालको सूचनाको हकसम्वन्धी ऐन विश्वका अरू प्रजातान्त्रिक देशहरूको तुलनामा प्रजातान्त्रिक नै छ । यस कानुनले सूचना दिनुपर्ने दायित्वभित्रका सार्वजनिक निकायलाई बढी फराकिलो पनि बनाएको छ । जस्तो कि सरकारी निकायहरूमात्र नभएर राजनीतिक दल, विद्यार्थी संगठन, गैरसरकारी संघसंस्था एवम् निजी क्षेत्र पनि यस कानुनले सूचना दिनुपर्ने दायित्व भित्रका सार्वजनिक निकायका रुपमा व्यवस्था गरेको छ । त्यसैगरी गैरसरकारी संघसंस्थाहरू पनि सूचनाको पहूँचभन्दा बाहिर जान सक्दैनन् भन्ने मान्यता आयोगले स्थापित गरि सकेको छ ।

खासगरी सूचनाको हकको प्रचलन र प्रयोगका लागि बढी उत्तरदायित्व भएका देशको केन्द्रीय प्रशासनिक निकायहरूको अवस्थाको अध्ययनका लागि यो अडिट गरिएको हो । खासगरी देशमा सूचनाको हकसम्वन्धी ऐन जारी भएपछि यसलाई देशव्यापी बनाउने, यो कानुन पत्रकारका लागिमात्र नभई मूलतः जनताका लागि हो र यसबाट जनताले अधिकार मात्र प्राप्त गर्दैनन् उनीहरूको अवसरको पनि प्राप्ति हुन्छ भन्ने हिसाबले जनता जगाउने कामका लागि यसको जानकारीको अभियानलाई जनताको घर आँगनसम्मै पुऱ्याउने काम देशको प्रशासनिक निकाय र राजनीतिक नेतृत्वले गर्नुपर्ने महत्वको बोध निकै कम भएको गुनासो अहिले पनि सुन्ने गरिन्छ । सूचना अधिकारकर्मीहरूका सभा सम्मेलन, सूचनाग्राहीका अभियानहरू तथा नागरिक समाजको क्षेत्रका व्यक्तिहरूका गोष्ठी आदिमा पनि सरकारी निकायले नै सूचना दिएनन् भन्ने गुनासो आउँछ । यसका कारण पनि सूचना दिने तथा आफ्नो मातहतका निकायलाई समेत यस कार्यका लागि बढी प्रतिवद्ध बनाउने दायित्वका निकाय मन्त्रालय र केन्द्रीय निकायहरूकै अवस्थाको बारेमा यो अडिट केन्द्रित गरिएको छ ।

यस अध्ययनले विशेषतः नेपाल सरकारको केन्द्रीय प्रशासनिक निकायका रूपमा रहेका मन्त्रालयहरूमा सूचनाको हकसम्वन्धी कानुनको बुझाई र यसप्रतिको व्यवहारको मापन गर्ने प्रयास गरेको छ । ती निकायका पदाधिकारीमा सूचनाको हकसम्वन्धी ऐनको बुझाई के छ र उनीहरूले सूचनाको हकसम्वन्धी ऐन बमोजिम सूचना दिने प्रयोजनका लागि सूचना अधिकारी नै राखेका छन् कि छैनन् या सूचनालाई उनीहरूले सूचना दिने कामलाई दायित्वका रुपमा लिएका छन् या बोझ ठानेका छन् भन्नेसम्मको तथ्य र मनोवैज्ञानिक स्थिति बुझ्ने काम पनि यस अध्ययनले गरेको छ । यसरी यही प्रयोजनका लागि राष्ट्रिय सूचना आयोगद्धारा गरिएको यो तेस्रो बृहत खोजी हो ।

१.२ आरटीआई अडिट

सामान्यतया अडिट भनेको तोकिएको समयमा तोकिएको निकायले सम्पादन गरेको कार्यको लेखाजोखा, मूल्यांकन, अनुगमन वा निरीक्षण गर्ने कार्य हो । यस्तो अडिट सरकारी वा गैरसरकारी दुवै क्षेत्रको हुने गर्दछ । बजेट वा आर्थिक हिसाबकिताबको अडिट महालेखा परीक्षकको कार्यालयले गर्ने गर्दछ भने अन्य कार्यक्रम वा योजनाहरूको अडिट तालुक कार्यालय वा राष्ट्रिय योजना आयोगले पनि गर्दछ । पछिल्ला दिनहरूमा यस्तो अडिटको काम सामाजिक वा गैरसरकारी संघसंस्थाहरूले गरिरहेका छन् । सरकारी कामकारवाहीहरूलाई त्यसका सरोकारवाला वा उपभोक्ताहरूबाट अनुमोदन गराउने वा सार्वजनिक सुनुवाईका माध्यमबाट जनसहभागिता अभिवृद्धि गर्ने गरी यस्तो अडिट गरिएको पाइन्छ । यसलाई आजभोलि चलनचल्तीमा सामाजिक लेखापरीक्षण (Social Audit) भन्ने गरिन्छ । अर्कातर्फ प्रस्तावित वा सञ्चालित कार्यक्रमहरू वा बजेटका बारेमा गरिने अडिट जस्तै लैंगिक बजेट, गरिबमुखी बजेट, वातावरणमैत्री बजेट वा कार्यक्रम पनि यसमा पर्दछन् ।

यस्तै अडिटको प्रचलनमा पछिल्लो समयमा संसारमा प्रचलनमा ल्याइएको अर्को प्रक्रिया हो आरटीआई अडिट । सूचनाको हकसम्वन्धी ऐनको कार्यान्वयन र प्रयोगका बारेमा यस्तो अडिट गरिन्छ । यो ऐन मुलतः सार्वजनिक निकायका काम कारवाहीहरूमा सुशासन कायम गर्नेतर्फ एक महत्वपूर्ण औजार हो । अनियमितता रोक्ने, भ्रट्राचार नियन्त्रण गर्ने, विकृति र विसंगतिलाई उजागर गरी पारदर्शिता प्रवर्द्धन गर्ने तथा शासकहरूलाई जनताप्रति उत्तरदायी बनाउने हतियारका रुपमा संसारमा सूचनाको हकको प्रचलन गर्ने गरिएको छ । यसरी सूचनाको हकको प्रयोग र प्रचलनका तौरतरिकाको खोजी गरी यी कार्यहरूमा सूचनाको हकको प्रयोग या कार्यान्वयन भए नभएको बारेको मापन गर्ने कार्यलाई नै आरटीआई अडिट भनिएको छ ।

आरटीआई अडिटका प्रचलनमा रहेका संसारका विभिन्न स्वरुपहरूमध्ये बढी प्रचलन यसको प्रयोग के कस्तो काममा गरियो र यसको कार्यान्वयनको अवस्था कस्तो छ भन्नेमा नै बढी गर्ने गरिएको छ । सूचनाको हकसम्वन्धी ऐनको प्रयोग कुन रुपमा भयो अथवा कति सक्रिय रुपमा यस कानुनलाई प्रयोग मा ल्याइयो भन्ने विषयमा केन्द्रित यस अडिटले सूचनाका मागकर्ता र उनीहरूको संख्या समेत खोज्ने गर्दछ । सूचनाको माग कस्तो देखियो, कति मानिसले यसको प्रयोग गरेर सूचना मागे र के कति पाए भन्ने बारेमा खोजी गर्ने गर्छ । यसरी गरिएका मागका बारेमा पनि अझ सुक्ष्म रुपमा खोज्न सकिन्छ । सूचना माग्ने काम महिला या पुरुष, कुन जातिका मानिस, कुन उमेर समूह वा वर्ग तथा कुन पेशा वा धर्मका मानिसले बढी या कम सूचना मागे आदि भन्नेजस्ता विभिन्न कोणबाट खोज्न सकिन्छ । यस्तो विधिबाट तथ्यांक संकलन गर्ने गरिन्छ ।

आरटीआई अडिटको प्रचलन सूचनाको हकसम्वन्धी ऐनको प्रयोगको प्रयोजनमा गर्ने गरिएको पाइन्छ । यो कानुन के प्रयोजनका लागि बढी प्रयोगमा ल्याइएको छ भन्ने विषयको खोजी यस अन्तर्गत पर्दछ । मानिसले आफ्नो व्यक्तिगत प्रयोजनमा सूचनाको हक प्रयोग गरे वा सार्वजनिक हित तथा भ्रष्टाचार विरुद्धमा भन्ने विषयमा यसमा खोजीनिती गर्ने गरिन्छ । नागरिकले आफ्नो अधिकारको प्रयोगको प्रयोजनमा मात्र गरे कि पेशागत आफ्नो अप्ठेरो सल्टाउने काममा भन्ने बारेका विभिन्न प्रयोजन र प्रकृतिहरू यसमा हेरिन्छ । यस अन्तर्गत सूचनाको हकसम्वन्धी ऐनको प्रयोगको प्रयोजन वा उद्देश्य खोज्ने काम गरिन्छ ।

त्यसैगरी कुनै पनि देशका सञ्चारमाध्यमले यस ऐनको बारेमा के कसरी कभरेज गरे अथवा यस बारेको समाचार कसरी दिए भन्ने पक्षको खोजी हो । सूचनाको हकको विषयलाई मिडियाले 'प्रो एक्टिभ' प्रयोग अर्थात ऐनको बढीभन्दा बढी प्रयोगका लागि जनता जगाउने पक्षमा समाचारको कभरेज दिएका छन् कि घटनाप्रद समाचार मात्र दिएका छन् भन्ने विषयमा बढी खोज्ने गरिन्छ । ऐनको प्रचार प्रसारमा मिडियाले समाचार दिए वा नागरिकले सूचनाको हकको प्रयोग गरेर भेटेका तथ्यहरूलाई समाचारमा दिने काम गरे अथवा समाचार बन्ने घटनाको मात्र समाचार बनाए भनेर पनि अडिट गर्ने गरिन्छ । अथवा मिडियाले नै समाचारको प्रयोजनमा यो ऐनको प्रयोग गरी सूचना माग्ने काम गरे कि भनेर पनि यसै अन्तर्गत अनुसन्धान गर्ने गरिन्छ । त्यस्तै मिडियाले आरटीआइको समाचार कहाँ दिए भनेर पनि छापिएका सामग्रीको अध्ययन (content analysis) गर्न सकिन्छ । समाचारले अखबारको प्रमुख समाचारको स्थान ग्रहण गर्न सक्यो या सकेन, बाहिरी पेजमा मात्र आयो कि वा सम्पादकीय, लेख वा आलेखका रुपमा आयो भन्ने विषयमा खोजी गरिन्छ । अनुसन्धानमूलक वा खोजमूलक समाचारका लागि यो ऐनको प्रयोग गरिएको छ या छैन भन्ने बारेमा पनि यसमा खोज्न

सकिन्छ । यसका लागि निश्चित अवधिका दैनिक वा साप्ताहिक पत्रिका, टिभी, रेडियो अथवा अनलाइन पत्रिकालाई नै पनि लिन सकिन्छ । त्यस अवधिका सञ्चारमाध्यमले सूचनाको हकसम्वन्धी ऐनको प्रयोग के कसरी गरेका छन् र यस विषयको समाचार कसरी दिएका छन् भनेर खोजी गर्ने गरिन्छ ।

आरटीआई अडिटको प्रचलनमा पछिल्लो उदाहरण क्यानाडामा मुख्यालय रहेको सेन्टर फर ल एण्ड डेमेक्रेसीको सूचनाको हकसम्वन्धी विश्वव्यापी अडिटलाई लिन सकिन्छ । यसमा विश्वका १२३ देशको कानुनी व्यवस्थाको बारेमा अडिट गरिएको छ । सूचनाको हकसम्वन्धी छुट्टै कानुनको व्यवस्था रहेका विश्वका १२३ देशमा सूचनाको हकसम्वन्धी कानुनी व्यवस्थाको विषयमा यो अडिट केन्द्रित रहेको छ । यसले पनि अडिटकै विधि र सूचकको मापनका आधारमा ती कानुनको तुलनात्मक अध्ययन गरेको छ ।

यसका लागि विभिन्न ६१ वटा सूचक तयार पारिएको छ र तिनलाई सात वटा मुख्य मुख्य खण्डमा राखी मापन गरिएको छ । सूचनामा नागरिकको पहूँच, यस कानुनको क्षेत्र, सूचना मागका लागि मागपक्षको सूचना मागको प्रक्रिया, अपवाद र यसका दायरा तथा सूचना नदिने अवस्थाहरू, पुनरावेदन, सूचना दिने विधि, सूचनादाताको संरक्षण र सूचनाको हकसम्वन्धी नागरिक अधिकारका लागि आवश्यक पर्ने प्रवर्धनात्मक उपायहरू गरी खण्डगत मापदण्डहरू तय गरिएको छ । ती मापदण्डमा प्राप्त हुने नम्वरलाई १५० पूर्णांकमा बाँडिएको छ । यसरी प्राप्त भएको अंकको आधारमा देशहरूको सूची तयार गरी विश्व वरियता तोकिएको छ र देशहरूलाई १ देखि १२३ औँ स्थानमा राखिएको छ । यो सूचकांकका आधारमा नेपाल १२३ देशमध्ये २२ औँ स्थानमा परेको छ ।

नेपालमा पनि आरटिआई अडिटको प्रचलन विसं २०७३ बाट राष्ट्रिय सूचना आयोगले पहिलो पटक शुरु गरेको हो । त्यसवर्ष नेपालका सबै (३१) वटा मन्त्रालय र तिनका केन्द्रीय स्तरका निकाय र बिभागमा सूचनाको हकसम्वन्धी ऐनको कानुनको कार्यान्वयनको अवस्थाका बारेमा अडिट गरिएको थियो । ती मन्त्रालय केन्द्रीयस्तरका निकाय एंव विभागका लागि २० वटा प्रश्न तयार गरी तिनै मन्त्रालयमा सचिवमा कार्यरत रही सेवानिवृत्त भएका व्यक्तित्वलाई यस अडिटको सर्वेक्षकका राखिएको थियो । उहाँहरूले संकलन गरेको तथ्यांक र वस्तुस्थितिलाई पछि सूचनाको हकसम्वन्धी विज्ञमार्फत विश्लेषण गरी पुस्तकका रुपमा प्रकाशन गरिएको थियो । पूर्णांक १०० मा यसको मापन गरिएको थियो र कतिपय मन्त्रालयले पूर्णांक पनि प्राप्त गरेका थिए । त्यसपछि पनि यो कामले निरन्तरता पाएको छ । अघिल्लो वर्ष अर्थात् विसं २०७४ को यस्तै अडिट अडिटमा नेपालका दैनिक पत्रिकाका सम्पादक, नेपाल पत्रकार महासंघका पूर्व अध्यक्षहरू र पत्रकारिताको क्षेत्रमा विशिष्ट पहिचान बनाएका व्यक्तित्वहरू हुनुहुन्थ्यो । यो तेस्रो पटकको अडिट हो । यसवर्ष पनि नेपालका सबै २१ ओटै मन्त्रालय केन्द्रीयस्तरका निकाय र विभागहरूमा आरटिआई अडिट गरिएको छ ।

१.३ अध्ययन विधि

यस अध्ययनमा तथ्याङ्क संकलनका लागि अंक सहितको संख्यात्मक प्रश्नावली विधि (Quantitative Questionnaire Method) प्रयोग गरिएको छ (**अनुसूची १**) । तथ्यांक संकलकका रुपमा आयोगका पूर्व सचिव र सूचनाको हकका अभियन्ताहरू रहनुभएको छ । तथ्याङ्क संकलकले पहिले नै सेट गरिएका प्रश्नहरूमार्फत तथ्याङ्क संकलनको काम गर्नुभएको छ । उहाँहरूलाई राष्ट्रिय सूचना आयोगद्वारा तयार गरिएका १० वटा प्रश्नावलीको सेट दिइएको छ । संकलकहरूले प्रत्यक्ष एवम् स्थलगत अध्ययन गरी तथ्याङ्क संकलन गर्नुभएको छ । सबै मन्त्रालय र मातहतका विभागलाई एकैखाले प्रश्न तयार गरिएको छ । हरेक प्रश्नमा वहु रोजाई (Multiple Option) दिइएको छ ।

सर्वेक्षणमा १० ओटा प्रश्न सोधिएको छ । प्राप्त उत्तरलाई वैज्ञानिक बनाउन विश्लेषणका लागि निम्न बमोजिम तीन वर्गमा वर्गीकृत गरी प्राप्तांकको विश्लेषण गरिएको छ :

- सोधिएका प्रश्नको पूर्ण उपलब्धि भएको – ६ देखि १० अंक
- सोधिएका प्रश्नको आंशिक उपलब्धि भएको – १ देखि ५ अंक
- सोधिएका प्रश्नको उपलब्धि हासिल नभएको – ० अंक

प्राप्त अंकका आधारमा तथ्याङ्कको प्रस्तुति र विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा तिनै प्राप्ताँकको अवस्था र प्रकृतिको व्याख्या गरिएको छ । कुन मन्त्रालय वा विभागले के कति अंक पाए भनेर संख्यात्मक गणना (Quantitative)

विधिबाट प्राप्त तथ्याङ्कको प्रस्तुति र विश्लेषण गरिएको छ । यस अध्ययनको क्षेत्र मुख्यत नेपालका सबै २१ वटै मन्त्रालय, केन्द्रीय निकाय र ती मन्त्रालय अन्तर्गतका केही केन्द्रीय विभागहरू हुन् ।

१.४ अध्ययनको औचित्य

नेपालमा सूचनाको हकसम्वन्धी ऐन कार्यान्वयनमा आएको ११ बर्ष पूरा भइसकेको छ । यसबीचमा यस ऐनको कार्यान्वयनका पक्षमा गरिएका समीक्षाहरूको मूल्याङ्कन गर्दा कार्यान्वयनको अवस्था अपेक्षाअनुसार नभएको भन्ने सुन्ने गरिएको छ । यी गुनासाहरूका बीच यो कानुनको कार्यान्वयनमा तदारुकता र उत्प्रेरणा जागृत होस भनेर अध्ययन गरिएको हो । देशको केन्द्रीय प्रशासनिक निकायमा गरिएको यस अध्ययनबाट मुलुकका सरकारी निकायमा यस कानुनप्रतिको व्यवहार र प्रचलनको सामान्य अवस्था बाहिर आउने र त्यस क्रममा देखिएका सफलता र असफलतालाई सूचना प्राप्तिको अभियानमा नै देशव्यापी रूपमा प्रयोग गर्न पाइने अवस्था अध्ययनले उपलब्ध गराउँछ । साथै, सूचनाको हकसम्वन्धी कानुन के कसरी पालना र प्रचलन गरिएको छ भन्ने अवस्था बुझ्न यसले सहयोग गरेको छ ।

यतिखेर मुलुक संघीय संरचनामा गएको छ । देशमा संघीय, प्रादेशिक र स्थानीय सरकार छ । संघीय, प्रदेश र स्थानीय तहमा निर्वाचित र बलियो संरचना छ । त्यसैले पनि संघीय सरकारमा गरिने अनुसन्धानका यी कार्यहरू अरु प्रदेश र स्थानीय सरकारसम्म पनि पुग्नु जरुरी देखिन्छ । यसका कारण पनि यसअघिका आरटिआई अडिटको तुलनामा यो र आगामी वर्षमा गरिने अडिटहरूको औचित्य झन बढेको महसुश भएको छ ।

१.५ अध्ययनका सीमाहरू

यस अडिटमा नेपाल सरकारका २१ वटा मन्त्रालय र यस अन्तर्गतका केही केन्द्रीय स्तरका निकाय र विभागमा तथ्यांक संकलन गरिएको छ । ती मन्त्रालय, केन्द्रीय निकाय र विभागका लागि १० वटा पहिल्यै तयार पारिएका प्रश्न (Structural Question) सोधिएको छ र ती प्रश्नका लागि तोकिएको नम्वर दिइएको छ । यसरी संकलित तथ्यांकका आधारमा तथ्य प्रस्तुत गरिएको छ । तथ्यांक संकलकमा आयोगका पूर्व सचिव, सूचनाको हकका अभियन्ताहरू रहनुभएको छ । उहाँहरूले स्थलगत रुपमा तथ्यांक संकलन गर्नुभएको छ । उहाँहरूले संकलन गर्नुभएको तथ्यांकको आधारमा नै प्रत्येक प्रश्नमा नम्वर दिनुभएको छ र यसरी प्राप्त भएको नम्वरको योग हेर्दा कुनै मन्त्रालयले पूर्णांक नै पनि प्राप्त गरेका छन् । साथै उहाँहरूले मन्त्रालयगत रुपमा संकलन गर्नुभएको तथ्यांक र दिनुभएका सुझावहरूलाई यहाँ प्रस्तुत गरिएको छ । यसैगरी मन्त्रालयगत रुपमा एवम् समग्रमा प्राप्त निष्कर्ष पनि उहाँहरूले नै निकालेको निष्कर्ष हो । यसरी प्राप्त नम्वर, यस अध्ययनको निष्कर्ष र तथ्यांक संकलनको सुझावमा समेत राष्ट्रिय सूचना आयोगको संलग्नता छैन । यो नै यस अध्ययनको मुख्य सीमा हो । यस अध्ययनको अन्तिममा दिइएको 'राष्ट्रिय सूचना आयोगको सुझाव' शीर्षकका सुझावमा मात्र आयोगको आफ्नो भनाई छ । अध्ययनबाट निस्किएको निष्कर्ष र सुझावहरूबाट आगामी दिनमा थप मार्गदर्शन प्राप्त गर्न सहयोग पुगोस भनेर आयोगले आफ्नो सुझाव राखेको हो ।

१.६ सर्वेक्षणमा समेटिएका मन्त्रालयहरू

नेपाल सरकारका मन्त्रालयहरूले सूचनाको हक कार्यान्वयनका सन्दर्भमा २१ वटा मन्त्रालयको अध्ययन गरिएको थियो । साथै, मन्त्रालय मातहतका कतिपय केन्द्रीय निकायहरूबाट सूचनाको हकका सन्दर्भमा भए गरेका कार्यहरूको सूची र प्राप्त अंक समेटिएको छ । सर्वेक्षणमा समेटिएका मन्त्रालयहरूको नाम **अनुसूची २** मा दिइएको छ ।

१.७ अध्ययनको नतिजा

सर्वेक्षणका सूचकहरूको गणनालाई कूल १०० पूर्णाङ्क मानी सूचना परीक्षणको अवस्था अध्ययन गरिएको छ । अध्ययनमा समेटिएका मुलुकका कूल २१ वटा मन्त्रालयमध्ये अर्थ मन्त्रालयले मात्र पूर्णाङ्क (१०० अंक) अर्थात् शतप्रतिशत अंक प्राप्त गरेको छ । सबैभन्दा न्यून ५२ अंक ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले प्राप्त गरेको छ ।

जनतासँग प्रत्यक्ष जोडिएका आमसरोकारका धेरै मन्त्रालयको सूचना प्रवाहको अवस्था नाजुक देखिन्छ । सूचना सार्वजनिक गरेको आधारमा पूर्ण अंक पाएका मन्त्रालयहरूले पनि बजेट अभावमा नियमित किसिमबाट राष्ट्रिय स्तरका पत्रपत्रिकामा मन्त्रालयहरूका कार्यसम्पादन विवरण सार्वजनिक गरेको पाइन्न । त्यसैगरी सूचना सार्वजनिक गर्ने क्रममा अधिकांश मन्त्रालयले वेबसाइटको सहारा लिएको पनि पाइएको छ ।

सूचना प्रवाहको तीन वर्षको तुलनात्मक स्थिति

क्र.सं.	अंक प्राप्तिको विवरण	मन्त्रालयको संख्या		
		२०७३	२०७४	२०७५
१.	५० वा सोभन्दा कम अंक प्राप्त गर्ने	२	-	-
२.	५१ देखि ६० अंक	-	३	३
३.	६१ देखि ७० अंक	४	५	-
४.	७१ देखि ८० अंक	६	४	१
५.	८१ देखि ९० अंक	९	११	१२
६.	९१ देखि १०० अंक	१०	८	५
	मन्त्रालयको कूल संख्या	**३१**	**३१**	**२१**

मन्त्रालयहरूले प्राप्त गरेको अंकको तुलनात्मक अवस्था

क्र.सं.	मन्त्रालयहरूको नाम	कूल अंक
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	६०
२	अर्थ मन्त्रालय	१००
३	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	९२
४	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	५२
५	कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय	८९
६	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	९४
७	खानेपानी मन्त्रालय	९०
८	गृह मन्त्रालय	८६
९	परराष्ट्र मन्त्रालय	८५
१०	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	७५
११	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	५९
१२	युवा तथा खेलकुद मन्त्रालय	८९
१३	रक्षा मन्त्रालय	८५
१४	वन तथा वातावरण मन्त्रालय	९०
१५	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	८९
१६	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	९४
१७	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	९०
१८	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	८२
१९	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	९२
२०	सहरी विकास मन्त्रालय	८४
२१	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	८७

मन्त्रालयहरूको विस्तृत सूचकाँक अनुसूची - ५ मा दिइएको छ।

अध्याय २ : सूचकाङ्कको मन्त्रालयगत तुलनात्मक अध्ययन

राष्ट्रिय सूचना आयोगले तयार पारेको १० वटा सूचकाङ्क वा प्रश्नावलीका आधारमा २१ वटा मन्त्रालयहरूको समष्टीगत तुलनात्मक अवस्था यस खण्डमा विश्लेषण गरिएको छ ।

२.१ सूचना अधिकारी

सबै मन्त्रालयमा सूचना अधिकारीको व्यवस्था गरिएको अध्ययनले देखाएको छ । मन्त्रालयका सूचना अधिकारीहरूले सीमित स्रोत साधन र जिम्मेवारीका बावजूद माग गरिएका सूचना उपलब्ध गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । अध्ययनका क्रममा निम्न मन्त्रालयमा सूचना अधिकारीको व्यवस्था गरिएको छ :

सूचना अधिकारीको व्यवस्था गरिएका मन्त्रालयहरू

क्र.सं.	मन्त्रालयहरुको नाम
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२	अर्थ मन्त्रालय
३	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
४	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
५	कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय
६	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
७	खानेपानी मन्त्रालय
८	गृह मन्त्रालय
९	परराष्ट्र मन्त्रालय
१०	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
११	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
१२	युवा तथा खेलकुद मन्त्रालय
१३	रक्षा मन्त्रालय
१४	वन तथा वातावरण मन्त्रालय
१५	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
१६	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
१७	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
१८	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
१९	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
२०	सहरी विकास मन्त्रालय
२१	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

२.२ स्वतः प्रकाशन

सूचनाको हकसम्वन्धी ऐन २०६४ को दफा ५ मा सार्वजनिक निकायहरूले आ-आफ्नो निकायसँग सम्वन्धित सूचना हरेक ३,३ महिनामा अर्थात् वर्षको चार पटक सार्वजनिक गर्नुपर्ने प्रावधान छ । अध्ययनमा समेटिएका २१ वटा मन्त्रालयहरू मध्ये सूचना सार्वजनिक नगर्ने मन्त्रालयको संख्या १, आंशिक रुपमा सूचना सार्वजनिक गर्ने २ र नियमित रूपमा सूचना प्रकाशन गर्ने मन्त्रालयको संख्या १८ रहेको छ। खासगरी, मन्त्रालयहरूले चौमासिक प्रगति विवरण अर्थात् वर्षको तीन पटक सार्वजनिक गर्न रुचि देखाएको अध्ययनले देखाएको छ।

नगर्ने (शून्य अंक)	आंशिक प्रकाशन गर्ने मन्त्रालयहरू (१ देखि ५ अंक)	नियमित रूपमा सूचना प्रकाशन गर्ने मन्त्रालयहरू (६ देखि १० अंक)
❖ ऊर्जा, जलस्रोत तथा सिंचाई	❖ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ❖ वन तथा वातावरण मन्त्रालय	❖ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ❖ अर्थ मन्त्रालय ❖ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ❖ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ❖ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ❖ खानेपानी मन्त्रालय ❖ गृह मन्त्रालय ❖ परराष्ट्र मन्त्रालय ❖ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ❖ युवा तथा खेलकुद मन्त्रालय ❖ रक्षा मन्त्रालय ❖ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ❖ सहरी विकास मन्त्रालय ❖ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ❖ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ❖ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ❖ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ❖ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
१	२	१८

२.३ सूचना मागको दर्ता किताब

सूचनाको हकसम्वन्धी ऐनमा माग गरिएको सूचनाको निवेदन अनिवार्य रूपमा दर्ता गर्नुपर्ने र त्यसका लागि अलग दर्ता किताब खडा गर्नुपर्ने प्रावधान छ। सर्वेक्षणले २१ वटै मन्त्रालयले **सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल पूर्ण रुपमा खडा गरेको** देखाएको छ।

सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल पूर्ण रुपमा खडा गर्ने मन्त्रालयहरू (६ देखि १० अंक प्राप्त गर्नेहरू)
❖ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ❖ अर्थ मन्त्रालय ❖ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ❖ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ❖ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ❖ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ❖ खानेपानी मन्त्रालय ❖ गृह मन्त्रालय ❖ परराष्ट्र मन्त्रालय ❖ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ❖ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ❖ युवा तथा खेलकुद मन्त्रालय ❖ रक्षा मन्त्रालय ❖ वन तथा वातावरण मन्त्रालय ❖ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ❖ सहरी विकास मन्त्रालय ❖ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ❖ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ❖ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ❖ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ❖ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

२.४ सूचना माग र प्रवाहको तथ्याँक संग्रह

सूचनाको हकको कार्यान्वयनमा कुनै पनि कार्यालय, विभाग वा मन्त्रालयमा रहेका सूचना एवं जानकारीको संग्रह र त्यसको सहज प्रवाह महत्वपूर्ण पक्ष हो । कार्यालयका प्रमुख एवं सूचना अधिकारीहरूको सक्रियताले मात्र सूचनामा आमजनताको सहज पहुँच प्राप्त हुन सक्दछ, र सूचना मागकर्ताले पनि सहजता महसुस गर्न सक्छन् । सर्वेक्षणमा सूचना अधिकारी वा शाखा, महाशाखाले मन्त्रालय र मातहत सूचनाको हकको क्षेत्रमा भैरहेका गतिविधिलाई एकीकृत गर्ने, निर्देशन गर्ने, मन्त्रालय र मातहत निकायमा परेको सूचना माग र प्रवाहको तथ्याँक राख्ने पहल आरम्भ गरे,नगरेको अध्ययन गर्ने जमर्को गरेको थियो । सर्वेक्षणका क्रममा सूचना माग र प्रवाहको तथ्याँक राख्नेतर्फ १७ वटा मन्त्रालयले काम गरेको देखिन्छ भने ४ वटा मन्त्रालयको स्थिति आंशिक रहेको छ ।

नरहेको	आंशिक प्रतिवद्धता रहेको मन्त्रालय (१ देखि ५ अंक)	पूरै प्रतिवद्धता रहेका मन्त्रालयहरू (६ देखि १० अंक)
	❖ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ❖ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ❖ परराष्ट्र मन्त्रालय ❖ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	❖ अर्थ मन्त्रालय ❖ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ❖ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ❖ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ❖ खानेपानी मन्त्रालय ❖ गृह मन्त्रालय ❖ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ❖ युवा तथा खेलकुद मन्त्रालय ❖ रक्षा मन्त्रालय ❖ वन तथा वातावरण मन्त्रालय ❖ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ❖ सहरी विकास मन्त्रालय ❖ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ❖ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ❖ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ❖ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ❖ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
	४	१७

२.५ सूचना सम्वन्धी सन्देशमूलक जानकारीको व्यवस्था

सूचना अधिकारी र सूचना प्राप्त हुने तरिका बारे जानकारीहरू मन्त्रालय तथा मातहतका केन्द्रीय निकायहरूमा गरिए पनि ती कहाँ, कहिले र कसरी भेटिन्छन् वा पाइन्छन् भन्ने प्रश्न मुख्य हो । मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारीको बोर्ड स्पष्ट देखिने ठाउँमा राखिनु आवश्यक छ । सर्वेक्षणमा सूचना अधिकारीको बोर्ड राखे,नराखेको, सूचना शाखा,महाशाखाको पहिचान हुने व्यवस्था गरे,नगरेको, सूचनाको हक झल्किने कुनै सन्देशमुलक होर्डिङ बोर्ड राखे,नराखेको भन्ने अध्ययन गरिएको थियो । सर्वेक्षणमा २ वटा मन्त्रालयले यस्तो प्रावधानको आंशिक व्यवस्था गरेको र १९ वटा मन्त्रालयले प्रतिवद्धताहरू पूरा गरेको पाइएको छ ।

नरहेको	आंशिक प्रतिवद्धता रहेको मन्त्रालय (१ देखि ५ अंक)	पूरै प्रतिवद्धता रहेका मन्त्रालयहरू (६ देखि १० अंक)
	❖ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ❖ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	❖ अर्थ मन्त्रालय ❖ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ❖ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ❖ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ❖ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ❖ खानेपानी मन्त्रालय ❖ गृह मन्त्रालय ❖ परराष्ट्र मन्त्रालय ❖ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ❖ युवा तथा खेलकुद मन्त्रालय ❖ रक्षा मन्त्रालय ❖ वन तथा वातावरण मन्त्रालय ❖ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ❖ सहरी विकास मन्त्रालय ❖ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ❖ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ❖ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ❖ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ❖ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
	२	१९

२.६ वेवसाइटमा सूचना अधिकारीको विवरण

सूचना प्रवाहको सशक्त माध्यमको रुपमा आजभोलि वेबसाइटहरू अघि आएका छन् । आम सर्वसाधारणदेखि विज्ञहरू, शोधार्थीहरू र जिज्ञासुहरू सूचना र जानकारी खोजी गर्न मन्त्रालय र विभाग एवं कार्यालयका वेबसाइटहरू नियाल्ने गर्दछन् । सरकारी निकायहरूले आफूसँग भएका सूचनाहरू त्यस्ता वेवसाइटमा राखेर सार्वजनिक गर्न सक्छन् जुन तत्क्षण विश्वव्यापी हुन सक्दछ । सर्वेक्षणमा मन्त्रालयको वेवसाइटमा सूचना अधिकारीको विवरण र स्वतः प्रकाशन गरे नगरेको विषयमा खोजी गरिएको थियो । मूल्याँकनमा आंशिक व्यवस्था गर्ने मन्त्रालयहरू एक वटा र पूर्ण विवरण राख्ने मन्त्रालयहरूको संख्या २० रहेको छ ।

अद्यावधिक नगरेका, स्वतः प्रकाशन नगरेका मन्त्रालयहरू	आंशिक व्यवस्था गर्ने मन्त्रालयहरू (१ देखि ५ अंक)	पूर्ण विवरण राख्ने मन्त्रालयहरू (६ देखि १० अंक)
-	❖ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	❖ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ❖ अर्थ मन्त्रालय ❖ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ❖ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ❖ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ❖ खानेपानी मन्त्रालय ❖ गृह मन्त्रालय ❖ परराष्ट्र मन्त्रालय ❖ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ❖ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ❖ युवा तथा खेलकुद मन्त्रालय ❖ रक्षा मन्त्रालय ❖ वन तथा वातावरण मन्त्रालय ❖ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ❖ सहरी विकास मन्त्रालय ❖ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ❖ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ❖ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ❖ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ❖ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ❖ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
-	१	२०

२.७ वेवसाइट अद्यावधिक रहेको

वेवसाइट स्थापना गरेर मात्र हुँदैन, त्यसमा सूचना र जानकारी अद्यावधिक गरिरहनु आवश्यक हुन्छ। आकर्षक वेबसाइट, विभिन्न किसिमका सूचना र जानकारी तथा ताजा खबरहरू यसका पूर्वशर्त हुन् । सबैले सहजै वेवसाइटमा जानकारी प्राप्त गर्ने र डाउनलोड गर्न सक्ने अवस्था पनि हुनु पर्दछ । सर्वेक्षणमा वेवसाइट पूर्ण रुपमा २१ वटै मन्त्रालयले अद्यावधिक गरेको देखिएको छ ।

वेवसाइट पूर्ण अद्यावधिक गर्ने मन्त्रालयहरू (६ देखि १० अंक)
❖ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ❖ अर्थ मन्त्रालय ❖ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ❖ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ❖ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ❖ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ❖ खानेपानी मन्त्रालय ❖ गृह मन्त्रालय ❖ परराष्ट्र मन्त्रालय ❖ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ❖ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ❖ युवा तथा खेलकुद मन्त्रालय ❖ रक्षा मन्त्रालय ❖ वन तथा वातावरण मन्त्रालय ❖ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ❖ सहरी विकास मन्त्रालय ❖ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ❖ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ❖ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ❖ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ❖ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

२.८ सूचना प्रवाहमा अग्रसरता

सूचनाको हकको प्रचलन अन्तर्गत सूचना प्रवाह एक महत्वपूर्ण कार्य हो । स्वसक्रियतापूर्वक (Proactive) प्रकाशन गरिने त्यस्तो सूचना प्रवाहले आमजनतालाई सुसूचित गर्न मद्दत गर्दछ जसबाट सुशासन प्रवर्द्धनमा योगदान पुग्दछ । मन्त्रालय र मातहतका निकायको अग्रसरताले सूचनाको हकको प्रयोगमा प्रभावकारिता आउने र जनताले सहज रूपमा सूचना प्राप्त गर्ने हुन्छन् । सर्वेक्षणमा सूचना प्रवाहमा मन्त्रालय अग्रसर भए नभएको, नियमित रुपमा मिट द प्रेस गरे नगरेको, सूचनापाटी व्यवस्थित भए नभएको, उजुरीपेटीका भए नभएको, गुनासो व्यवस्था गरे नगरेको लगायतका समष्टीगत स्थितिको मूल्याँकन गरिएको थियो । सर्वेक्षणले सूचना प्रवाहमा धेरै मन्त्रालयले खासै चासो नदेखाएको औंल्याएको छ । सर्वेक्षणमा सूचना प्रवाहमा २१ वटै मन्त्रालयले पूर्ण अग्रसरता देखाएका छन् ।

सूचना प्रवाहमा पूर्ण अग्रसरता देखाउने मन्त्रालयहरू (६ देखि १० अंक)	
❖ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ❖ अर्थ मन्त्रालय ❖ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ❖ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ❖ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ❖ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ❖ खानेपानी मन्त्रालय ❖ गृह मन्त्रालय ❖ परराष्ट्र मन्त्रालय ❖ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ❖ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	❖ युवा तथा खेलकुद मन्त्रालय ❖ रक्षा मन्त्रालय ❖ वन तथा वातावरण मन्त्रालय ❖ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ❖ सहरी विकास मन्त्रालय ❖ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ❖ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ❖ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ❖ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ❖ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

२.५ सूचनाको हकसम्वन्धी तालिम

सूचना अधिकारीहरूलाई तालिमको जरूरी रहेको विभिन्न अध्ययनले देखाइआएका छन् । सूचनाको भण्डारण, प्रशोधन, प्रकाशन लगायतका कानुनी र व्यवस्थापकीय पक्षमा सूचना अधिकारीहरूलाई जानकारी रहनु पर्दछ । सर्वेक्षणमा सूचनाको हकको तालिम, अन्तर्क्रिया, छलफल वा स्वतः अग्रसर भई कुनै काम गरे नगरेको र गर्न चासो वा प्रतिवद्धता भए नभएको सम्बन्धमा समष्टीगत स्थितिको अध्ययन गरिएको थियो । त्यस्तो मूल्याँकनमा ४ वटा मन्त्रालयका सूचना अधिकारीले आंशिक तालिमको पाएका छन् भने १७ वटा मन्त्रालयका सूचना अधिकारीले सूचनाको हकसम्वन्धी तालिम लिएको पाइएको छ ।

तालिम सञ्चालन नभएका मन्त्रालयहरू	आंशिक तालिम सञ्चालन भएका मन्त्रालयहरू (१ देखि ५ अंक)	तालिम सञ्चालन गरेका मन्त्रालयहरू (६ देखि १० अंक)
	❖ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ❖ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ❖ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ❖ रक्षा मन्त्रालय	❖ अर्थ मन्त्रालय ❖ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ❖ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ❖ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ❖ खानेपानी मन्त्रालय ❖ गृह मन्त्रालय ❖ परराष्ट्र मन्त्रालय ❖ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ❖ युवा तथा खेलकुद मन्त्रालय ❖ वन तथा वातावरण मन्त्रालय ❖ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ❖ सहरी विकास मन्त्रालय ❖ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ❖ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ❖ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ❖ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ❖ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
	४	१७

२.१० सूचनाको हकको समष्टीगत मूल्याँकन स्तर

सूचनाको हकसम्वन्धी ऐनले सार्वजनिक निकायको दायित्व तोकेको छ, जसअनुसार सूचनाको हकको सम्मान गर्नु पर्ने, सूचना वर्गीकरण गर्नु पर्ने, विभिन्न राष्ट्रिय भाषामा आफ्ना सामग्री प्रचारप्रसार गर्नु पर्ने, आमसञ्चार माध्यमको उपयोग गर्नु पर्ने लगायतको व्यवस्था छ। सर्वेक्षणमा यी प्रावधानको समष्टीगत मूल्याँकन गरिएको छ। सर्वेक्षणमा रक्षा मन्त्रालयको स्तर सन्तोषजनक रहेको छ भने अन्य २० वटा मन्त्रालयको समष्टीगत स्तर उत्कृष्ट रहेको पाइएको छ।

मूल्याँकन स्तर सामान्य रहेका मन्त्रालयहरू (शून्य अंक प्राप्त गर्ने)	मूल्याँकन स्तर सन्तोषजनक रहेका मन्त्रालयहरू (१ देखि ५ अंक प्राप्त गर्ने)	मूल्याँकन स्तर उत्कृष्ट रहेका मन्त्रालयहरू (६ देखि १० अंक प्राप्त गर्नेहरू)
	❖ रक्षा मन्त्रालय	❖ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ❖ अर्थ मन्त्रालय ❖ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ❖ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ❖ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ❖ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय ❖ खानेपानी मन्त्रालय ❖ गृह मन्त्रालय ❖ परराष्ट्र मन्त्रालय ❖ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ❖ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ❖ युवा तथा खेलकुद मन्त्रालय ❖ वन तथा वातावरण मन्त्रालय ❖ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ❖ सहरी विकास मन्त्रालय ❖ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ❖ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ❖ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ❖ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ❖ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
	१	२०

अध्याय ३: मन्त्रालय र मातहतका निकायहरूको अवस्थाको अध्ययन

३.१ प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय

नेपालको कार्यकारिणीको सबैभन्दा उच्चतम पदसोपानमा रहेको संगठनको रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ । यो कार्यालय नेपालको नीति निर्माण गर्ने सर्वोच्च र केन्द्रीय निकाय हो । यस अतिरिक्त यस कार्यालयले नीतिगत तथा कार्यान्वयनको तहमा आउने विभिन्न समस्याहरू निराकरण गरी विभिन्न निकायहरू बीचमा समन्वयकारी भूमिका समेत निर्वाह गर्दछ । नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार यस कार्यालयले मुख्यतः निम्न कार्यहरू गर्दछ :

१. मन्त्रिपरिषद सम्वन्धी,
२. नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन,
३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
४. नेपाल सरकार मन्त्रिपरिषदको निर्णयको कार्यान्वयन र अनुगमन,
५. नेपाल सरकारका मन्त्रालयको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय,
६. नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याँकन,
७. प्रचलित कानुनबमोजिम प्रमाणिकरण गर्नुपर्ने लिखत,
८. संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्वन्धी,
९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक अवस्था, पूर्वाधार, राष्ट्रिय सुरक्षा, शान्ति सुव्यवस्था, कूटनीतिक गतिविधि, प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी प्राप्ति, निर्देशन र समन्वय,
१०. शासकीय प्रवन्ध, सुशासन प्रवर्द्धन र प्रशासनिक सुधार,
११. द्विपक्षीय तथा बहुपक्षीय सन्धी, सम्झौता, समझदारी र सहमति कार्यान्वयनको अनुगमन,
१२. संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्वन्धी कार्य,
१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार,
१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन,
१५. मानव अधिकारको संरक्षण, प्रवर्द्धन, समन्वय र प्रतिवेदन,
१६. भ्रष्टाचार बिरुद्धको नीति, योजना तथा कार्यान्वयन,
१७. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्वन्धी,
१८. संवैधानिक परिषद,
१९. संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य,
२०. प्रदेश प्रमुखसम्वन्धी,
२१. परराष्ट्र तथा सुरक्षा मामिला,
२२. विषय विज्ञ समूह,
२३. राष्ट्रिय तथा अन्तर प्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन,
२४. प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक भ्रमण सम्वन्धी नीति, कानून र मापदण्ड,

२५. गैरसरकारी संस्थाको नियमनसम्वन्धी मापदण्ड,
२६. भ्रष्टाचार निगरानी, नेपाल ट्रष्ट, राजश्व अनुसन्धान, सम्पत्ति शुद्धिकरण, लगानी बोर्ड, गरिबी निवारण कोष, सार्वजनिक खरिद र राष्ट्रिय पुनर्निर्माण सम्वन्धी निकायहरू र सोसम्वन्धी नीति, कानून र मापदण्ड,
२७. विपद व्यवस्थापनसम्वन्धी समन्वय,
२८. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन,
२९. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन,
३०. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसँग सम्वन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धी, सम्झौता, सम्पर्क र समन्वय,
३१. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसँग सम्वन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन,
३२. नेपाल न्याय सेवाको सरकारी वकील समूहको सञ्चालन,
३३. प्रधानमन्त्री र मन्त्रिपरिषद् सम्वन्धी अरु कार्यहरू,
३४. अवशिष्ट अधिकारको प्रयोग ।

यो कार्यालयको समन्वय र मातहत निम्न केन्द्रीय तहका निकायहरू छन् :

१. नेपाल ट्रष्टको कार्यालय
२. सार्वजनिक खरिद अनुगमन कार्यालय
३. राष्ट्रिय अनुसन्धान विभाग
४. सम्पत्ति शुद्धीकरण विभाग
५. राजश्व अनुसन्धान विभाग
६. राष्ट्रिय योजना आयोग
७. राष्ट्रिय सर्तकता केन्द्र
८. गरिबी निवारण कोष
९. राष्ट्रिय पुननिर्माण प्राधिकरण
१०. लगानी बोर्ड
११. राष्ट्रिय अनुसन्धान विभाग

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थितिः

- सम्परीक्षणमा संलग्न सबै कार्यालयमा सूचना अधिकारी तोकिएका छन् ।
- कतिपय निकायले सम्परीक्षणको पत्र आएपछि हतार हतारमा सूचना अधिकारी तोकिएको पनि भेटियो ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सूचना अधिकारीको नाम, फोटो, कोठा नं आदि बारे सार्वजनिक जानकारी पाइएन । नागरिक बडापत्र पनि देखिएन । सुरक्षाका कारण सर्वसाधारणको पहुँच निकै गाह्रो छ । कुनै निवेदन दर्ता गर्ने ठाउँ समेत सुरक्षा घेराभित्रै रहेकोले समग्र पहुँचको अवस्था चूनौतीपूर्ण देखिन्छ ।
- सूचनाको हकसम्वन्धी विषयमा नियमित रुपमा प्रशिक्षण दिने, छलफल चलाउने, आरटीआई- केन्द्रित बजेट वा कार्यक्रम वार्षिक कार्यक्रममा समावेश गर्ने वा यसबारे अध्ययन, अनुसन्धान र प्रवर्द्धनात्मक क्रियाकलाप समावेश गर्ने अभ्यास प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा देखिएन ।
- राष्ट्रिय सूचना आयोगको आदेश र सो को कार्यान्वयनको स्थिति बारेको जानकारी अभिलेखबद्ध पाइएन । मौखिक रुपमा सो निर्देशन पालना भैरहेको भन्ने जानकारी दिइयो । संस्थागत स्मरण प्रणालीको अभाव खट्कियो । यसैगरी सूचनाको माग, प्रवाह र स्वतः प्रवाहका अभ्यासहरूको पनि अभिलेख राख्ने प्रणाली कमजोर देखियो ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का कार्यालय, मन्त्रिपरिषदको पनि कार्यालय भएकोले मन्त्रिपरिषदका सूचनाहरू तत्काल तर मौखिक रुपमा प्रेसलाई जानकारी दिने प्रचलन रहेको तर मन्त्रिपरिषद्का निर्णयहरू वेवसाइटमा

सार्वजनिक गर्ने काम भने निकै ढिला हुने गरेको देखियो ।

- सूचना प्रवाहबारे र सूचनाको हक कार्यान्वयन बारे अधिकारीहरूमा सकारात्मक सोच रहेको छलफलका क्रममा अनुभव गरियो ।
- यस वर्षको RTI-Audit को समय नेपाल सरकारका कार्यालयहरूको पुर्नसंरचनाको चरण चलीरहेको समयमा नै भएकोले कतिपय निकायहरू पुर्नगठन, एकीकरण र खारेज भैरहेकोले अभ्यासहरू सुचारु हुन समस्या रहेको देखियो । जस्तैः राजश्व अनुसन्धान विभागले तीन-तीन महिनामा गर्नुपर्ने स्वतः सार्वजनिकीकरणको अभ्यास निरन्तर नियमित गर्दै आएकोमा यस वर्षको फागुन पश्चातका सूचना अध्यावधिक र सार्वजनिक गर्न नसकिएको बताइयो ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत नै रहेको सूचनाको हकसम्वन्धी केन्द्रीय समन्वय सममितिको बैठक २०७१/१२/३ पछि बसेको अभिलेख भेटिएन । त्यसपछि पनि बैठक बसेको भनिए पनि 'माइन्युट' भेटिएन ।
- सूचनाको वर्गीकरणका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले केही गृहकार्य अगाडि बढाएको र मन्त्रालयहरूबाट सुझावहरू संकलन गरिरहेको बताइयो ।
- हेलो सरकार, जनतासँग प्रधानमन्त्री टिभी कार्यक्रम तथा अन्य रचनात्मक सूचना प्रवाहका विधिहरू अनुकरणीय छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हकसम्वन्धी केन्द्रीय समन्वय एकाई तथा खुला सरकार प्रवर्द्धनसँग सम्वद्ध जिम्मेवारीहरूलाई " शासकीय सुधार महाशाखा" बाट सम्पादन हुनेगरी जिम्मेवारी बाँडफाँड गरिनु आवश्यक छ ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा "सूचना अधिकारी" सचिव तहकै जिम्मेवार पदाधिकारीलाई तोकिनु उपयुक्त देखिन्छ । आवश्यकता अनुसार सहायक सूचना अधिकारीका रुपमा अन्य अधिकृतहरूलाई जिम्मेवारी दिन सकिन्छ ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आफ्नो जनसम्पर्क कार्यालय सिंहदरबारको सुरक्षा घेरा बाहिर पहुँच हुने स्थानमा राख्न आवश्यक देखिन्छ । र सो कार्यालयमा नै सूचनाको हकसम्वन्धी निवेदन ग्रहण गर्ने व्यवस्था गरिनु पर्दछ ।
- केन्द्रीय समन्वय एकाईको बैठक कम्तिमा ३-३ महिनामा हुनु पर्ने, प्रधानमन्त्री कार्यालयले मासिक रुपमा सबै मन्त्रालयका सूचना अधिकारीहरूको बैठक आयोजना गर्ने तथा कार्यालय सम्वद्ध केन्द्रीय निकाय तथा विभागका सूचना अधिकारीहरूको समन्वय संयन्त्र र नियमित बैठक पनि प्रवन्ध गर्नुपर्ने देखिन्छ ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको स्वतः खुलासा सम्वन्धी सूचनाहरूको प्रकाशन वेबसाइटबाट भैरहेको देखियो । तर त्यस सम्वन्धी सूचनाहरू एउटै मेनुमा छैनन् । विभिन्न प्रतिवेदन र प्रकाशनका सूचीहरूमा छरिएका छन् । तसर्थ स्वस्फूर्त खुलासाको लागि वेवसाइटमा एउटा डेडीकेटेड मेनुमा नै सम्वद्ध निकायको पनि प्रकाशन राख्न सकिन्छ ।
- पारदर्शी, जवाफदेही र उत्तरदायी सरकारको प्रत्याभूति गराउने मुख्य कार्यालय नै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको हुँदा सूचनाको हक प्रतिको राजनीतिक र प्रशासनिक प्रतिवद्धता व्यवहारमा झल्कने गरी सूचनाको हक कार्यान्वयनको नेतृत्व यस कार्यालयले लिनु आवश्यक देखिन्छ ।
- नेपाल सरकारका उच्च तहका पदाधिकारीहरूसँग राष्ट्रिय सूचना आयोगले सूचनाको हकको समान बुझाईको स्थिति सिर्जना गर्ने विशेष रणनीति तर्जुमा गर्न आवश्यक छ । यस काममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको केन्द्रीय समन्वय एकाईको पहलकदमी उपयुक्त हुन सक्दछ ।



३.२ अर्थ मन्त्रालय

मुलुकको वित्तीय तथा मौद्रिक क्षेत्रसँग सम्वन्धित सम्पूर्ण गतिविधिहरूको व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजश्व संकलन समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास, वैदेशिक सहायता व्यवस्थापन, विदेशी विनिमय तथा नेपाल सरकारको अल्पकालीन र दीर्घकालीन खर्च व्यवस्थापन सम्वन्धी कार्यको लागि यो मन्त्रालय स्थापना भएको हो। यस मन्त्रालयबाट हुनेगरी तोकिएका कार्यहरू निम्न बमोजिम छन् :

१. आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्तसम्वन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
२. आर्थिक साधनको बाँडफाँड, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
३. समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्वन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
४. विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याँकन र नियमन,
५. केन्द्रीय बैङ्क सञ्चालन, नियमन र मौद्रिक नीति,
६. बैङ्क तथा वित्तीय संस्थाहरू सम्वन्धी नीति, कानून, समन्वय र नियमन,
७. विदेशी मुद्रा विनिमय तथा नियन्त्रण,
८. आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैंकिङ्ग सम्वन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय,
९. वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्वन्धी अन्तर्राष्ट्रिय सन्धी, सम्झौता र कार्यान्वयन,
१०. संघीय संचित कोष वा संघीय सरकारी कोष सञ्चालन, राजश्व र व्ययको अनुमान, विनियोजन ऐन, पूरक अनुमान, पेस्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अरु सरकारी कोष,
११. बजेट तर्जुमा, कार्यान्वयन र नियमन,
१२. सरकारी जमानत,
१३. संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवं अनुदानसम्वन्धी नीति, कानून र नियमन,
१४. तलब, भत्ता, उपदान, निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्वन्धी विषय,
१५. संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्वन्धी नीति, कानून र मापदण्ड,
१६. सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली,
१७. राजश्वसम्वन्धी नीति, कानून, मापदण्ड योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन,
१८. राजश्व प्रशासनको सञ्चालन र सुदृढीकरण,
१९. सार्वजनिक खर्चसम्वन्धी नीति, कानून, कार्यान्वयन र नियमन,

२०. आर्थिक कार्यविधिसम्वन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन,
२१. मूल्य नीति,
२२. लेखा तथा लेखापरीक्षण प्रणाली,
२३. सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
२४. संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण सम्वन्धी नीति, कानून, कार्यान्वयन, समन्वय र नियमन,
२५. संघीय विनियोजन, राजश्व, विभाज्य कोष, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति,
२६. भन्सार, अन्तशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवाशुल्क दस्तुर लगायतका सेवाशुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँड,
२७. कर तथा भन्सार राजश्वसम्वन्धी द्विपक्षीय, क्षेत्रीय, बहुपक्षीय समन्वय, सन्धी, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन,
२८. राजश्वसम्वन्धी तथ्याँक अभिलेखन र सूचना आदानप्रदान,
२९. धितोपत्र तथा कमोडिटी बजारसम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
३०. बीमासम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
३१. संघ, प्रदेश र स्थानीय तहमा राजश्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँड सम्वन्धी नीति, कानून, मापदण्ड र कार्यान्वयन,
३२. राजश्व चुहावट नियन्त्रण,
३३. सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्वन्धी नीति निर्धारण,
३४. राजश्व र आर्थिक प्रशासनसम्वन्धी तालिम, अध्ययन र अनुसन्धान,
३५. सार्वजनिक संस्थानहरू र निजीकरण सम्वन्धी नीति, कानून, मापदण्ड, अनुगमन र नियमन,
३६. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
३७. नेपाल लेखापरीक्षण सेवाको सञ्चालन ।

अर्थ मन्त्रालय धेरैवटा निकायहरूको सम्पर्क मन्त्रालय रहेपनि अर्थ मन्त्रालय मातहत निम्न बमोजिमका केन्द्रीय निकायहरू छन् :

१. महालेखा नियन्त्रक कार्यालय
२. आन्तरिक राजश्व विभाग
३. भन्सार विभाग
४. सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र
५. नेपाल राष्ट्र बैंक
६. बीमा समिति
७. नेपाल धितोपत्र बोर्ड

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको ।
- स्वतः प्रकाशन गर्ने सम्वन्धी राष्ट्रिय सूचना आयोगको आदेश ५० प्रतिशत पनि पालना गरेको देखिएन । पालना गर्नेमा अर्थ मन्त्रालय, भन्सार विभाग, नेपाल राष्ट्र बैंक र बीमा समिति मात्र रहेका छन् भने आन्तरिक राजश्व विभाग, महालेखा नियन्त्रक कार्यालय, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र र नेपाल धितोपत्र बोर्डले आदेश पालना गरेको देखिएन ।
- नेपाल राष्ट्र बैंक, बीमा समिति र नेपाल धितोपत्र बोर्ड बाहेक अर्थ मन्त्रालय र अन्य केन्द्रीय निकायले सूचना मागको निवेदनलाई छुट्टै दर्ता किताबमा व्यवस्थित गरिएको र छुट्टै फाइल खडा गरिएको छ ।
- राष्ट्रिय सूचना आयोगको निर्देशन बमोजिम मन्त्रालय र मातहतका निकायहरू, विशेषगरी सार्वजनिक वित्त

व्यवस्थापन तालिम केन्द्रले सञ्चालन गर्ने तालिममा सूचनाको हकलाई समावेश गरेको पाइन्छ ।

- राष्ट्रिय सूचना आयोगबाट विभिन्न समयमा सूचना दिन भएका आदेशको कार्यान्वयन भएको छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- अर्थ मन्त्रालय अन्तर्गतका केन्द्रीय निकायमा सूचनाको हक र यस सम्वन्धी ऐन नियम बारेको बुझाईमा स्पष्टता नभएको पाइयो । विशेष गरी, ऐनको दफा ५ अनुसार प्रत्येक तीन महिनामा सूचना अद्यावधिक गरी प्रकाशन गर्नु पर्ने प्रावधानबारे निकै भ्रम रहेको देखियो ।
- सूचना अधिकारीहरूलाई नियमित अभिमुखीकरण, तालिमको आवश्यकता छ । साथै, राष्ट्रिय सूचना आयोग र सूचना अधिकारीबीच नियमित अन्तरक्रिया हुनु पर्दछ ।
- मन्त्रालयमा जस्तै अन्य केन्द्रीय निकायका सूचना अधिकारीलाई मोबाइल, सिमकार्ड र उचित व्यालेन्स उपलब्ध गराई मोबाइल नम्वर वेवसाइटमा र अन्य माध्यम मार्फत जानकारीमा ल्याउनु आवश्यक छ ।
- छुट्टै RTI Portal को व्यवस्था हुनु आवश्यक छ ।
- दुःख दिने नियतले सूचनाको हक अन्तरगत सूचना माग गर्नेलाई ऐनमा संशोधन गरी निरुत्साहित गर्नु पर्ने सुझाव प्राप्त भएको छ ।
- सबै निकायका वेबसाइटहरू आरटीआई मैत्री ओपन फर्म्याटमा राख्नु पर्दछ र वेबसाइटका डिफल्ट भाषा नेपाली हुनु पर्दछ ।
- यस मन्त्रालयले सूचनाको वर्गीकरणको मस्यौदा तयार गरेको सन्दर्भमा ऐनको धारा २७ अनुसार सूचनाको वर्गीकरण गर्नेतर्फ राष्ट्रिय सूचना आयोगले विशेष पहल गर्नु आवश्यक छ ।
- गोपनीयता सम्वन्धी ऐन निर्माणका लागि पहल गर्नु पर्दछ ।
- आफ्नै पहलमा जनसरोकारका विषयमा स्वतः प्रकाशन गर्दा राम्रो हुन्छ ।



३.३ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

मुलुकको उद्योग, व्यापार व्यवसाय तथा आपूर्ति व्यवस्थाका क्षेत्रमा महत्वपूर्ण योगदान गर्नुपर्ने उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय विगतको राजनीतिक संक्रमण र अस्थिरताको चरम शिकार बनेको थियो । यी तीन विषय समेटिएको मन्त्रालय कहिले टुक्रिने र कहिले जोडिने गरका थिए । नेपाल सरकारको २०७४ मा जारी कार्यविभाजन नियमावलीमा उद्योग, वाणिज्य र आपूर्ति मन्त्रालयहरू पुनः गाभिएर सिंगो मन्त्रालय बनाइएको छ । यस मन्त्रालयले गर्ने मुख्य कार्यहरू निम्न बमोजिम छन् :

१. औद्योगिक नीति, कानून, मापदण्ड र नियमन,
२. औद्योगिक कोरिडोर, औद्योगिक पार्क वा ग्राम र निर्यात प्रशोधन केन्द्र,
३. औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्र सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,

४. वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
५. उद्योग, औद्योगिक व्यवसाय र कम्पनी सम्वन्धी,
६. उद्योग तथा खनिज सम्वन्धी पूर्वाधार नीति, कानून, मापदण्ड, समन्वय र नियमन,
७. सुरक्षा संवेदनशील उद्योग दर्ता, सञ्चालन अनुमति, खारेजी र नियमन,
८. औद्योगिक प्रविधि विकास र हस्तान्तरण,
९. अन्तर्राष्ट्रिय औद्योगिक संघ संस्थासँग सम्पर्क र समन्वय,
१०. केन्द्रीय कारागार कारखाना,
११. करार, साझेदारी र एजेन्सी सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
१२. रुग्ण उद्योग तथा दामासाही परेका उद्योग वा व्यावसायिक फर्म व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
१३. पेटेन्ट, डिजाइन, ट्रेडमार्क, भौगोलिक संकेत (जोग्राफिकल इन्डिकेसन), औद्योगिक बौद्धिक सम्पत्ति सम्वन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र प्रवर्द्धन एवं सोसम्वन्धी अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्पर्क र समन्वय,
१४. नापतौल तथा गुणस्तर सम्वन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन एवं सोसम्वन्धी अन्तर्राष्ट्रिय निकायसँग सम्पर्क र समन्वय,
१५. वस्तु, सेवा, प्रकिया र प्रणालीका राष्ट्रिय गुणस्तर निर्धारण, प्रत्यायन (एक्रिडिटेसन) र प्रत्यायन बोर्ड,
१६. खानी तथा खनिज सम्वन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन,
१७. रेडियोधर्मी पदार्थ, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्यास र बहुमूल्य पदार्थ तथा ठूला खानी तथा खनिज पदार्थ सम्वन्धी सर्वेक्षण, अन्वेषण र उत्खनन, दर्ता, अनुमति र नियमन,
१८. भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा,
१९. खानी तथा खनिजजन्य वस्तुहरूको लगत सङ्कलन तथा अभिलेखन र अनुसन्धान एवं उत्खनन सम्वन्धी राष्ट्रिय प्रयोगशालाको स्थापना र सञ्चालन,
२०. भूकम्पीय अध्ययन एवं अनुसन्धान, भूकम्प निगरानी, भूकम्प मापन केन्द्रहरूको सञ्चालन,
२१. अन्तर्राष्ट्रिय व्यापार सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
२२. द्विपक्षीय र अन्तर्राष्ट्रिय व्यापार तथा पारवाहन तथा सोसम्वन्धी द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय वार्ता, सन्धी सम्झौता, कार्यान्वयन र नियमन,
२३. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरण सम्वन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
२४. विश्व व्यापार सङ्गठनलगायत बहुपक्षीय व्यापार सम्वन्धी अन्तर्राष्ट्रिय संस्थासँगको सम्पर्क, समन्वय, सम्झौताको कार्यान्वयन र अनुगमन,
२५. साफ्टा, बिमस्टेक लगायत क्षेत्रीय र उपक्षेत्रीय व्यापार तथा स्वतन्त्र व्यापार सम्वन्धी संस्थासँगको सम्पर्क, समन्वय, सम्झौता, कार्यान्वयन र अनुगमन,
२६. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारिक कारोवारको व्यवस्थापन र नियमन,
२७. निकासी प्रवर्द्धन, पैठारी व्यवस्थापन तथा नियमन,
२८. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार सम्वन्धी तथ्याँक, अध्ययन, अनुसन्धान र सर्वेक्षण,
२९. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनीको सञ्चालन र सहभागिता,
३०. व्यापारका लागि सहयोग (एड फर ट्रेड),
३१. अन्तर्राष्ट्रिय व्यापारका सन्दर्भमा विदेशस्थित नियोगसँग समन्वय,
३२. वाणिज्यदूत,
३३. अन्तरप्रादेशिक व्यापार सम्वन्धी नीति, कानून, सहजीकरण र नियमन,
३४. पारवहन, अन्तर्राष्ट्रिय परिवहन व्यवस्था, बहुविधिक (मल्टिमोडल) ढुवानी सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

३५. सुख्खा बन्दरगाह, अन्तर्राष्ट्रिय कन्टेनर फ्रेट स्टेसन, क्लियरिङ, अन्डरटेकिङ सेवा, कार्गो गोदाम सम्वन्धी नीति तथा सञ्चालन,
३६. अन्तर्राष्ट्रिय व्यापार सम्वन्धी फर्म तथा संस्थाहरूको नियमन,
३७. राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार सम्वन्धी भौतिक पूर्वाधारहरूको विकास, विस्तार र सञ्चालन,
३८. उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
३९. उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धन सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
४०. अत्यावश्यक वस्तुहरूको राष्ट्रिय मौज्दात (बफरस्टक), सार्वजनिक गोदाम तथा राष्ट्रिय स्तरमा अत्यावश्यक वस्तु तथा सेवाको सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था,
४१. पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, गुणस्तर निर्धारण, मूल्य निर्धारण, आपूर्ति, पूर्वाधार विकास र नियमन,
४२. आन्तरिक बजार व्यवस्थापन तथा प्रतिस्पर्धी प्रवर्द्धन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण सम्वन्धी नीति, कानून र नियमन,
४३. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
४४. नेपाल इन्जिनियरिङ्ग सेवाअन्तर्गतका माइनिङ्ग इन्जिनियरिङ्ग, केमिकल इन्जिनियरिङ्ग, मेटालर्जिकल इन्जिनियरिङ्ग, मेट्रोलजी, जियोलजी र केमिष्ट्री समूहको सञ्चालन ।

यस मन्त्रालय मातहत निम्न केन्द्रीय निकाय रहेको छ :

१. उद्योग विभाग
२. खानी तथा भूगर्भ विभाग
३. नेपाल गुणस्तर तथा नापतौल विभाग
४. वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
५. कम्पनी रजिष्ट्रारको कार्यालय
६. घरेलु तथा साना उद्योग विकास समिति
७. विशेष आर्थिक क्षेत्र प्राधिकरण
८. औद्योगिक क्षेत्र व्यवस्थापन लि.
९. साल्ट ट्रेडिङ कम्पनी
१०. नेपाल आयल निगम
११. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी
१२. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारी तोकिएको छ ।
- स्वतः प्रकाशन गर्नु पर्ने सूचनाहरू सामान्यतया प्रकाशित गर्ने गरिएको छ । मन्त्रालय मातहतका निकायले वेवसाइट र संचारमाध्यम मार्फत प्रगति विवरण दिने गरेका छन् ।
- सूचना माग सम्वन्धी छुट्टै रजिष्टर र फाइलहरू केहीमा खडा गरिएका छन् र केहीमा छैन । खडा नभएका कार्यालयले तत्काल खडा गर्ने प्रतिवद्धता जनाएका छन् ।
- सूचनाको हकसम्वन्धी कानुनको प्रयोग गरी निवेदन दिएर सूचना माग्ने भन्दा पनि मौखिक सूचना माग्ने प्रचलन बढी छ ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनू भनी भएका निर्देशनको कार्यान्वयन भइरहेको छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- आम उपभोक्ताको हित र उद्यमशीलता प्रवर्द्धनमा सीधा जोडिएको कारण मन्त्रालय र मातहतका निकायले

सूचना प्रवाहलाई आम नागरिकले बुझ्ने गरी विभिन्न भाषा र माध्यमबाट अझ प्रभावकारी रुपमा प्रवाह गर्न आवश्यक देखिन्छ ।

- मन्त्रालय र मातहतका निकायहरूले सूचना प्रवाहलाई बोझको रुपमा नभई आधारभूत दायित्व र नागरिकलाई विश्वासमा लिई सेवा प्रवाहलाई प्रभावकारी बनाउने माध्यमका रुपमा आत्मसात गरी स्वतः प्रकाशन प्रसारण गर्न उत्सुकता र अग्रसरता लिन आवश्यक छ ।
- मन्त्रालय र मातहतका निकायबाट सूचनाको हकसम्वन्धी कानुन, त्यसको प्रचलन र महत्वका बारेमा आरटीआई अडिटका क्रममा प्राप्त सुझावलाई तत्काल कार्यान्वयन गरी तालिमको व्यवस्था गरिनु प्रशंसनीय छ । यो क्रमलाई जारी राख्नुका साथै अन्य तालिमहरूमा पनि सूचनाको हकलाई अनिवार्य रुपमा समावेश गर्ने र आवधिक मूल्याँकन गर्ने परिपाटी विकास गर्नुपर्ने देखिन्छ ।
- सूचनाको हकसम्वन्धी विषयलाई निजामती सेवामा प्रवेश गर्दा लिइने परीक्षाको पाठ्यक्रममा समावेश गर्ने र छुट्टै सूचना सेवा कायम गर्नुपर्ने देखिन्छ ।
- नेपालको सामाजिक विविधता र चेतना अवस्थालाई दृष्टिगत गरी सूचना सामग्रीलाई पत्रपत्रिकाका साथै अडियो भिजुअल माध्यम र विभिन्न भाषामा उत्पादन तथा प्रसार गर्न जरुरी छ ।
- मन्त्रालय र मातहतका निकायका सूचना अधिकारीहरू परिवर्तन हुँदा तत्काल वेवसाइट र निकायमा जनाउने तथा राष्ट्रिय सूचना आयोगलाई सूचित गर्ने परिपाटी सबै मन्त्रालय र मातहतका निकायमा बसाउनुपर्ने देखिन्छ ।
- लिखित माग भएको मात्र नभई मौखिक माग र प्रवाह भएको सूचनाको पनि सकेसम्म अभिलेख राख्ने परिपाटी बसाउन उपयुक्त हुन्छ ।
- सूचनाको हकसम्वन्धी कानुन बमोजिम त्रैमासिक सूचना प्रकाशन गर्नुपर्ने र अन्य विवरणको चौमासिक प्रकाशन हुने अभ्यास भएकोले यसमा एकरुपता अपनाउने गरी सम्वद्ध पक्षहरूले ध्यान दिनुपर्ने देखिन्छ ।



३.४ ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

नेपालमा ऊर्जा विकास, जलस्रोतको समुचित प्रयोग र आकाशे पानीमा निर्भर खेतबारीमा सिँचाई सुविधा उपलब्ध गराउनु ठूलो चुनौती रहिआएको छ । नेपाल अद्यापि कृषि प्रधान देश हो, तर खेतीपातीका लागि अधिकांश किसान आकाशेपानीमा निर्भर रहनु पर्दछ । यो अवस्थामा किसानका खेतखेतमा सिँचाइ सुविधा पु-याउने जिम्मेवारी यही मन्त्रालयको काँधमा छ । यो मन्त्रालय आमजनताको सर्वाधिक चासोको क्षेत्र हो । यस मन्त्रालयबाट सम्पादन हुने मुख्य कार्यहरू निम्न बमोजिम छन् :

१. जलस्रोत र ऊर्जाको दिगो विकास, संरक्षण, उपयोग र पानीको बाँडफाँड सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
२. जलस्रोत र ऊर्जा पूर्वाधार संरचना निर्माण सम्वन्धी एकीकृत नीति, कानून, मापदण्ड र नियमन,

३. सिँचाइ सम्वन्धी एकीकृत नीति, कानून र मापदण्ड,
४. नदी बेसिन योजना र जल उपयोगसम्वन्धी गुरुयोजना र नियमन,
५. जलस्रोत, ऊर्जा, सिचाई र भूमिगत जलस्रोत सम्वन्धी अध्ययन, अनुसन्धान र प्रविधि विकास
६. प्रमुख नदीहरूको बहाव क्षेत्र निर्धारण र सो क्षेत्रको जमिनको संरक्षण, व्यवस्थापन र उपयोग सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
७. जलस्रोत सम्वन्धी वस्तु वा सेवा उपयोगको मापदण्ड र नियमन,
८. जलस्रोत, ऊर्जा र सिचाई क्षेत्रसँग सम्वन्धित निकायहरूसँगको समन्वय,
९. संघीय र अन्तरप्रदेशस्तरमा सञ्चालन हुने जलस्रोत उपयोगका बहुउद्देश्यीय आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन,
१०. संघीय र अन्तरप्रादेशिक सिचाई र अन्तरप्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण आयोजनाको पहिचान, अध्ययन, निर्माण र नियमन,
११. जलस्रोत, ऊर्जा र सिचाईसम्वन्धी ठूला पूर्वाधार आयोजनाबाट विस्थापितहरूको पुनर्वास र पुनर्स्थापना,
१२. संघीय र अन्तरप्रदेश सिचाई प्रणालीको बाँध, जलाशय, अन्य संरचना, मूल नहरको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन सम्वन्धी नीति, मापदण्ड र कार्यान्वयन,
१३. प्रदेश सीमा नदीको बाढी र नदी नियन्त्रण कार्यक्रम सञ्चालनमा समन्वय र सहयोग,
१४. जलस्रोत, ऊर्जा र सिचाई सम्वन्धी तथ्याँक व्यवस्थापन, अध्ययन अनुसन्धान,
१५. राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत प्रसारण लाइन तथा विस्तार,
१६. राष्ट्रिय र अन्तर्राष्ट्रिय विद्युत व्यापारसम्वन्धी नीति, कानून, मापदण्ड सन्धी सम्झौता, कार्यान्वयन र नियमन,
१७. राष्ट्रिय महत्वका बहुउद्देश्यीय जल आयोजना र अन्तर जलाधार स्थानान्तरण,
१८. विद्युत सेवाको मापदण्ड गुणस्तर र महसुल सम्वन्धी नीति र नियमन,
१९. विद्युत सेवाको राष्ट्रिय र क्षेत्रीय भार प्रणाली व्यवस्थापन र सञ्चालन,
२०. नवीकरणीय वैकल्पिक ऊर्जाको उपयोग, गुणस्तर र मापदण्ड,
२१. विद्युत विकासमा लगानी,
२२. जल तथा मौसम विज्ञान सेवा सम्वन्धी नीति, कानून, मापदण्ड, तथ्याँक, योजना, कार्यान्वयन र नियमन
२३. मौसम तथा बाढी पूर्वानुमान,
२४. विपद् पूर्व सूचना प्रणालीको विकास तथा सम्प्रेषण,
२५. जलवायू सम्वन्धी अध्ययन तथा अनुसन्धान, सूचना आदानप्रदान,
२६. जल तथा मौसमी राडार, रेडियोसोन्डे, चट्याङ नेटवर्क, सौर्य विसकरिण केन्दहरूको व्यवस्थापन र सूचना प्रवाह,
२७. हिमनदी तथा हिमताल,
२८. मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धी, सम्झौता, अभिसन्धी, सम्पर्क र समन्वय,
२९. मन्त्रालयसम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

यस मन्त्रालय मातहतका प्रमुख केन्द्रीय निकायहरू देहाय बमोजिम छन् :

१. सिँचाइ विभाग
२. जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग
३. जलस्रोत अनुसन्धान तथा विकास केन्द्र
४. विद्युत विकास विकास
५. जल तथा मौसम विज्ञान विभाग

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- यो नयाँ मन्त्रालय भएकोले RTI– Audit कै समयमा मन्त्रालयमा सूचना अधिकारी तोकिएको पाइए पनि सूचना अधिकारीको नाम, तस्वीर, कोठा र फोन समेत खुलेको फ्लेक्स बोर्ड मन्त्रालयको स्वागत कक्षमा नै राखेको पाइयो भने मातहतका निकायहरूमा सूचना अधिकारी तोकेको जानकारी दिइएको छ ।
- स्वतः प्रकाशन सम्वन्धी व्यवस्था मन्त्रालयमा नियमित भैरहेको देखिएन तर आफ्नो कार्य सम्पादनसँग

सम्वन्धित दस्तावेज, तथ्याँक र सूचनाहरू नियमित रुपमा नै प्रवाह भैरहेको दावी गरिएको छ । मातहातका केही निकायले भने सूचनाको हकको फ्रेमवर्क भित्रैको स्वतः प्रकाशन पद्धति शुरु गरेको बताएका छन् ।

- मन्त्रालयले उत्पादन गर्ने विभिन्न प्रकारका तथ्य तथ्याङ्क र जानकारीहरू नियमित प्रवाह भैरहेको र सूचनाको हकको स्वतः प्रकाशनको सूची सीमित भएको सुझाव पनि पदाधिकारीहरूले गरेका छन् ।
- सूचनाको हकसम्वन्धी ज्ञान र जानकारी मन्त्रालयको तालिम कार्यक्रमहरूमा समावेश देखिएन ।
- सूचना प्रवाहका सम्बन्धमा आयोगले गरेका आदेशको पालना गरेको देखियो तर त्यसलाई सहजतापूर्वक आत्मसात गरेको देखिएन ।
- यो मन्त्रालयले धेरै प्रकारका जनचासोका तथ्याँकहरू उत्पादन गर्ने र ती तथ्याँकमा सर्वसाधारणको पहुँच पुऱ्याउने गरी संयन्त्रहरू बनाइएको दावी पदाधिकारीहरूको छ । तर स्पष्ट तथ्याँक नीति र अभ्यास नभएकोले समस्या परेको जानकारी दिनुभएको छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालयका पदाधिकारीहरूले हामी धेरै खुला र पारदर्शी (Open and Transparent) छौं भन्ने दावी गर्नु भएको र सो को लागि प्रेस विज्ञप्ति, पत्रकार सम्मेलन, पत्रकारका फोन-इमेल रेसपोन्स वेवसाइट र वार्षिक प्रतिवेदन जस्ता उदाहरण दिनु भएकोले सूचनाको हकको कानूनको मर्म र व्यवस्था अनुसार पारदर्शीताका मापदण्ड र अभ्यासका मापदण्डहरू तय गरी मन्त्रालय र मातहतका निकायमा एकरुपता ल्याउन स्पष्ट कार्ययोजना बनाउनु राम्रो हुनेछ ।
- मन्त्रालयका प्रवक्तालाई नै सूचना अधिकारी तोक्ने र मातहातका सबै सूचना अधिकारीको समन्वयका लागि नियमित बैठक तथा सूचना आदान-प्रदान संयन्त्रको विकास गर्नु आवश्यक देखियो ।
- सूचना प्रवाहको व्यवस्थित अभिलेखका लागि online archiving system बनाई Data हरू अद्यावधिक गर्नु आवश्यक छ ।
- स्वतः प्रकाशनको नियमित अद्यावधिकताका लागि मन्त्रालयले आफ्नो कार्यनिर्देशिका बनाउनु राम्रो हुनेछ ।
- भौतिक निमार्णका लागि प्रगति प्रतिवेदनहरूलाई नियमित रुपमा सार्वजनिक गर्ने पद्धति बनाएमा धेरैजसो कार्यसम्पादनसँग सम्वन्धित सूचना स्वतः खुलासा हुन सक्ने देखिन्छ ।



३.५ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय मूलतः अन्य मन्त्रालय सरह नेपाल सरकारको एक नीति निर्माण गर्ने मन्त्रालय हो । न्याय प्रशासन सम्वन्धी विषय, दण्ड, सजाय, कानुनको संहिताकरण र एकीकरण सम्वन्धी विषयमा यसले नीति तय गर्दछ । मन्त्रालयले सरकारी विधेयकको कानुन तर्जुमा गर्ने, सन्धि सम्झौता वा करारको मस्यौदा गर्ने वा कानुनी प्रश्नमा विभिन्न मन्त्रालयलाई राय प्रदान गर्ने तथा संसद्, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय,

न्याय परिषद्, न्याय सेवा आयोगजस्ता संवैधानिक निकायका हकमा सम्पर्क मन्त्रालयको रूपमा रहेर कार्य गर्दछ । यस मन्त्रालयलाई तोकिएका मुख्य जिम्मेवारीहरू निम्न छन् :

१. संघीय विधेयक, अध्यादेश, नियम, आदेश तथा नेपाल सरकारबाट जारी हुने निर्देशिका, कार्यविधिको तर्जुमा तथा सहमति,
२. संघीय संसदमा विधेयक प्रस्तुत, फिर्ता, पारित विधेयकको प्रमाणिकरण
३. सरकारी तथा गैरसरकारी विधेयक,
४. सार्वजनिक लिखत प्रमाणिकरण,
५. सर्वोच्च अदालत, न्याय परिषद्, न्याय सेवा आयोग, उच्च अदालत, जिल्ला अदालत तथा संघीय कानून अन्तर्गत गठित विशिष्टीकृत अदालत र न्यायिक निकाय,
६. कानूनी राय तथा परामर्श,
७. नेपाल राजपत्रमा प्रकाशन हुने सूचनाको सम्पादन
८. नेपाल सरकार वादी हुने मुद्दा तथा नेपाल सरकारलाई सरोकार पर्ने मुद्दा फिर्ता, मिलापत्र तथा प्रतिरक्षा
९. सन्धी, सम्झौता, समझदारीको अनुमोदन, हस्ताक्षर, सम्मिलन, स्वीकृति वा समर्थन, अन्तर्राष्ट्रिय र अन्तरसरकारी संस्थाको सदस्यता प्राप्ति, अन्तर्राष्ट्रिय कानूनी दायित्व र अन्तर्राष्ट्रिय सम्मेलन र वार्तामा अन्तर्राष्ट्रिय कानूनको विषयमा अपनाउनु पर्ने दृष्टिकोणमा परामर्श,
१०. अन्तर्राष्ट्रिय कानूनी विवाद,
११. राष्ट्रिय न्याय प्रणाली, न्याय प्रशासन तथा अन्तर्राष्ट्रिय कानून सम्वन्धी अध्ययन, अनुसन्धान,
१२. अन्तर्राष्ट्रिय करार तथा अन्य लिखतको मस्यौदा र सोसम्वन्धी परामर्श,
१३. पारस्परिक कानूनी सहायता,
१४. सरकारी आश्वासन तथा सङ्कल्प प्रस्ताव,
१५. फौजदारी तथा देवानी कानून निर्माण, अनुसन्धान तथा पुनरावलोकन,
१६. संघीय कानूनको प्रकाशन तथा वितरण,
१७. प्रदेश र स्थानीय तहको लागि नमुना कानूनको मस्यौदा र समन्वय
१८. मानवअधिकार र मानवीय कानून,
१९. कानुनमा पहुँच र निशुल्क कानूनी सहायता, विवाद समाधानको वैकल्पिक उपाय, मेलमिलाप,
२०. कानून व्यवसायी परिषद,
२१. नोटरी पब्लिक तथा नोटरी पब्लिक परिषद,
२२. नेपाल सरकारलाई आवश्यक पर्ने कानून तथा कानूनी लिखत र सन्धीको अनुमोदन,
२३. नेपाल पक्ष भएका सन्धीको केन्द्रीय अभिलेखीकरण,
२४. कानूनको एकीकरण र संहिताकरण,
२५. अन्तर्राष्ट्रिय सन्धी तथा सम्झौताको प्रकाशन,
२६. संघीय संसद कार्यसञ्चालन तथा सम्पर्क,
२७. नेपाल कानून आयोग, राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्यायिक जाँचबुझ आयोग,
२८. सत्य निरुपण तथा मेलमिलाप आयोग,
२९. बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग,
३०. मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धी, सम्झौता, अभिसन्धी, सम्पर्क र समन्वय,
३१. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन
३२. नेपाल न्याय सेवाको न्याय समूह र कानून समूहको सञ्चालन ।

नेपाल कानुन आयोग, विभिन्न न्यायाधीकरणहरू, विभिन्न विशिष्टीकृत विभिन्न अदालत यससँग सम्वन्धित छन् । मातहतका निकाय निम्न छ :

१. न्याय सेवा तालिम केन्द्र
२. नेपाल कानुन आयोग
३. कानुन किताब व्यवस्था समिति

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका केन्द्रीय निकायमा सूचना अधिकारीको व्यवस्था गरिएको, सूचना अधिकारीको तस्वीर सहितको फ्लेक्स बोर्ड राखिएको ।
- सूचना अधिकारीहरूले परिचय दिँदा सूचना अधिकारी नै भनेर परिचय दिएको ।
- वेवसाइट रहेका, तर अद्यावधिक हुन नसकेको ।
- तीन तीन महिनामा स्वतः प्रकाशन गर्ने गरेको ।
- सूचना माग सम्वन्धी छुट्टै दर्ता किताब, अभिलेख र फाइल खडा गरेको जानकारी प्राप्त भएको ।
- कानुन मन्त्रालय भएको नाताले सर्वसाधारणले कानुनको मस्यौदाका लागि फोन गर्ने र सूचना माग्ने गरेको तर ती कुराहरू त्यहाँबाट दिन नमिल्ने कुराको जानकारी सर्वसाधारणले नबुझीदिने गुनासो सुनियो ।
- विधेयक मस्यौदाहरूको स्रोत माउ मन्त्रालय नै हुने र आफूहरूले सिधै त्यहाँबाट सूचना प्रवाह गर्न नमिल्दा नकारात्मक सन्देश पुग्ने गरेको मन्त्रालयका कर्मचारीको गुनासो छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- कानुन मन्त्रालय र १,२ केन्द्रीय निकाय मात्रै होइन सबै निकायलाई सूचना प्रवाहको बारेमा उत्तिकै सचेत र दक्ष बनाउनुपर्ने आवश्यकता छ ।
- केही सूचना अधिकारीलाई अझै पनि सूचना भनेको बिल, भौचर मात्रै हो कि भन्ने संसय रहेछ । मन्त्रालय अन्तर्गत केही प्रमुख तथा सूचना अधिकारी ज्यादै सचेत र दक्ष तर केही सूचनाको महत्वलाई प्राथमिकतामा नराख्नेजस्तो देखिन्छ, यो भिन्नतामा सुधार ल्याउनु जरुरी छ ।
- सूचना अधिकारीहरूले सूचना प्रवाह गर्न माथिको आदेश कुर्न पर्ने बाध्यता हटाउनु जरुरी छ ।
- मन्त्रालय र मातहतका निकायहरूले आफ्ना वेवसाइट बिग्रने वा ह्याक हुने बित्तिकै दुरुस्त बनाउनुपर्ने आवश्यकता छ ।
- नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका सन्धि, सम्झौता तथा अन्य कानुनहरूको यथेष्ठ जानकारी सर्वसाधारणलाई पनि दिनु पर्दछ ।
- सूचनाको हक र सूचना प्रवाहका कुराहरू केबल राष्ट्रिय सूचना आयोगको कारणले मात्रै अगाडि बढेको वा बढाइएको हो कि भन्ने भान हुन्छ । यसलाई स्वस्फूर्त बनाउन पुरस्कार र अन्य प्रोत्साहनको व्यवस्था गर्नु पर्दछ ।
- मौलिक हक कार्यान्वयन गर्न महिला उपर हुने सबै प्रकारका भेदभावपूर्ण कानुनहरूलाई पूर्ण नियन्त्रण गर्न तत्सम्वन्धी कानुनहरूको तर्जुमा गर्ने भन्ने जस्ता वर्तमान सरकारले लिएका नीति तथा निर्णयहरू बारे पनि त्यति सूचना प्रवाह भएको देखिएन । यस्ता प्राथमिकतामा परेका विषयहरू बारे सूचना प्रवाह गर्न सूचना अधिकारीहरूलाई स्वस्फूर्त निर्णय लिन लगाउन तालिम र अधिकारको व्यवस्था हुनु पर्दछ ।
- सूचनाको हक संरक्षण, सम्वर्द्धन र प्रचलनका लागि समय समयमा मन्त्रालयले नै तालिमको आयोजना गर्नु आवश्यक छ ।
- यस मन्त्रालयको कार्य र सम्पर्क प्रायः सरकारका विभिन्न निकायसँग हुने हुँदा सर्वसाधारणलाई यहाँबाट खासै दिनुपर्ने देखिन्न भन्ने सोच देखियो । त्यसलाई परिमार्जन गरी सूचना वर्गीकरण गर्दै दिन मिल्ने सूचनाहरू र ऐन कानुनका मस्यौदाहरू समेत सर्वसाधारण समक्ष राखिदिने हो भने सबै क्षेत्रलाई फाइदा नै पुग्ने देखिन्छ ।

- राष्ट्रिय सूचना आयोगले मन्त्रालय र मातहतका निकायहरूका प्रमुख र सूचना अधिकारीसँग नियमित अन्तरक्रिया गर्न सकेमा "लोकतन्त्रको आधार: सूचनाको अधिकार" नाराले सार्थकता प्राप्त गर्न सक्दछ ।



३.६ कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

नेपाली जनताको जीविकोपार्जन ग्रामीण स्तरमा रोजगारीका साथै देशको अर्थतन्त्रमा (कूल गार्हस्थ्य उत्पादनमा ३३.१ प्रतिशत) मा नै महत्वपूर्ण योगदान पु-याउने क्षेत्रको रूपमा रहेको कृषि क्षेत्रको विकास गरी साना तथा सिमान्त कृषकहरूको आर्थिक स्थितिमा आमूल परिवर्तन ल्याउन, कृषि व्यावसायीकरण गर्ने मूल उद्देश्य नै कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको छ। यो मन्त्रालयको सञ्जाल केन्द्रदेखि ग्रामीण तहसम्म फैलिएको छ, र आमजनतासँग प्रत्यक्ष सम्बन्ध रहेको छ। यस मन्त्रालयलाई निम्न बमोजिमको जिम्मेवारी दिइएको छ :

कृषि विकास

१. कृषि तथा कृषिजन्य जैविक विविधता र जैविक प्रविधिसम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
२. खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता, खाद्य पदार्थको गुणस्तर तथा खाद्य स्वच्छता सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
३. कृषि तथा पशुपक्षीजन्य औषधि, सूक्ष्मपोण तत्व र जैविक विषादी, रासायनिक विषादीको उपयोग र व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
४. खाद्य क्वारेन्टाइन, पशु तथा वनस्पतिजन्य क्वारेन्टाइन सम्वन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
५. विषादीको स्तरीकरण, सूचना सङ्कलन, वर्गीकरण, सूचना प्रवाह र नियमन,
६. कृषि सम्वन्धी अन्तराष्ट्रिय व्यापार सहजीकरण,
७. कृषि तथ्याँक प्रणाली, अनुसन्धान, स्रोत संरक्षण, विकास र विस्तार,
८. कृषि तथा खाद्य सम्वन्धी अन्तर्राष्ट्रिय प्रत्यायन, प्रमाणिकरण, प्रयोगशाला विकास र व्यवस्थापन,
९. रासायनिक तथा जैविक मल उत्पादन, आयात तथा प्रयोग सम्वन्धी नीति, कानून, मापदण्ड, गुणस्तर निर्धारण, समन्वय र नियमन,
१०. कृषि, मत्स्य तथा पशुपंक्षीजन्य महामारी नियन्त्रण,
११. कृषि औद्योगिकीकरण, मत्स्य, पशुपंक्षी उद्योग व्यवसायको अन्तर प्रादेशिक विकास, प्रवर्द्धन र समन्वय
१२. बिउबिजन एवं नस्ल सम्वन्धी राष्ट्रिय गुणस्तर निर्धारण र नियमन,
१३. अन्तरदेशीय चरन तथा खर्क सम्वन्धी नीति, कानून र नियमन,
१४. पशुपंक्षीजन्य औषधी दानाको नीति, कानून, मापदण्ड, गुणस्तर निर्धारण, आयात अनुमति र नियमन,
१५. पशुचिकित्सा सम्वन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र व्यवस्थापन,
१६. पशुचिकित्साको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,

१७. दुग्ध र दुग्ध पदार्थबाट बनेका वस्तुहरूको अनुसन्धान र विकास,
१८. मासु तथा मासुजन्य पदार्थ र पशु छाला तथा अन्य पदार्थ सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
१९. कृषि तथा पशुपंक्षी बीमा सम्वन्धी नीति र मापदण्ड,
२०. पशुसेवा सम्वन्धी प्रयोगशालाको सम्वद्धता,

भूमि व्यवस्था

२१. भूमि नीति, भू-उपयोग नीति, कानून, मापदण्ड र नियमन,
२२. अन्तर्राष्ट्रिय सीमाको नक्साङ्कन, अभिलेख,
२३. सीमा स्तम्भहरूको निर्माण, मर्मत सम्भार तथा अभिलेख व्यवस्थापन,
२४. भूमिको उपयोग, क्षमता र उपयुक्तताको नक्साङ्कन,
२५. पुनर्वास सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
२६. निजी, सरकारी, गुठी, सामुदायिक तथा सार्वजनिक जग्गाको राष्ट्रिय अभिलेख व्यवस्थापन,
२७. सरकारी, सार्वजनिक, गुठी, सामुदायिक तथा पर्ती जग्गाको संरक्षण
२८. भूमिसुधार तथा व्यवस्थापन
२९. राष्ट्रिय भू-सूचना प्रणाली र भौगोलिक सूचना पूर्वाधार,
३०. भूमिहीन, दलित, मुक्तकमैया, हलिया, चरवाको पुनर्स्थापना सम्वन्धी नीति र मापदण्ड,
३१. जग्गाको हक हस्तान्तरण सम्वन्धी मापदण्ड,
३२. जग्गाको नाप नक्साको आधारभूत नियन्त्रण बिन्दु र सञ्जाल,
३३. जियोडेटिक र स्थल रूप नाप नक्सा,
३४. प्रदेश र स्थानीय तहको सीमाको नक्साङ्कन र अभिलेख
३५. सर्भे लाइसेन्स

सहकारी

३६. सहकारी सम्वन्धी राष्ट्रिय नीति, कानून र मापदण्ड,
३७. सहकारी बैङ्क सम्वन्धी,
३८. सहकारी सम्वन्धी राष्ट्रिय तथ्याँक व्यवस्थापन, अध्ययन, अनुसन्धान र अनुगमन,
३९. सहकारी सम्वन्धी राष्ट्रिय संघसंस्थासँग सम्बन्ध र अन्तर प्रादेशिक समन्वय,
४०. सहकारीमार्फत हुने बचत तथा ऋण परिचालन सम्वन्धी मापदण्ड र नियमन,
४१. गरिबी निवारण सम्वन्धी,
४२. राष्ट्रिय किसान आयोग
४३. नेपाल कृषि अनुसन्धान परिषद
४४. मन्त्रालयसम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय,
४५. मन्त्रालयसम्वन्धी सार्वजनिक संस्थान, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
४६. नेपाल कृषि सेवा र नेपाल इन्जिनियरिङ्ग सेवाको सर्भे समूहको सञ्चालन ।

कृषि विकास, भूमि व्यवस्था र सहकारी गरी तीनवटा मन्त्रालय एकापसमा गाभिएर यो मन्त्रालय गठन भएको हो । त्यसर्थ, नवगठित मन्त्रालय मातहत केन्द्रीय निकायहरूको संख्या ठूलो छ :

१. नेपाल कृषि अनुसन्धान परिषद्
२. कृषि विभाग
३. खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग
४. राष्ट्रिय कृषि अनुसन्धान विकास कोष
५. विउविजन तथा गुण नियन्त्रण केन्द्र
६. कृषि सामग्री कम्पनी
७. व्यावसायिक कृषि तथा व्यापार आयोजना

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

कृषि विकास

- मन्त्रालय समेत मातहतका विभाग तथा निर्देशनालयहरूमा सूचना अधिकारी तोकिए पनि केही कार्यालयमा सूचना अधिकारी तोक्न बाँकी रहेको ।
- मन्त्रालयले सुशासनको प्रत्याभूति दिने हेतुले पकेटबुक आकारमा "सूचनाको हक कार्यान्वयन सम्वन्धी कार्यविधि, २०७४" निर्माण गरी लागू गरेको छ । यो पहल अन्य मन्त्रालय र कार्यालयका लागि पनि अनुकरणीय हुन सक्दछ ।
- मन्त्रालयस्तरमा सूचना मागकर्ताको छुट्टै दर्ता तथा चलानी रजिष्टरको व्यवस्था भएको पाइयो । सबै निकायमा राख्न निर्देशन दिनुका साथै अनुगमन गरेको देखियो । साथै सूचनापाटीमा टाँस गर्ने, टोलफ्री, इमेल तथा फोनका माध्यमबाट पनि सूचना प्रवाह गरेको पाइयो ।
- आफूसँग भएका सूचना नियमित रुपमा मन्त्रालयको वेवसाइटमा राखिएको छ ।
- मन्त्रालय र मातहतका कार्यालयले सूचना तथा जानकारीमूलक पकेटबुक, कार्यपत्र, विभिन्न सेमिनार, छलफल, अन्तर्क्रियाका प्रतिवेदनरू, बुलेटिन, प्रगति प्रतिवेदनहरू प्रकाशन गरेर वितरण गरिएको छ ।
- मन्त्रालय मातहतका तालिम केन्द्रहरूले सूचनाको हकसम्वन्धी विषयलाई तालिममा समावेश गरेर कर्मचारीलाई प्रशिक्षित गर्ने प्रयास गरेको पाइयो । साथै, तालिममा राष्ट्रिय सूचना आयोग लगायत नागरिक संस्थाका प्रतिनिधिलाई समेत आरटीआई विशेषज्ञका रुपमा संलग्न गराएर यो विषयलाई प्राथमिकतामा राखेको पाइयो ।

भूमि व्यवस्था

- साविक भूमिसुधार तथा व्यवस्था मन्त्रालयले "एकीकृत निरीक्षण, अनुगमन निर्देशिका, २०७१" निर्माण गरेर लागू गरेको पाइयो जसमा "क्षतिपूर्ति सहितको बडापत्र लागू भए नभएको, सूचना अधिकारी तोके नतोकेको लगायत सेवाग्राही सन्तुष्टी सर्भेक्षण फारम" सहितको निर्देशिका निर्माण गरी लागू गरेकाले अन्य मन्त्रालयका लागि पनि यो अनुकरणीय हुन सक्ने देखियो ।
- नापी विभागले रेडियो नेपालबाट नापी नक्सा सम्वन्धी रेडियो कार्यक्रम प्रसारण गरेर यससम्वन्धी जनचेतना फैलाउने प्रयास गरेको पाइयो । साथै, मातहतका कार्यालयहरूले डिजिटल नागरिक बडापत्र तयार गरी सूचना प्रवाह गरेको पाइन्छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालय र मातहतका कार्यालयमा छिटोछिटो कर्मचारीहरू सरुवा हुने भएकाले त्यसको प्रभाव सूचना अधिकारीको जिम्मेवारीमा समेत पर्ने भएकाले सूचना अधिकारीका लागि नियमित रुपमा सूचनाको हकसम्वन्धी तालिम सञ्चालन गरिनु पर्दछ। यसका लागि सम्वन्धित मन्त्रालयको तालिम पाठ्यक्रममा सूचनाको हकसम्वन्धी विषयलाई भारित अंकसहितको पाठ्यक्रम बन्नसके हरेक तालिम प्राप्त कर्मचारी स्वस्फूर्त रुपमा सूचना अधिकारीको जिम्मेवारी वहन गर्न सक्ने देखिन्छ । यसका लागि राष्ट्रिय सूचना आयोगले प्रारम्भिक अवस्थामा सहजीकरण सहित विशेषज्ञ सेवा उपलब्ध गराउनुपर्दछ ।
- "सूचनाको हक कार्यान्वयन सम्वन्धी कार्यविधि, २०७४" निर्माण गरिएको भए तापनि मन्त्रालय अन्तर्गत सूचना वर्गीकरण नभएकाले सो कार्यविधिले मात्रै सूचना प्रवाहमा स्पष्टता आउन नसक्ने देखिन्छ ।
- दुर्गम स्थानका कृषकको सहयोगका लागि मन्त्रालयको भूमिका निकै महत्वपूर्ण हुन्छ । यो मन्त्रालयले नीति, रणनीति तथा कार्यक्रम सम्वन्धी सूचना प्रवाहलाई प्रदेश सरकार लगायत स्थानीय तहका लागि समेत उपयोगी हुने सूचना सामग्री निर्माण गरेर सुरुको अवस्थामा सहयोग गर्नु पर्दछ ।
- मन्त्रालय अन्तर्गतका कृषि सम्वन्धी विभिन्न क्षेत्रमा कार्यरत नागरिक संस्थालाई पनि सूचनाको हकसम्वन्धी तालिम सञ्चालन गर्नु आवश्यक छ ।
- सम्वन्धित मन्त्रालय, विभाग तथा कार्यालयमा सूचना अधिकारीको जिम्मेवारी पाएका कर्मचारीलाई कम्तिमा २ वर्षसम्म सो जिम्मेवारी तोक्नु प्रभावकारी हुन्छ । साथै, सहायक सूचना अधिकारीको समेत व्यवस्था गर्न

सकियो भने संस्थागत स्मरण राख्न र जनसम्पर्क पनि निरन्तर हुन सक्दछ ।

- मन्त्रालयमा सूचनाको हक प्रवर्द्धनका लागि नियमित रुपमा बजेटको व्यवस्था गर्दा सूचना अधिकारीको मनोवल बढ्नुका साथै सूचना प्रवाहमा प्रभावकारिता आउन सक्दछ ।
- हालसम्मका प्रकाशन तथा सूचना सामग्री केन्द्रीकृत व्यवस्था अनुसार निर्माण गरिएकाले आगामी दिनमा केन्द्रीय, प्रादेशिक तथा स्थानीय तहका लागि समेत अनुकरणीय हुन सक्ने ढाँचामा सामग्री तयार गरी प्रवाह गर्नु पर्दछ ।





३.७ खानेपानी मन्त्रालय

खानेपानी मन्त्रालयले खानेपानी सम्वन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्यांकनको कार्य गर्दछ । यस मन्त्रालयका मुख्य कार्यहरू देहाय बमोजिम छन् :

१. खानेपानी र सरसफाइ सम्वन्धी नीति, कानून र मापदण्ड,
२. राष्ट्रियस्तरका ठूला खानेपानी आयोजना र अन्तर प्रदेश खानेपानी आयोजना,

३. राष्ट्रियस्तरका प्रशोधन सहितका वृहत ढल र अन्तर प्रदेश ढल प्रशोधन सहितका आयोजनाहरूको पहिचान, निर्माण र नियमन,
४. मन्त्रालय सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धी, सम्झौता, सम्पर्क र समन्वय,
५. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
६. नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको स्यानेटरी उपसमूहको सञ्चालन ।

यो मन्त्रालयको मातहत केन्द्रस्तरमा निम्न निकायहरू रहेका छन् :

१. खानेपानी तथा ढल निकास विभाग
२. आयोजना कार्यान्वयन निर्देशनालय
३. मेलम्ची खानेपानी विकास समिति
४. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड
५. काठमाडौं उपत्यका खानेपानी लिमिटेड
६. नेपाल खानेपानी संस्थान
७. खानेपानी तथा महशुल निर्धारण आयोग

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको । मन्त्रालय र मातहतका धेरै निकायमा सूचना अधिकारीको फोटो र मोबाइल नम्वर सहितको विवरण वेवसाइटमा राखिएको ।
- स्वतः प्रकाशन गर्ने सम्वन्धी आयोगको आदेश कार्यान्वयनको स्थितिमा जागरुकताको अवस्था रहेको पाइयो ।
- सूचना मागको निवेदनलाई छुट्टै रजिष्टरमा दर्ता गर्ने र छुट्टै फाइल खडा गर्ने कार्यमा जागरुकता रहेको पाइयो ।
- राष्ट्रिय सूचना आयोगले सूचना अधिकारीहरूलाई सूचनाको हकसम्वन्धी तालिमलाई निरन्तरता दिनु आवश्यक छ ।
- कार्यालय प्रमुख र सूचना अधिकारीलाई पुनर्ताजगी तालिम दिई गति बढाउन समेत सुझाव प्राप्त भएको छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- राष्ट्रिय सूचना आयोगले कार्यालय प्रमुख र सूचना अधिकारीलाई एकैसाथ राखी सूचनाको हकसम्वन्धी तालिम तथा पुनर्ताजगी तालिम प्रदान गर्ने क्रियाकलापलाई निरन्तरता दिनु पर्दछ ।
- मन्त्रीहरूको प्रमुख आतिथ्यमा सूचनाको हकसम्वन्धी अन्तर्क्रिया गोष्ठी आयोजना गर्नु आवश्यक छ ।
- प्रत्येक स्थानीय तहले आफ्नो वार्षिक बजेटलाई वेवसाइट मार्फत स्थानीय तहका जनप्रतिनिधिहरूलाई जानकारी गराउनु पर्दछ ।
- सूचना अधिकारीको स्तर कार्यालय प्रमुखको भन्दा एक तह मुनिको बनाइएमा सूचनाको हकको प्रभावकारिता बढ्न जाने हुँदा सो अनुसार आयोगले निर्देशन दिनु पर्दछ ।
- स्थानीय तहका विद्यालयका कक्षा ९ देखि १२ सम्मका विद्यार्थीलाई आफ्नो स्थानीय तहमा के के बजेट तथा कार्यक्रमको व्यवस्था भएको छ र सो अनुसारका क्रियाकलापहरू भइरहेका छन् भन्ने कुराको जानकारी दिलाउने अभिप्रायःले शैक्षिक भ्रमण गराउन राष्ट्रिय सूचना आयोगले सम्पूर्ण विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकलाई आह्वान गर्ने र सोको जानकारी दिन सम्वन्धित निकायहरूलाई पनि निर्देशन गर्नु पर्दछ ।
- प्रदेश सरकारको बजेट तथा कार्यक्रम बारे कलेज तथा विश्वविद्यालयका विद्यार्थीहरूर्ला आफ्नो प्रदेशमा के के बजेट तथा कार्यक्रमको व्यवस्था भएको छ र सो अनुसारका क्रियाकलापहरू भइरहेका छन् भन्ने कुराको जानकारी दिलाउने अभिप्रायले शैक्षिक भ्रमण गराउन राष्ट्रिय सूचना आयोगले कलेज तथा विश्वविद्यालयका व्यवस्थापन समितिलाई आह्वान गर्नु पर्दछ ।
- राष्ट्रिय सूचना आयोगले प्रदेश सरकार, स्थानीय तहका जनप्रतिनिधिहरू लगायत सम्वद्ध सरकारी कर्मचारीहरूलाई पनि जानकारी दिने र सुशासन प्रति जिम्मेवार बनाउन नियमित रुपमा सूचनाको हकसम्वन्धी अन्तर्क्रिया, गोष्ठी सञ्चालन गर्नु आवश्यक छ ।
- प्रत्यक्ष सरोकार नराख्ने व्यक्तिहरूले सूचनाको हकको हवाला दिएर निहित स्वार्थ साध्नको लागि सूचना माग्न

आउने प्रवृत्ति बढिरहेको सन्दर्भमा त्यसलाई निरुत्साहित गर्ने पद्धतिको विकास गर्नु पर्दछ । नागरिकलाई पनि जिम्मेवार बनाउनु सुशासनको मर्म हो भन्ने कुरालाई प्रचारप्रसार गरी आफूलाई समयसापेक्ष र सान्दर्भिकताको आधारमा सूचना माग गर्न उत्प्रेरित गर्नु पर्दछ ।

- लोकतन्त्रका लागि सूचनाको हक जनतालाई शक्तिशाली बनाउने महत्वपूर्ण औजार भएको हुँदा सूचनाको हकको महत्वलाई ध्यान दिएर राज्यका सबै निकायले उच्च सम्मान गर्नुपर्ने भएको हुँदा प्रादेशिक सूचना आयोग गठन गर्नु आवश्यक छ ।
- खानेपानी मन्त्रालयले स्थानीय तह, प्रादेशिक सरकार र संघीय सरकारबीच समन्वय गरी खानेपानीको पाइप फिटिङ गर्ने, ट्वाइलेट फिटिङ गर्ने, मर्मत सम्भार गर्ने, ढल निकास सम्वन्धी लगायतमा विविध सीप प्रशिक्षण दिई स्वदेशमा रोजगारीको अवसर मिल्ने गरी कार्यक्रम बनाउने र सोको सूचना सम्वन्धित व्यक्तिहरूले पाउने गरी सम्प्रेषण गर्नु जरुरी छ ।



३.८ गृह मन्त्रालय

"मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु" गृह प्रशासनको मुख्य उद्देश्य हो । गृह मन्त्रालयले निम्न बमोजिमका कार्यहरू गर्दछ :

१. आन्तरिक सुरक्षा तथा शान्ति सुव्यवस्था सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
२. विशिष्ट व्यक्ति, महत्वपूर्ण स्थल , भवन, संरचना, कूटनीतिक नियोग र लोकमार्गको सुरक्षासम्वन्धी सूचना सङ्कलन, विश्लेषण, उपयोग, समन्वय र सुरक्षा प्रवन्ध
३. संघ र प्रदेश प्रहरीसम्वन्धी कानून, सुपरीवेक्षण र समन्वय,
४. अपराध रोकथाम तथा नियन्त्रणसम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
५. अपराध अनुसन्धान र अपराध अनुसन्धानको अभिलेख,
६. अपराध नियन्त्रणसम्वन्धी अन्तर्राष्ट्रिय क्षेत्रीय समन्वय तथा सहयोग,
७. सुपुर्दगी सम्वन्धी कानून, सन्धि, सम्झौता र कार्यान्वयन,
८. नागरिकतासम्वन्धी नीति, कानून, कार्यान्वयन र नियमन,
९. पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, लोपोन्मुख, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्वन्धी कानून,
१०. उमेर, नाम र जात सच्याउने सम्वन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
११. हातहतियार, खरखजाना तथा विस्फोटक पदार्थको प्रयोग सम्वन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियन्त्रण र नियमन,

१२. याताना पीडितसम्वन्धी नीति, कानून, मापदण्ड, समन्वय र नियमन,
१३. निवारक नजरबन्द, कारागार तथा हिरासत व्यवस्थापन सम्वन्धी नीति, कानून र मापदण्ड,
१४. अभियुक्त, थुनुवा र कैदी अन्तरप्रदेश स्थानान्तरण सम्वन्धी,
१५. शरणार्थी मामिला सम्वन्धी नीति, कानून र व्यवस्थापन,
१६. सम्पत्ति प्राप्ति, जग्गा प्राप्ति, अधिग्रहण र मुआब्जा सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
१७. चिट्ठा तथा जुवा नियन्त्रणसम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
१८. विपद् व्यवस्थापनसम्वन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
१९. राष्ट्रिय विपद् कोष स्थापना र सञ्चालन तथा प्रादेशिक विपद् कोषमा सहयोग र समन्वय,
२०. सजाय माफी, मुल्तवी र परिवर्तन,
२१. निर्वाचन तथा जनमत संग्रह,
२२. सार्वजनिक विदा, उत्सव, उर्दी आदिको व्यवस्थापन,
२३. इन्टरपोल तथा अन्तर्राष्ट्रिय प्रहरी सङ्गठनरूसँगको सम्पर्क र समन्वय,
२४. मानवअधिकार र नागरिक स्वतन्त्रताको संरक्षण तथा प्रवर्द्धन,
२५. अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यमा सहयोग र समन्वय,
२६. अन्तर्राष्ट्रिय सीमा, सीमा स्तम्भको सुरक्षा, सीमा प्रशासन तथा अन्तर्राष्ट्रिय सिमानाको सुरक्षा,
२७. सशस्त्र विद्रोह, आर्थिक तथा सङ्गठित अपराध, आतङ्ककारी क्रियाकलाप एवं अवैध संघसस्थाहरूको गतिविधि नियन्त्रण र वारुदी सुरुङ्गको निवारण,
२८. सार्वजनिक चासो र महत्वका सूचना सङ्कलन, आदानप्रदान, विश्लेषण, उपयोग र संरक्षण,
२९. राष्ट्रिय परिचयपत्र व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
३०. विदेशी नागरिकको प्रवेश, उपस्थिति, गतिविधि तथा प्रस्थानको व्यवस्थापन, नियमन, नियन्त्रण र अभिलेखीकरण,
३१. अध्यागमन,
३२. अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति समन्वय,
३३. उपाधि, सम्मान तथा विभूषण र सुशोभन,
३४. द्वन्द्व पीडित तथा विस्थापित व्यक्तिहरूको राहत तथा पुनर्स्थापना,
३५. आर्थिक सहायता,
३६. लागू औषध नियन्त्रण,
३७. धार्मिक विषय, तीर्यस्थान र तीर्थयात्री,
३८. कल्याण धन र वेवारिसी धन,
३९. सार्वजनिक स्थानमा अवाञ्छित व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराधको नियन्त्रण,
४०. सार्वजनिक चन्दा सङ्कलन नियमन र नियन्त्रण,
४१. गृह प्रशासन (कारागार, शान्ति सुव्यवस्था, लागू औषध, प्रकोप व्यवस्थापन, सुपुर्दगी लगायत) विषयक राष्ट्रिय अन्तर्राष्ट्रिय समन्वय र सम्पर्क,
४१. सार्वजनिक विषयसँग सम्वन्धित विवाह, घटनाको जाँचबुझ र अनुसन्धान,
४२. सवारी नियन्त्रण तथा सरकारी सवारी साधनको व्यवस्थापन र समन्वय,
४३. मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, सम्पर्क र समन्वय,
४४. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान आदिको सञ्चालन र नियमन
४५. अरु मन्त्रालयको कार्य विभाजनमा नपरेका विषय ।

देशव्यापी सञ्जालमा फैलिएको यो निकाय आमजनताको सर्वाधिक चासोमा आउने गर्दछ । मन्त्रालय मातहत निम्न बमोजिमका निकायहरू रहेका छन् :

१. नेपाल प्रहरी

२. सशस्त्र प्रहरी बल
३. अध्यागमन विभाग
४. कारागार व्यवस्था विभाग
५. प्रहरी किताबखाना
६. राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र

साथै मन्त्रालय मातहत जिल्ला प्रशासन कार्यालयहरू रहेका छन् ।

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारीको व्यवस्था गृह मन्त्रालय र यस मातहतका निकायमा गरिएको छ ।
- स्वस्फूर्त रूपमा सूचना प्रकाशन गर्ने कार्य भइरहेको छ ।
- सर्वसाधारणले उजूरी गुनासोहरू मन्त्रालयमै पुगेर, सामाजिक सञ्जाल टेलिफोन (हेलो सरकार) मार्फत दिन सक्ने व्यवस्था गरिएको छ ।
- मन्त्रालय तथा मातहतका निकायले गर्ने कार्यक्रममा सूचनाको हकको विषय केही निकायले गर्ने गरेका छन् भने केहीले गरेका छैनन् ।
- राष्ट्रिय सूचना आयोगले सूचना दिनु भनी भए गरेका आदेशको कार्यान्वयन भएको छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- कर्मचारीहरूको सरुवासँगै नयाँ आउने सूचना अधिकारीहरू स्वयं आफ्नो काम, कर्तव्यका बारेमा स्पष्ट नभएको पाइयो ।
- सूचना अधिकारी र प्रवक्ताको काम उस्तै हो कि झैं बुझाई पाइएकाले सूचना अधिकारी र प्रवक्ता फरक कुरा हुन् भनेर बुझाउनु पर्ने आवश्यकता छ ।
- सूचना अधिकारीको नाम, फोटो र फोन नम्वर सहितको फ्लेक्स बोर्ड मन्त्रालय लगायत धेरै निकायमा बाहिर नदेखिएकोले यसका लागि पहल गर्नु पर्ने आवश्यकता देखिन्छ ।



३.५ परराष्ट्र मन्त्रालय

नेपालको परराष्ट्र दौत्य सम्बन्धमा महत्वपूर्ण कडीको रूपमा रहेको परराष्ट्र मन्त्रालय स्वदेशमा कम विदेशमा बढी कार्यालय रहेको महत्वपूर्ण सरकारी निकाय हो । मन्त्रालयले नेपालको वैदेशिक नीति, योजना र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याँकनको कार्य गर्दछ । विदेशी मुलुकसँगको सम्बन्ध, विदेशमा नेपालको प्रतिनिधित्व, विदेशमा नेपालको प्रचार, विदेशमा नेपाली भिसा र पासपोर्ट जारी, प्रोटोकल, गैर आवासीय नेपाली, विदेशमा रहेबसेका नेपाली नागरिकको रेकर्ड राख्ने, आर्थिक कुटनीति, कन्सुलर सेवा, राष्ट्रसंघ, आसियान तथा अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय संघसंस्थासँग सम्पर्क, नेपालमा विदेशी कुटनीतिक नियोग, कुटनीतिक स्तरमा मध्यस्थता र सम्झौता, परराष्ट्र सेवा

सञ्चालन लगायतका कार्यहरू गर्दछ। यो मन्त्रालय मातहत केन्द्रस्तरमा निम्न निकायहरू रहेका छन् :

१. राहदानी विभाग
२. कन्सुलर सेवा विभाग
३. परराष्ट्र मन्त्रालय वीरगन्ज सम्पर्क कार्यालय
४. परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान
५. विदेशस्थित राजदूतावास, नियोग र महावाणिज्यदूतावास

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारी तोकिएको।
- ३,३ महिनामा स्वतः विवरण प्रकाशन गर्नुपर्ने प्रावधानको पालना गर्ने क्रममा रहेको देखियो। तर मन्त्रालय अन्तर्गतका सबै कार्यालयले यसको पालना गरेको भन्न सकिएन।
- सूचना माग सम्वन्धी दर्ता तथा चलानी छुट्टै राख्ने गरिएको।
- सूचनाको हकसम्वन्धी तालिमको अभाव।
- सूचना मागकर्तालाई समयमै सूचना प्रवाह गर्न निर्देशन दिने गरिएको।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- परराष्ट्र मन्त्रालयमा आम नागरिकको चासो र सूचना मागिरहनुपर्ने अवस्था आउँदैन भन्ने सोचमा सुधार आएको देखिन्न।
- सूचना माग्नेको संख्या न्यून रहेकोले सूचना व्यवस्थापनका बारेमा खासै चासो राखेको देखिएन।
- हालसम्म सूचनाको वर्गीकरण हुन नसकेकोले कस्ता सूचना दिनु हुने र कस्ता सूचना दिन नहुने भन्ने अन्योलता रहेको पाइयो।
- आरटीआई अडिट गर्दा विगत वर्षमा आरटीआई अडीटरले औंल्याएका सुझाव कार्यान्वयन भए नभएको भन्ने बारेमा पनि सूचक राख्नुपर्ने देखिन्छ।
- लाखौं नेपाली नागरिक वैदेशिक रोजगारीमा गएकोले उनीहरूलाई विदेशमा अप्ठेरो पर्दा आवश्यक पर्ने सूचना तथा उद्धार गर्न आवश्यक पर्ने जानकारी विदेशस्थित नियोगहरूबाट समयमै उपलब्ध गराउनका लागि सूचनाको हकसम्वन्धी व्यवस्था विदेशस्थित राजदुतावास लगायत कन्सुलर शाखामा रहेका कर्मचारीका लागि पनि तालिम दिनुपर्ने देखिन्छ।



३.१० भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

नेपालको विकास बजेटको ठूलो हिस्सा ओगट्ने तथा जनतासँग प्रत्यक्ष जोडिएको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले जमिन, जल, रेलवे र रोपवे यातायातको निर्माण र विकास सम्बन्धमा नीति, योजना र कार्यक्रम तर्जुमा र सञ्चालन गर्दछ। मन्त्रालयले सडक र पुलहरूको निर्माण र मर्मत गर्दछ, हाउजिङ र भौतिक योजनाका

क्षेत्रमा अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघसंस्थासँग सम्पर्क र सहयोग आदानप्रदान गर्दछ, राजमार्गहरूको निर्माणसँग सम्वन्धित अन्तर्राष्ट्रिय संघसंस्थासँग सम्बन्ध र सम्पर्क गर्दछ । यस मन्त्रालयको जिम्मेवारीमा मुख्यतः निम्न कार्यहरू रहेका छन् :

१. राष्ट्रिय यातायात विकास र व्यवस्थापन सम्वन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन,
२. राष्ट्रिय यातायात पूर्वाधार सञ्जाल र अन्तर प्रादेशिक यातायात विकासको अन्तरसम्बन्ध,
३. वातावरण, अपाङ्गता र लैङ्गिकमैत्री तथा विपद् जोखिम संवेदनशील यातायात प्रविधिको प्रवर्द्धन
४. राष्ट्रिय रेलमार्ग, सहरी मेट्रो रेललगायत रेल प्रणाली, रेल सुरक्षा प्रणाली सम्वन्धी नीति, कानून र मापदण्ड,
५. राष्ट्रिय तथा अन्तरदेशीय रेल सेवा सञ्चालन,
६. रेल सेवा भाडादर तथा महसुल निर्धारणको मापदण्ड र नियमन,
७. राष्ट्रिय लोकमार्ग सम्वन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन,
८. राष्ट्रिय लोकमार्ग अन्तर्गतका आयोजना पहिचान, अध्ययन, निर्माण, मर्मत सम्भार, महसुल र व्यवस्थापन,
९. राष्ट्रिय लोकमार्गमा फ्रन्टल एक्सेस नियन्त्रण, शाखा सडकको पहुँच बिन्दु र सडक सीमाक्षेत्रको व्यवस्थापन र नियमन,
१०. राष्ट्रिय लोकमार्ग सम्वन्धी तथ्यांक सङ्कलन, अभिलेखीकरण र सूचना प्रवाह,
११. सडक प्रविधिको विकास सम्वन्धी अध्ययन र अनुसन्धान,
१२. सडक तथा अन्य वैकल्पिक यातायात प्रविधि, लगानी र अन्तर्देशीय यात्रुबाहक यातायात सेवा सञ्चालन,
१३. राष्ट्रिय लोकमार्गमा सञ्चालन हुने सार्वजनिक यातायातको रुट अनुमति, भाडा निर्धारण र नियमन,
१४. सवारी साधनहरूको राष्ट्रिय मापदण्ड निर्धारण, नियन्त्रण तथा विस्थापन,
१५. सडक सुरक्षा सम्वन्धी नीति, कानून, मापदण्ड, समन्वय र नियमन,
१६. रज्जुमार्ग, केबलकार, जलमार्गलगायत वैकल्पिक यातायात सम्वन्धी नीति, कानून र मापदण्ड,
१७. राष्ट्रिय महत्वका वैकल्पिक यातायातका आयोजना पहिचान, अध्ययन र विकास,
१८. आधारभूत यातायात नीति र मापदण्ड,
१९. मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धी, सम्पर्क र समन्वय,
२०. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
२१. नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको हाइवे र रेल्वे उपसमूहको सञ्चालन ।

यस मन्त्रालय मातहत केन्द्र स्तरमा निम्न निकायहरू रहेका छन् :

१. सडक विभाग
२. यातायात व्यवस्था विभाग
३. रेल विभाग
४. सडक बोर्ड नेपाल
५. नेपाल इन्जिनियरिङ परिषद्
६. काठमाडौं-तराइ-मधेश फास्ट ट्र्याक आयोजना
७. काठमाडौं दिगो सहरी यातायात आयोजना
८. रेल्वे तथा मेट्रो विकास आयोजना
९. बाढीजन्य क्षति पुनः निर्माण आयोजना

साथै, यही मन्त्रालय मातहत जिल्लास्तरीय कार्यालयहरू समेत रहेका छन् ।

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थितिः

- सूचना अधिकारी तोकिएको । मन्त्रालय र मातहतका धेरै निकायमा सूचना अधिकारीहरूको तस्वीर र मोबाइल नम्वर सहितको विवरण वेवसाइटमा राखिएको ।
- स्वतः प्रकाशनमा जागरुकता रहेको । तर ऐन बमोजिम ३,३ महिनामा निर्धारित सूचना अद्यावधिक गरी प्रकाशित गर्नुपर्ने भन्ने व्यवस्था बमोजिम नभएको ।
- सूचना मागको निवेदन छुट्टै रजिष्टरमा दर्ता गर्ने र छुट्टै फाइल खडा गर्ने कार्यमा जागरुकता रहेको ।

- सूचनाको हकको बारेमा सूचना माग नै नआएकोले छुट्टै रजिष्टर खडा नगरिएको, तर माग भइआएमा छुट्टै रजिष्टर खडा गरिने जानकारी प्राप्त ।
- मन्त्रालय र मातहतका निकायले संचालन गर्ने तालिममा सूचनाको हक समावेश गर्न आयोगले दिएको आदेशको कार्यान्वयनको स्थितिमा जागरुकताको अवस्था रहेको । राष्ट्रिय सूचना आयोगका आदेशको अवज्ञा गरेको अवस्था नपाइएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- राष्ट्रिय सूचना आयोगले कार्यालय प्रमुख र सूचना अधिकारीलाई एकैसाथ राखी सूचनाको हकसम्वन्धी तालिम तथा पुनर्ताजगी तालिम प्रदान गर्ने क्रियाकलापलाई निरन्तरता दिनु आवश्यक छ ।
- राष्ट्रिय सूचना आयोगले प्रदेश सरकार, स्थानीय तहका जनप्रतिनिधिहरू लगायत सम्वद्ध सरकारी कर्मचारीहरूलाई पनि जानकारी दिने र सुशासन प्रति जिम्मेवार बनाउन नियमित रुपमा सूचनाको हकसम्वन्धी अन्तरक्रिया, गोष्ठी संचालन गर्नु जरुरी छ ।
- नेपाल सरकारका मन्त्रीहरूकै उपस्थितिमा सूचनाको हकसम्वन्धी अन्तरक्रिया, गोष्ठी आयोजना गर्नु पर्दछ ।
- प्रत्येक स्थानीय तहले आफ्नो वार्षिक बजेटलाई वेवसाइट मार्फत स्थानीय तहका जनप्रतिनिधिहरूलाई जानकारी गराउनु पर्दछ ।
- राष्ट्रिय सूचना आयोगले नियमित रुपमा अनुगमन गर्दा कार्यालय प्रमुखको अनिवार्य उपस्थितिमा सूचना अधिकारी सहितसँग छलफल गरी अनुगमन गर्नु पर्दछ ।
- प्रदेश सरकारको बजेट तथा कार्यक्रमबारे कलेज तथा विश्वविद्यालयका विद्यार्थीहरूलाई आफ्नो प्रदेशमा के कस्ता बजेट तथा कार्यक्रमको व्यवस्था भएको र सो अनुसारका क्रियाकलापहरू भइरहेका छन् भन्ने कुराको जानकारी दिने अभिप्रायले शैक्षिक भ्रमण गराउन राष्ट्रिय सूचना आयोगले कलेज तथा विश्वविद्यालयका व्यवस्थापन समितिलाई आह्वान गर्नु पर्दछ ।
- सूचना अधिकारीको स्तर कार्यालय प्रमुख भन्दा एक तह मुनिको बनाइएमा सूचनाको हकको प्रभावकारिता बढ्न जाने हुँदा सो अनुसार आयोगले निर्देशन दिनु पर्दछ ।
- प्रत्यक्ष सरोकार नराख्ने व्यक्तिहरूले सूचनाको हकको हवाला दिएर निहित स्वार्थ साध्नका लागि सूचना माग्न आउने प्रवृत्ति बढिरहेको सन्दर्भमा त्यसलाई निरुत्साहित गर्ने पद्धतिको विकास गर्नु पर्दछ । नागरिकलाई पनि जिम्मेवार बनाउनु सुशासनको मर्म हो भन्ने कुरालाई प्रचार प्रसार गरी आफूलाई समय सापेक्ष र सान्दर्भिकताको आधारमा सूचना माग गर्न उत्प्रेरित गर्नु पर्दछ ।



३.११ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

मुलुकको कूल जनसंख्याको आधा हिस्सा ओगटेका महिला, लाखौं बालबालिका र ज्येष्ठ नागरिकहरूसँग जोडिएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय स्वयंको कार्यक्षेत्र र सञ्जाल अत्यन्त सीमित छ, र मुलुकको पहिलो प्राथमिकता र रोजाईको मन्त्रालयमा यो पर्दैन जुन अत्यन्त दुःखद हो ।

यस मन्त्रालयले मुख्यतः निम्न कार्य गर्दछ :

१. महिला हक एवं सशक्तीकरण सम्वन्धी नीति, कानून र मापदण्ड
२. अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री,
३. महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण,
४. जेष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका व्यक्ति सम्वन्धी,
५. महिला सशक्तीकरण तथा लैङ्गिक समानताका विषयमा अध्ययन, अनुसन्धान
६. लैङ्गिक हिंसा सम्वन्धी निरोधात्मक र पुनर्स्थापना सम्वन्धी नीति, कानून र मापदण्ड,
७. बालबालिका, बालकल्याण, उद्धार, पुनर्स्थापना र बृद्धाश्रम सम्वन्धी नीति, कानून, र मापदण्ड,
८. गैरसरकारी संस्था सम्वन्धी नीति, कानून, मापदण्ड नियमन र अनुगमन,
९. राष्ट्रिय महिला आयोग,
१०. समाज कल्याण परिषद,
११. मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धी, सम्पर्क र समन्वय,
१२. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

मुख्यतः यो मन्त्रालय मातहत निम्न निकायहरूका साथै पचहत्तरै जिल्लामा महिला तथा बालबालिका कार्यालय रहेका छन् :

१) महिला, बालवालिका तथा जेष्ठ नागरिक विभाग
२) केन्द्रीय बालकल्याण समिति
३) समाज कल्याण परिषद्

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- यस मन्त्रालय र सम्वद्ध निकायमा सूचना अधिकारी तोकिएका छन् । तर कतिपय नाम, तस्वीर, ठेगाना, फोन आदि परिचयात्मक विवरण वेवसाइटमा छ, कतिपयेको छैन । मन्त्रालयमा सूचना अधिकारीको परिचय र कार्यकक्ष विवरणको सूचना टांसिएको छैन । भर्खरै नयाँ सूचना अधिकारी तोकिएकोले सो कार्य हुन नसकेको बताइयो । यसबारे सजगता भने देखिन्छ ।
- यस मन्त्रालय र मातहतका निकायमा स्वतः प्रकाशनको विवरण नियमित रुपमा तयार गर्ने र वेवसाइटमा राख्ने अभ्यास देखिएन । मन्त्रालय र विभाग दुवैले वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरेको र सो प्रकाशनलाई नै सूचनाको हकसम्वन्धी व्यवस्था अनुरुप प्रकाशित गरेको भनी उल्लेख गरेका छन् । यो एक सकारात्मक प्रयास हो । तर वेवसाइटमा डेडिकेटेड मेनु राखी नियमित अद्यावधिक गर्नु जरुरी देखिन्छ ।
- सूचनाको हक कार्यान्वयनलाई आम पारदर्शीता र सेवा प्रवाहको अवस्थासँग मन्त्रालयका पदाधिकारीले व्याख्या गर्नु भएर धेरैजसो जानकारीहरू सिधै सेवाग्राही समक्ष पठाउने रणनीति लिएको बताउनुभएको छ । यसबाट व्यवस्थित सूचना व्यवस्थापन, सूचनामा नागरिकको सहज पहुँच र नियमित प्रवाह जस्ता प्रणालीगत सुधारतर्फ ध्यान कम गएको देखियो ।
- सूचनाको हकसम्वन्धी विषयलाई लैङ्गिक मूल प्रवाहीकरणका प्रशिक्षणहरूमा समावेश गरेको तर सूचनाको हककै विशेष विषयगत प्रशिक्षणहरू सञ्चालन भएको देखिएन ।
- राष्ट्रिय सूचना आयोगको सूचना दिनू भन्ने आदेश परिपालना गर्न भने मन्त्रालय र सम्वद्ध निकायका पदाधिकारी सचेत र सकारात्मक देखिनुभयो । यसैगरी आयोगसँगको साझेदारीको पक्षमा उत्सुक देखिनुभयो ।
- कति सूचना र तथ्याँक सहज रुपमा सार्वजनिक गर्न मिल्छ र सकिन्छ भन्ने सन्दर्भमा उच्च पदाधिकारीहरूमा अस्पष्टता रहेको र यसले गर्दा कतिपय सूचनाका मागमा सकारात्मक सम्बोधन गर्न नसकिएको स्वीकारोक्ती पनि भेटियो । यस्तै प्रवक्ता र सूचना अधिकारीबीचको बुझाईको अन्योल पनि कायम नै देखियो ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालयहरूका वेबसाइटहरूको न्यूनतम मापदण्ड र डिजाइन तथा कन्टेन्टमा एकरुपता गराई सूचनाको हकसम्वन्धी कानुनका दायित्वहरू पूरा गर्न सहयोगी प्लेटर्फमका रुपमा विकास गर्न आवश्यक देखियो ।

- प्रवक्ता र सूचना अधिकारी बारेको बुझाईमा परिर्वतन ल्याउन र सूचना अधिकारीका रुपमा मन्त्रालयमा सहसचिवलाई नै तोक्न स्पष्ट निर्देशनको आवश्यकता छ ।
- मन्त्रालय र केन्द्रीय निकायहरूको अभिलेख व्यवस्थापन एवं डाटा म्यानेजमेन्ट सम्वन्धी नीति, रणनीति र कार्यक्रम तर्जुमा गरी प्रणालीगत सुधारको लागि विशेष कार्यक्रम नै आवश्यकता महसुस भएको छ ।
- सूचना अधिकारी परिर्वतन हुनेबित्तिकै आयोगको रेकर्ड प्रणालीमा सुधार गर्न र सूचना अधिकारीहरूलाई प्रारम्भिक परिचयात्मक तालिम दिने प्रवन्ध गरिनु पर्ने देखियो ।
- मन्त्रालयगत तहमा नियामकहरूका सूचना अधिकारीको नियमित बैठक एवं समीक्षा प्रणालीको संयन्त्रगत प्रवन्ध गर्नुपर्ने देखियो. ।
- पत्रकार र सञ्चार माध्यमसँगको सम्पर्क र सूचना आदानप्रदानको नियमित क्यालेन्डर बनाई कार्यान्वयन गर्नु पर्ने देखियो ।
- महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका गतिविधिहरू सिधै सामान्य नागरिकसम्म पुग्ने भएकोले सो कार्यक्रमहरूसँग सूचनाको हकलाई एकअर्कासँग सम्वन्धित (cross cutting) विषयका रुपमा एकीकृत गरी अगाडि बढाउने रणनीति आयोगले बनाउनु उपयुक्त देखिन्छ ।



महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र मातहतका निकायहरु

३.१२ युवा तथा खेलकुद मन्त्रालय

युवा तथा खेलकुद क्षेत्रको विकास गर्ने उद्देश्यले युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएको हो । यो क्षेत्रका लागि आवश्यक नीति, ऐन, नियमावली र निर्देशिकाहरू तर्जुमा गर्ने तथा समसामयिक परिमार्जन गर्ने कार्यको मुख्य जिम्मेवारी यही मन्त्रालयको हो । युवालाई स्वदेशमै सक्रिय तुल्याउने, स्वस्थ, सीपयुक्त र स्वावलम्बी युवा बनाउन यस मन्त्रालयले कार्य गर्दछ । देशभर सरकारी तथा स्थानीय पहलमा फैलिएको यो क्षेत्रमा लाखौं युवा आवद्ध छन् । यस मन्त्रालयका प्रमुख कार्यहरू निम्न छन् :

१. युवा, खेलकुद र स्काउट सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
२. राष्ट्रियस्तरका खेलकुद संघसंस्थाको नियमन र समन्वय,
३. राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रियस्तरमा खेलकुद विकास र प्रवर्द्धन,
४. राष्ट्रिय, प्रादेशिक र अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,
५. युवा जागरण तथा विकास,
६. राष्ट्रिय खेलकुद परिषद,
७. युवा रोजगार कोष,
८. मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धी, सम्पर्क र समन्वय,
९. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

यो मन्त्रालय मातहत निम्न केन्द्रीय निकाय रहेको छ :

१. राष्ट्रिय खेलकुद परिषद्
२. राष्ट्रिय युवा परिषद्
३. युवा तथा साना व्यवसायी स्वरोजगार कोष
४. नेपाल स्काउट

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायमा सूचना अधिकारीको व्यवस्था गरिएको ।
- सूचना अधिकारीको तस्वीर सहितको फ्लेक्स बोर्ड राखिएको ।
- परिचय दिँदा सबै सूचना अधिकारीहरू तथा सहायक अधिकारीहरूले सूचना अधिकारी भनेर नै परिचय दिएको ।
- वेवसाइट अद्यावधिक गरेको ।
- तीन तीन महिनामा स्वतः प्रकाशनको कार्यलाई निरन्तरता दिइएको ।
- सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल खडा गरेको ।
- सूचना प्रवाहमा प्रभावकारिता ल्याउन मन्त्रालय र मातहतका सूचना अधिकारी र सहायक सूचना अधिकारीहरूको चार महिनाको अन्तरालमा दुई पटक बैठक बसेको ।
- मन्त्रालय सम्वन्धित निकायहरूले माग भएका सूचनाहरूको दर्ता छुट्टै रजिष्टरमा गर्ने गरिएको ।
- राष्ट्रिय युवा परिषद्को सूचना प्रवाहमा विविध माध्यम अपनाएको छ र यसले नोटिस बोर्ड सेवा १६१८०१४२५३८२९ समेत सञ्चालनमा ल्याएको छ ।
- हरेक कार्यक्रमका प्रतिवेदनहरू वेवसाइटमा राखिएका छन् ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालय र मातहतका सबै केन्द्रीय निकायहरूलाई सूचना प्रवाहका बारेमा उत्तिकै सचेत र दक्ष बनाउनुपर्ने आवश्यकता छ, जस्तै राष्ट्रिय खेलकुद परिषद् ।
- केही सूचना अधिकारीलाई अझै पनि सूचना भनेको बिल, भौचर मात्रै हो कि भन्ने संसय रहेछ । मन्त्रालय अन्तर्गत केही प्रमुख तथा सूचना अधिकारी ज्यादै सचेत र दक्ष रहेको तर केहीले सूचनाको महत्वलाई प्राथमिकतामा नराख्नेजस्तो देखिन्छ, यो भिन्नतामा सुधार ल्याउनु जरुरी छ ।
- सूचना अधिकारीहरूलाई महालेखाको प्रतिवेदन, मन्त्रालयका निर्णयहरू, लगायतका कागजात समयमै अवगत गराउनुपर्ने आवश्यकता छ ।
- मन्त्रालय सम्वन्धी विषयको अध्ययन, अनुसन्धान र सर्वेक्षण र मन्त्रालय अन्तर्गत रहेको निकाय, राष्ट्रिय युवा परिषद्ले एकदमै राम्रोसँग राखेको तर ती अध्ययन र अनुसन्धानका प्रतिवेदनहरू स्थानीय स्तरसम्म पुर्‍याउन अझै खट्न सकियो भने उदाहरण बन्न सक्दछ ।
- युवा तथा खेलकुद मन्त्रालयको वेवसाइटमा तालिम सम्वन्धी कुनै सूचना पाइएन । तालिम हुँदै नभएको हो वा भएर पनि अपडेट नभएको हो, सर्वसाधारणले जानकारी पाउन नसक्ने अवस्था देखियो ।
- कतिपय निकायका वेवसाइट अँग्रेजी भाषामा राखेको पाइयो ।
- युवा तथा साना उद्यमी स्वरोजगार कोषले प्रदान गर्ने सेवाका बारेमा भएगरेका अध्ययन र अनुसन्धानलाई सरोकारवालाहरू समक्ष पुर्‍याउन के के गरियो भन्ने सूचना एवं जानकारी वेवसाइटमा राखेको पाइएन ।
- मन्त्रालय र मातहतका निकायले नेपाल सम्वन्धी सामान्य जानकारी तथा अन्य महत्वपूर्ण सूचनालाई अद्यावधिक गर्न ध्यान दिएको पाइएन ।
- कतिपय सूचना अधिकारीहरूले सूचनाको हक बारे प्रचार प्रसार गर्ने कुरालाई सूचना अधिकारी तोक्ने र फ्लेक्स बोर्ड झुन्ड्याउने कुरासँग मात्रै सिमित राखेको महसुस गरियो ।



३.१३ रक्षा मन्त्रालय

राष्ट्रिय सुरक्षा नीति सम्वन्धी योजना र कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने, नेपाली सेनाको गठन, लोकतान्त्रिकरण, पुनर्संरचना, परिचालन, व्यवस्थापन र नियन्त्रण गर्ने, सैनिक अधिकृत र जवानहरूको अनुशासन र सेवा शर्त तोक्ने, सैनिक तालिम र सेनाको सुविधा व्यवस्थापन गर्ने, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा महत्वपूर्ण सम्पदा, स्मारकहरूको सुरक्षा समेतका कार्यहरू गर्ने गरी रक्षा मन्त्रालयको स्थापना भएको हो । यस मन्त्रालयका मुख्य मुख्य कार्यहरू निम्न बमोजिम छन् :

१. राष्ट्रिय सुरक्षा सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
२. राष्ट्रिय तथा रणनीतिक सुरक्षा सम्वन्धी सूचना सङ्कलन, विश्लेषण, सञ्चार प्रणाली एवं सञ्जाल स्थापना, सञ्चालन र व्यवस्थापन,
३. राष्ट्रिय सुरक्षा परिषद र सुरक्षा क्षेत्र सुधार,
४. अन्तराष्ट्रिय सिमानाको सुरक्षा समन्वय,
५. सीमा क्षेत्र सम्वन्धी सूचना सङ्कलन, विश्लेषण तथा उपयोग,
६. नेपाली सेना गठन तथा परिचालन सम्वन्धी नीति, रणनीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, नियन्त्रण र नियमन
७. सैनिक व्यारेक तथा कार्यालय व्यवस्थापन,
८. सैनिक अधिकृत तथा जवानको अनुशासन, सेवाका शर्त, सैनिक तालिम तथा सुविधा,
९. सैनिक प्रतिष्ठान (इन्स्टलेसन) र सञ्चार तथा यातायात,
१०. हातहतियार, खरखजाना तथा विस्फोटक पदार्थ र असबाब उत्पादन र प्रयोग, सोसम्वन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियन्त्रण तथा सिलखाना,
११. सैनिक भण्डार,
१२. सैनिक हातहतियार तथा सामग्री खरिद र उत्पादन,
१३. नेपाली सैनिक विमान सेवा,
१४. सैनिक गुप्तचर विभाग,
१५. सैनिक निर्माणशाला,
१६. बारुदी सुरुङ निष्प्रभावीकरण सम्वन्धी नीति, कार्यान्वयन र समन्वय,
१७. राष्ट्रिय सेवा दलको सङ्गठन, तालिम र प्रशासन,
१८. विकास कार्य र विपद् उद्धार कार्यमा सहयोग,

१९. सैनिक अस्पताल, सैनिक कल्याण र सैनिक कल्याणकारी योजना,

२०. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा महत्वपूर्ण राष्ट्रिय सम्पदा एवं स्मारकको सुरक्षा,

२१. अन्तर्राष्ट्रिय शान्ति प्रवर्द्धनमा सहयोग,

२२. मन्त्रालयसम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय ।

मन्त्रालय मातहत निम्न बमोजिम केन्द्रीय निकाय रहेको छ :

१. नेपाली सेना

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- रक्षा मन्त्रालय र नेपाली सेनाको मुख्यालय, काठमाडौंमा सूचना अधिकारी तोकेको पाइयो ।
- ३,३ महिनामा स्वतः विवरण प्रकाशन गर्नुपर्ने प्रावधानको आंशिक पालना गरेको देखियो । तर मन्त्रालय अन्तर्गतका सबै कार्यालयले यसको पालना गरेको भन्न सकिन्न ।
- आरटीआईसम्वन्धी सूचना माग गर्नेको दर्ता तथा चलानी रजिष्टर राखेको पाइयो ।
- मन्त्रालयमा सूचना माग भै आएको अवस्थामा सूचना दिने गरिएको छ । तर मातहतका कार्यलयका बारमा यथेष्ट जानकारी प्राप्त हुन सकेन ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- नागरिकका चासो सम्वन्धित सूचना प्रवाहमा सक्रियता आउन सकेको छैन ।
- रक्षा मन्त्रालय र मातहतका कार्यालयहरूले स्वतः प्रवाह गर्नुपर्ने सूचनाको चासो र महत्वका बारेमा राष्ट्रिय सुचना आयोगको तर्फबाट उक्त निकायका पदाधिकारीसँग थप छलफल गर्नुपर्ने देखिन्छ ।
- हालसम्म सूचनाको वर्गीकरण हुन नसकेकोले कस्ता सूचना दिनुहुने र कस्ता सूचना दिन नहुने भन्ने अन्यौल रहेको देखियो ।
- सूचनाको हकसम्वन्धी तालिम मन्त्रालय अन्तर्गतका सबै निकाय लगायत तालिम पाठ्यक्रममा पनि सूचनाको हकसम्वन्धी प्रावधान समावेश गर्नुपर्ने देखिन्छ ।
- नेपाली सेना सम्वन्धी टेलिभिजन तथा रेडियो कार्यक्रमका माध्यमबाट सेनाका गतिविधि प्रसारण गर्ने गरिएको तर सूचनाको हकसम्वन्धी जानकारीमूलक सूचना समेत सम्प्रेषण गर्न सके थप प्रभावकारिता आउन सक्दछ ।
- हरेक वर्ष आरटीआई अडिट गर्दा विगत वर्षमा आरटीआई अडिटरले औंल्याएका सुझाव कार्यान्वयन भए नभएको भन्ने बारेमा पनि सूचक राख्नुपर्ने देखिन्छ ।



३.१४ वन तथा वातावरण मन्त्रालय

वन तथा वातावरण मन्त्रालयबाट सम्पादन गरिने कार्यहरूको क्षेत्र निकै व्यापक छ । नेपालको कूल भूभागको करिब ४० प्रतिशत वन जंगलले ढाकेको र ठूलो संख्या वनमा आश्रित रहेकोले पनि वन तथा वातावरण मन्त्रालयले गर्ने कार्यहरूको परिधि व्यापक रहेको हो । मन्त्रालयका प्रमुख कार्यहरू निम्न बमोजिम छन् :

१. राष्ट्रिय वन सम्वन्धी नीति, कानुन, मापदण्ड र नियमन,
२. राष्ट्रिय वनको सर्वेक्षण, वर्गीकरण, नाप नक्सा र सिमाङ्कन,
३. निजी वन, सार्वजनिक वन, सरकारी वन, धार्मिक वन, सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, चक्ला वनसम्वन्धी नीति, कानुन तथा मापदण्ड,
४. वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी नीति, कानुन र मापदण्ड,
५. राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र शिकार आरक्ष, सिमसार क्षेत्रसम्वन्धी नीति, कानुन र मापदण्ड,
६. हात्तीसार,
७. चिडियाखाना सम्वन्धी नीति, कानुन र मापदण्ड,
८. मध्यवर्ती क्षेत्र तथा संरक्षण क्षेत्र सम्वन्धी नीति र मापदण्ड,
९. जैविक विविधता, प्राकृतिक वातावरणको संरक्षण, सदुपयोग र स्रोतको व्यवस्थापन,
१०. वन्यजन्तु र जैविक विविधता र वन पैदावार ओसारपसार एवं अपराध नियन्त्रण सम्वन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
११. वन क्षेत्र अतिक्रमण र वन क्षेत्रको भू-उपयोगको परिवर्तन,
१२. वनस्पति उद्यान र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति, कानुन र मापदण्ड,
१३. हर्बेरियम व्यवस्थापन,
१४. वनस्पतिहरूको रासायनिक गुणहरूको परीक्षण, प्रयोगशाला, प्रत्यायान, प्रमाणीकरण र गुणस्तर,
१५. आनुवंशिक स्रोत, दुर्लभ तथा लोपोन्मुख प्रजाति र आयातित प्रजाति,
१६. वातावरण, जलवायु परिवर्तन, जलवायु परिवर्तन अनुकूलन, न्यूनीकरण सम्वन्धी नीति, कानुन र मापदण्ड,
१७. कार्वन सेवा र कार्वन संचिति,
१८. अन्तर प्रादेशिक जंगल, हिमाल, वन, संरक्षण क्षेत्र, जैविक विविधता तथा भू-जलाधार क्षेत्रको संरक्षण, सम्बर्धन र व्यवस्थापन सम्वन्धी नीति, कानुन र मापदण्ड,
१९. अन्तरदेशीय वन तथा वन्यजन्तु सम्वन्धी विषय,
२०. वन, वनस्पति, जलवायु परिवर्तन सम्वन्धी अध्ययन अनुसन्धान,
२१. प्राकृतिक नदीनाला, ताल तलैया, पोखरी, सीमसार एवं जलाधार क्षेत्रको पर्यावरणीय संरक्षण एवं स्वच्छता कायम सम्वन्धी नीति, कानुन, मापदण्ड र नियमन,
२२. वायु र वायुमण्डलको गुणस्तर, मापदण्ड, अनुगमन र लेखाजोखा,
२३. हरित अर्थतन्त्र सम्वन्धी नीति र मापदण्ड,
२४. विकीरण, जल, ठोस, तापीय, नाभिकीय, चुम्बकीय, विद्युतीय, रसायन, ध्वनी लगायतका प्रदूषण नियन्त्रण,
२५. हरितगृह ग्यासको मापदण्ड र नियमन,
२६. राष्ट्रियस्तरमा वातावरणीय सूचना प्रणाली,
२७. वातावरणीय प्रभाव अध्ययन सम्वन्धी नीति, कानुन, मापदण्ड र नियमन,
२८. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, राष्ट्रिय प्रकृति संरक्षण कोष,
२९. सशस्त्र वन रक्षक,
३०. मन्त्रालयसम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ, संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि सम्पर्क र समन्वय,
३१. नेपाल वन सेवाको सञ्चालन ।

केन्द्रदेखि जिल्ला गाउँ तहसम्म फैलिएको वन तथा वातावरण मन्त्रालयको समन्वय र मातहत निम्न केन्द्रीय निकायहरू रहेका छन् :

१. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग
२. भू तथा जलाधार व्यवस्थापन विभाग
३. वन विभाग
४. वनस्पति विभाग
५. वातावरण विभाग
६. केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र
७. रेड कार्यान्वयन केन्द्र
८. राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति
९. जडिबुटी उत्पादन तथा प्रशोधन क.
१०. वन पैदावार विकास समिति
११. दि टिम्बर कर्पोरेसन

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका केन्द्रीय निकायमा सूचना अधिकारी तोकिएको ।
- स्वतः प्रकाशन गर्ने राष्ट्रिय सूचना आयोगको आदेशको कार्यान्वयन हुन सकेको छैन । मन्त्रालयले बेलाबखत आवधिक प्रतिवेदनहरूलाई वेवसाइटमा राख्ने गरेको छ, र मातहतका निकायहरूले पनि स्वतः प्रकाशनलाई त्यति महत्व दिएका छैनन् ।
- मन्त्रालयमा सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने र छुट्टै फाइल खडा गर्ने गरिएको ।
- मन्त्रालय र मातहतका केन्द्रीय निकायहरू, विशेषगरी केन्द्रीय वन तालिम तथा प्रसार केन्द्रले सञ्चालन गर्ने तालिममा सूचनाको हक विषयलाई समावेश गरेको ।
- राष्ट्रिय सूचना आयोगबाट विभिन्न समयमा सूचना दिनु भनी गरिएका आदेशहरू कार्यान्वयन भएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- वन तथा वातावरण मन्त्रालय र मातहतका केन्द्रीय निकायहरूले सूचनाको हकलाई गम्भीरतापूर्वक लिएको देखिदैन । सूचना अधिकारीहरू नै सूचनाको हकसम्वन्धी ऐनका प्रावधानहरूका बारेमा खासै जानकार रहेको पाइएन ।
- मन्त्रालय र केन्द्रीय निकायका सूचना अधिकारीहरूलाई राष्ट्रिय सूचना आयोगको संयोजनमा नियमित अभिमुखीकरण, तालिम, अन्तरक्रिया आदि मार्फत प्रभावकारिता, अभिरुची र क्षमता अभिवृद्धि गर्नेतर्फ अग्रसर हुन जरुरी छ ।
- मन्त्रालयमा जस्तै अन्य केन्द्रीय निकायका सूचना अधिकारीहरूलाई मोबाइल, सिमकार्ड र रिचार्जकार्ड उपलब्ध गराई मोबाइल नम्वर वेवसाइटमा र अन्य माध्यममार्फत जानकारीमा ल्याउनु पर्दछ ।
- सूचना अधिकारीहरू प्राविधिक सेवाका नभई प्रशासन सेवाबाट राख्नुपर्छ ।
- छुट्टै RTI Portal को व्यवस्था हुनु आवश्यक छ ।
- राष्ट्रिय सूचना आयोगमा सबै संघीय र प्रादेशिक मन्त्रालयहरूले प्रत्येक वर्ष सूचनाको हक, पारदर्शिता परीक्षण गर्नु पर्दछ ।
- सूचनाको हकसम्वन्धी ऐन बमोजिम प्रकाशन गर्नुपर्ने सूचना बाहेक अधिकांश नागरिकको चासोको विषय र धेरै मागिने सूचनालाई पनि सार्वजनिक निकायले सोही प्रकाशन मार्फत स्वतः प्रकाशन गर्नु उपयुक्त हुन्छ ।
- सूचनाको हकसम्वन्धी ऐनमा समयसापेक्ष संशोधन गर्नु पर्दछ ।
- आम जनतालाई सूचना हकको प्रयोग गर्न उत्प्रेरित गर्नु पर्दछ ।
- सबै निकायका वेबसाइटहरू सूचनाको हक मैत्री ओपन फर्म्याटमा राख्नु पर्दछ । वेबसाइटको डिफल्ट भाषा नेपाली हुनु आवश्यक छ ।



३.१५ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

आमजनतासँग प्रत्यक्ष र परोक्ष व्यापक सम्बन्ध रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको दूरदृष्टि नै "राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको, बजारको मागलाई सम्बोधन गर्न सक्ने दक्ष एवं उत्पादनशील जनशक्ति विकासका लागि सबै तहमा गुणस्तरीय शिक्षाको समतामूलक पहुँच सुनिश्चित गर्ने" रहेको छ । केन्द्रदेखि देशका कुनाकाप्चामा प्रत्यक्ष र व्यापक सञ्जाल रहेको र राष्ट्रिय बजेटको ठूलो हिस्सा खर्च गर्ने यो मन्त्रालयसँग सूचना माग गर्नेहरूको संख्या ठूलो हुन सक्छ । यस मन्त्रालयका लागि तोकिएको जिम्मेवारी निम्न बमोजिम छ :

१. शिक्षा सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
२. केन्द्रीय विश्वविद्यालय सम्वन्धी नीति, कानून र मापदण्ड,
३. विदेशी विश्वविद्यालयसँगको सम्बन्धन, समकक्षता निर्धारण, प्रत्यायन (एक्रिडिटेसन), समन्वय तथा नियमन
४. केन्द्रीय पुस्तकालय सम्वन्धी नीति, कानून र व्यवस्थापन,
५. मानव संसाधन आवश्यकता प्रक्षेपण, राष्ट्रिय शैक्षिक योजना एवं मानवस्रोत विकास योजना,
६. विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारूप, मूल विषयको पाठ्यक्रम, नमुना पाठ्यपुस्तक र नियमन
७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको राष्ट्रिय नीति, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड,
८. विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता एवं समकक्षताको नीति र मापदण्ड,
९. शिक्षक तालिम सम्वन्धी नीति, मापदण्ड र स्तरीकरण, पाठ्यक्रम प्रारूप, योग्यता निर्धारण, सीप परीक्षणको मापदण्ड तथा तालिम केन्द्रसँगको समन्वय,
१०. विद्यालय तहको परीक्षाको राष्ट्रिय मापदण्ड, माध्यमिक तहको परीक्षा व्यवस्थापन तथा समकक्षता निर्धारण,
११. कूटनीतिक नियोगबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति,
१२. विदेशी शैक्षिक संस्थाबाट सम्बन्धन लिई सञ्चालन हुने शैक्षिक संस्थाको स्वीकृति, प्रत्यायन तथा नियमन,
१३. प्रदेश तथा स्थानीय तहको शैक्षिक विषयमा समन्वय,
१४. विश्व विद्यालय अनुदान आयोग, केन्द्रीय विश्वविद्यालय, खुला विश्व विद्यालय र केन्द्रीय स्तरका शैक्षिक प्रतिष्ठान,
१५. छात्रवृत्ति र विद्वत्तवृत्ति सम्वन्धी नीति र मापदण्ड,
१६. शैक्षिक अध्ययन, अनुसन्धानको स्वीकृति सम्वन्धी नीति, कानून र मापदण्ड,
१७. राष्ट्रिय प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याँक व्यवस्थापन,

१८. शैक्षिक गुणस्तर मानक निर्धारण, मापन तथा नियमन,
१९. राष्ट्रिय परीक्षा बोर्ड, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्,
२०. विज्ञान प्रविधिसम्वन्धी नीति, कानून, मापदण्ड
२१. वैज्ञानिक, अन्तरिक्ष विज्ञान र खगोल विज्ञान सम्वन्धी अध्ययन तथा अनुसन्धान,
२२. विज्ञान र प्रविधिको खोज, अनुसन्धान, आविष्कार, प्रवर्द्धन र विकास,
२३. विज्ञान प्रविधि विषयको तथ्याँक सङ्कलन, प्रशोधन र सर्वेक्षणको मापदण्ड,
२४. पारमाणविक प्रविधि, रेडियोधर्मी पदार्थहरूको गुणस्तर तथा उपयोगसम्वन्धी तथ्याँक प्रणालीको स्थापना, व्यवस्थापन र नियमन,
२५. जैविक तथा पारमाणविक प्रविधिको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन,
२६. ओजोन अध्ययन, सौर्य विकीरण मापन तथा सूचना प्रवाह,
२७. वैज्ञानिक उपकरण क्यालिब्रेसन तथा प्रमाणिकरण,
२८. रासायनिक पदार्थको उपयोग तथा प्रवर्द्धन, नियन्त्रण र नियमन,
२९. पारमाणविक पदार्थ, बेवारिसे स्रोतरूको खोज तथा पुनलाभ र व्यवस्थापन
३०. आणाविक ऊजायसम्वन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन
३१. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय विधि विज्ञान प्रतिष्ठान, प्लानेटेरियम, वेधशाला र विज्ञान संग्रहालय,
३२. मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तराष्ट्रिय संघसंस्थासँग सन्धी, सम्झौता, अभिसन्धी, सम्पर्क र समन्वय,
३३. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
३४. नेपाल शिक्षा सेवाको सञ्चालन (आर्कियोलोजी समूह बाहेक)।

यस मन्त्रालय मातहतका केन्द्रीय निकायहरू निम्न बमोजिम छन् :

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटीइभिटी)
२. राष्ट्रिय परीक्षा बोर्ड
३. शिक्षा विभाग
४. शैक्षिक जनशक्ति विकास केन्द्र
५. परीक्षा नियन्त्रण कार्यालय
६. पाठ्यक्रम विकास केन्द्र
७. अनौपचारिक शिक्षा केन्द्र
८. विद्यालय शिक्षक किताबखाना
९. शैक्षिक गुणस्तर परीक्षण केन्द्र
१०. शिक्षाका लागि खाद्य कार्यक्रम
११. व्यावसायिक तालिम योजना

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालयमा सूचना अधिकारी तोकिएको।
- स्वतः प्रकाशन नियमित रूपमा हुने गरेको। मन्त्रालयका मातहतका निकायहरूले गोरखापत्रमा महिनाको दुईपटक प्रगति विवरण दिने गरेका छन्।
- सूचना मागसम्वन्धी छुट्टै रजिष्टर र फाइल खडा गरिएका छन्। यद्यपी सूचनाको हकसम्वन्धी कानुनको प्रयोग गरी निवेदन नै दिएर सूचना माग्ने भन्दा पनि मौखिक सूचना माग्ने प्रचलन बढी छ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनू भनी भएका आदेशको कार्यान्वयन भइरहेको छ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालय र मातहतका निकायहरूका सूचना अधिकारीहरू परिवर्तन हुँदा राष्ट्रिय सूचना आयोगलाई सूचित गर्ने परिपाटी सबै मन्त्रालय र मातहतका निकायमा बसाउनु पर्दछ। जसका कारण सूचना अधिकारीहरूलाई

राष्ट्रिय सूचना आयोगका पदाधिकारी वा अभियानमा संलग्नहरूबाट अभिमुखीकरण तालिम दिन सकियोस् ।

- शिक्षा जस्तो जनसरोकारयुक्त मन्त्रालय र यसका मातहतका निकायमा सूचनाको हकसम्वन्धी कानुनको प्रयोग गरी निवेदन दिएर सूचना माग्ने क्रम कम देखिएकोले सूचनाको हकका सन्दर्भमा नागरिकलाई बढीभन्दा बढी सचेतना तालिमहरू दिई जागरुक बनाउनु पर्ने देखिन्छ ।
- मन्त्रालय र मातहतका निकायबाट सञ्चालन हुने तालिमहरूमा सूचनाको हकलाई अनिवार्य रुपमा समावेश गर्नु पर्ने देखिन्छ ।
- सूचनाको हकसम्वन्धी विषयलाई विभिन्न तहको पाठ्यक्रममा थप गर्दै लैजानु पर्दछ ।



३.१६ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

श्रम र रोजगारको विषय व्यापक हुँदै गएको तथा त्यससँगै सामाजिक सुरक्षाका विषय गम्भीर हुँदै गएकोले पनि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको स्थापना भएको हो । नेपालको श्रम बजारका जटिलताको सम्बोधनका साथै आमजनता, उद्योग व्यवसाय र सामाजिक पक्षसँग प्रत्यक्ष सरोकार राख्ने भएकोले यस मन्त्रालयबाट सूचनाको निरन्तर, भरपर्दो प्रवाहको महत्व उच्च छ । यस मन्त्रालयका मुख्य कार्यहरू निम्न छन् :

१. श्रम तथा रोजगारसम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
२. वैदेशिक रोजगारसम्वन्धी नीति, कानून, मापदण्ड व्यवस्थापन र नियमन,
३. श्रमिक तथा कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालन सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
४. औद्योगिक विवाद समाधान,
५. रोजगारसम्वन्धी तथ्याँक, अध्ययन र अनुसन्धान,
६. श्रम तथा व्यवसायजन्य स्वास्थ्य सुरक्षा निरीक्षण र श्रम सम्बन्ध सम्वन्धी आयोग,
७. रोजगार उन्मुख सीपमूलक एवं व्यावसायिक तालिम नीति,
८. ट्रेड युनियन सम्वन्धी एकीकृत कानून र नियमन,
९. बालश्रम निवारणसम्वन्धी नीति र कानून,
१०. व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षासम्वन्धी नीति, कानून र मापदण्ड,
११. विदेशीहरूका लागि श्रम स्वीकृति,
१२. श्रम सहचारी,
१३. बेरोजगार सम्वन्धी एकीकृत तथ्याँक व्यवस्थापन, अध्ययन र अनुसन्धान,
१४. मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धी, सम्झौता, अभिसन्धी, सम्पर्क र समन्वय,

१५. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन । श्रम तथा रोजगार मन्त्रालय मातहत निम्न बमोजिमका केन्द्रीय स्तरका निकायहरूका साथै केही विभाग मातहत क्षेत्रीय तथा अञ्चल स्तरीय कार्यालयहरू छन् ।

१. श्रम विभाग
२. वैदेशिक रोजगार विभाग
३. सामाजिक सुरक्षा कोष
४. वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड
५. ईपीएस शाखा कार्यालय

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारी तोकिएको छ ।
- स्वतः प्रकाशन गर्नु पर्ने सूचनाहरू सामान्यतया प्रकाशित गर्ने गरिएको छ । मन्त्रालय मातहतका निकायले वेवसाइट र संचारमाध्यम मार्फत प्रगति विवरण दिने गरेका छन् ।
- सूचना माग सम्वन्धी छुट्टै रजिष्टर र फाइलहरू केहीमा खडा गरिएका छन् र केहीमा छैन । सूचनाको हकसम्वन्धी कानुनको प्रयोग गरी निवेदन दिएर सूचना माग्ने भन्दा पनि मौखिक सूचना माग्ने प्रचलन बढी छ ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनू भनी भएका निर्देशनको कार्यान्वयन भइरहेको छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- वैदेशिक रोजगारमा सर्वसाधारण नागरिक बढी जाने तर उनीहरूमा वैदेशिक रोजगारीमा जाने प्रक्रिया, त्यसको लागि हुने वास्तविक खर्च सम्वन्धित मुलुकमा पुगेपछि गर्ने कार्य, कुनै समस्या परेमा सम्पर्क राख्ने व्यक्ति वा निकाय, श्रम सुरक्षा, सीप लगायत आधारभूत ज्ञान नहुँदा ठगिने र असुरक्षित रही जोखिममा पर्ने समस्या अधिक रहेकाले मन्त्रालय र मातहतका निकायले यस्ता विषयमा सूचना प्रवाह गर्ने परिपाटीलाई स्वस्फूर्त र अझ प्रभावकारी बनाउनु आवश्यक देखिन्छ ।
- मन्त्रालय र मातहतका निकायहरूले सूचना प्रवाहलाई बोझको रुपमा नभई आधारभूत दायित्व र नागरिकलाई विश्वासमा लिई सेवा प्रवाहलाई प्रभावकारी बनाउने माध्यमका रुपमा आत्मसात गरी स्वतः प्रकाशन प्रसारण गर्न उत्सुकता र अग्रसरता लिन आवश्यक छ ।
- मन्त्रालय र मातहतका निकायबाट सूचनाको हकसम्वन्धी कानुन, त्यसको प्रचलन र महत्वका बारेमा तालिमको व्यवस्था गर्नुका साथै अन्य तालिमहरूमा सूचनाको हकलाई अनिवार्य रुपमा समावेश गर्ने र आवधिक मूल्याँकन गर्ने परिपाटी विकास गर्नुपर्ने देखिन्छ ।
- सूचनाको हकसम्वन्धी विषयलाई निजामती सेवामा प्रवेश गर्दा लिइने परीक्षाको पाठ्यक्रममा समावेश गर्ने र छुट्टै सूचना सेवा कायम गर्नुपर्ने देखिन्छ ।
- नेपालको सामाजिक विविधता र चेतना अवस्थालाई दृष्टिगत गरी सूचना सामग्रीलाई पत्रपत्रिकाका साथै अडियो भिजुअल माध्यम र विभिन्न भाषामा उत्पादन तथा प्रसार गर्न जरुरी छ ।
- मन्त्रालय र मातहतका निकायका सूचना अधिकारीहरू परिवर्तन हुँदा तत्काल वेवसाइट र निकायमा जनाउने तथा राष्ट्रिय सूचना आयोगलाई सूचित गर्ने परिपाटी सबै मन्त्रालय र मातहतका निकायमा बसाउनुपर्ने देखिन्छ ।
- श्रम, रोजगार र सामाजिक न्याय जस्तो जनसरोकारयुक्त मन्त्रालय र यसका मातहतका निकायमा सूचनाको हकसम्वन्धी कानुनको प्रयोग गरी निवेदन हालेर सूचना माग्ने क्रम कम देखिएकाले सूचनाको हकका सन्दर्भमा नागरिकलाई बढीभन्दा बढी सचेतना तालिमहरू दिई जागरुक बनाउनु पर्ने देखिन्छ । मौखिक सूचनाको पनि सकेसम्म अभिलेख राख्ने परिपाटी बसाउन उपयुक्त हुन्छ ।
- सूचनाको हकसम्वन्धी कानुन बमोजिम त्रैमासिक सूचना प्रकाशन गर्नुपर्ने र अन्य विवरणको चौमासिक प्रकाशन हुने अभ्यास भएकोले यसमा एकरुपता अपनाउने गरी सम्वद्ध पक्षहरूले ध्यान दिनुपर्ने देखिन्छ ।



३.१७ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

मुलुकको विविधतापूर्ण संस्कृति, बलियो आर्थिक आधार रहेको पर्यटन र हवाई सेवा क्षेत्रको समग्र व्यवस्थापन गर्ने महत्वपूर्ण जिम्मेवारी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा रहेको छ। यस मन्त्रालयबाट सम्पादन हुने मुख्य कार्यहरू निम्न बमोजिम छन् :

१. संस्कृति, ललितकला, धर्म, सभ्यता र सम्पदासम्वन्धी नीति, कानून, मापदण्ड,
२. पुरातात्विक महत्वका स्थान र प्राचीन स्मारकसम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
३. राष्ट्रिय संग्रहालय, अभिलेखालय,
४. अन्तर्राष्ट्रिय एवं राष्ट्रियस्तरका ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक महत्वका स्थल एवं विश्व सम्पदामा सूचीकृत सम्पदा सम्वन्धी नीति, कानून, मापदण्ड, संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन, पुनर्निर्माण र प्रचार प्रसार,
५. प्राकृतिक, धार्मिक, सांस्कृतिक, पुरातात्विक, साहसिक पर्यटन सम्वन्धी नीति, मापदण्ड र नियमन,
६. केन्द्रीय स्तरका प्रज्ञा प्रतिष्ठानसम्वन्धी नीति तथा कानून,
७. विदेशी मित्र राष्ट्रहरूसँग भएका सन्धी सम्झौता लगायत राष्ट्रिय महत्वका दस्तावेजको संरक्षण,
८. पर्यटन सम्वन्धी नीति, कानून र मापदण्ड,
९. क्यासिनो सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
१०. पर्वतारोहण, ट्राभल, ट्रेकिङ्ग सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
११. पर्यटन शुल्क निर्धारण सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
१२. भाषा आयोग, नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रतिष्ठान तथा नेपाल सङ्गीत तथा नाट्यकला प्रतिष्ठान,
१३. पशुपति क्षेत्र विकास कोष, लुम्बिनी विकास कोष, वृहत्तर जनकपुर क्षेत्र विकास परिषद,
१४. विभिन्न धर्म, जात, जाति, सम्प्रदाय, भाषा, भाषिकाको साहित्य, सङ्गीत, लिपि, कला, संस्कृति र चलचित्रको संरक्षण तथा विकास सम्वन्धी नीति, कानून र मापदण्ड,
१५. निकासी गरिने पुरातात्विक वस्तुहरूको जाँच र अनुमति,
१६. वायुयान निर्माण तथा डिजाइन, सञ्चालन र मर्मतसम्भार, विमानस्थल निर्माण तथा सञ्चालन, एयर नेभिगेसन सेवा तथा उड्डयन तालिम संस्था आदिको इजाजत र नियमन,
१७. हवाई भाडा, विमानस्थल शुल्क, एयर नेभिगेसन शुल्क तथा नियमन,
१८. वायुसेवा कार्यसञ्चालन अनुमति, इजाजत र उडान अनुमति,
१९. नागरिक उड्डयन सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,

२०. नागरिक उड्डयन व्यवसाय तथा पेसाविद्हरूको अनुमतिपत्र, स्तर निर्धारण र नियमन,
२१. हवाई सुरक्षा सम्वन्धी अन्तर्राष्ट्रिय सङ्गठनबाट प्रतिपादित स्तर, मापदण्ड, मार्गदर्शन र कार्यान्वयन,
२२. एयर नेभिगेसन र एयर ट्राफिक सेवा,
२३. हवाई क्षेत्र व्यवस्थापन,
२४. उड्डयन सेवाको लागि मौसम सम्वन्धी सूचना सेवा,
२५. उड्डयन खोज तथा उद्धार कार्यमा सहयोग तथा समन्वय,
२६. अन्तराष्ट्रिय, क्षेत्रीय र आन्तरिक विमानस्थल निर्माण, सञ्चालन र व्यवस्थापन,
२७. वायुयान दुर्घटना जाँच सम्वन्धी,
२८. अल्ट्रालाइट, प्याराग्याइडिङ, ह्याङग्याइडिङ जस्ता हवाई खेल, साहसिक उड्डयन, मनोरञ्जनात्मक उड्डयन क्रियाकलाप सम्वन्धी नीति र मापदण्ड,
२९. प्रतिलिपि अधिकार सम्वन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
३०. मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धी, सम्पर्क र समन्वय
३१. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन ।

यो मन्त्रालय मातहत निम्न केन्द्रीय निकायहरूका साथै अन्य केन्द्रीय निकायहरू पनि रहेका छन् :

१. पर्यटन विभाग
२. पुरातत्व विभाग
३. नेपाल नागरिक उड्डयन प्राधिकरण
४. पशुपति क्षेत्र विकास कोष
५. नेपाल पर्यटन बोर्ड
६. पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान
७. नेपाल वायुसेवा निगम
८. नारायणहिटी दरबार संग्रहालय
९. प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालय

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको, सूचना अधिकारीको तस्वीर सहितको फ्लेक्स बोर्ड कतै राखिएको कतै नराखिएको । सूचना अधिकारीले परिचय दिँदा सूचना अधिकारी नै भनेको ।
- मन्त्रालय मातहतका केही निकायको वेवसाइट रहेको तर अद्यावधिक हुन सकेको छैन ।
- कतै तीन महिनामा र कतै अर्ध वार्षिक रुपमा सूचनाहरू स्वतः प्रकाशन गरेको पाइयो ।
- सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल खडा गरेको जानकारी प्राप्त भयो ।
- सूचना अधिकारीहरूलाई पर्याप्त तालिम र अभिमुखीकरणको व्यवस्था हुन सकेको पाइएन ।
- सूचनाको हकसम्वन्धी ऐनले तोकेको सार्वजनिक निकायको दायित्व बारे थाहा भएको तर के कस्ता सूचना सार्वजनिक गर्ने भन्ने बारे अस्पष्टता रहेको पाइयो ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- तालिमको आवश्यकताका बारेमा मन्त्रालय र मातहतका केन्द्रीय निकायबाट पटकपटक आग्रह गरिएकोले सूचनाको हकसम्वन्धी विषयमा तत्काल तालिम उपलब्ध गराउनु जरुरी छ ।
- सूचनाको हकसम्वन्धी ऐनको कार्यान्वयनलाई यस मन्त्रालयका केही निकायले प्राथमिकतामा नराखेको देखियो । यो भनेको केबल सूचना अधिकारीको नामको फ्लेक्स झुन्ड्याइदिए पुग्छ जस्तो सोच भयो । यसमा सुधारको खाँचो छ ।
- मन्त्रालय र यस अन्तर्गतका पर्यटन प्रवर्द्धन सम्वन्धी निकायहरूमा भएका नीति, मापदण्ड र नियमनबारे मन्त्रालयकै तर्फबाट समेत अझै बढी प्रचार प्रसारको जिम्मा लिएर स्थानीय तहसम्म सूचना पुर्‍याउन जरुरी छ ।

- यस मन्त्रालय अन्तर्गतका निकायहरू पर्यटन बोर्ड, लुम्बिनी विकास कोष, नेपाल वायुसेवा निगम, पशुपति क्षेत्र विकास कोष लगायत अन्य निकायका सूचनालाई विभिन्न भाषामा प्रचार प्रसार गर्न जरुरी छ ।
- नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले के काम गर्दछ भन्ने जानकारी समेत सर्वसाधारणको दृष्टिबाट ओझेल परिरहेको सन्दर्भमा यसका कानुनी र व्यवस्थापकीय पक्षबारे जनमानसलाई सञ्चारका विभिन्न माध्यमबाट प्रचारप्रसार गर्न सम्वन्धित निकायले ध्यान दिन जरुरी छ ।
- अहिले डिजिटल युगमा हरेक निकायका आफ्नै वेवसाइट हुनु विश्वका कुनाकाप्चासम्म सहज माध्यम हो । यसलाई अनिवार्य बनाउन सकियो भने भ्रमण वर्ष लगायतका लक्ष्यहरूलाई प्रचार गर्न सजिलो हुन्छ ।
- राष्ट्रिय सूचना आयोगको कार्यालय प्रदेश र स्थानीय निकायसम्म पुग्नु जरुरी छ । यस्तो अवस्थामा मात्र आम नागरिकले सूचनाको हकको उपभोग गर्न पाउनेछन् ।
- डिजिटल माध्यमबाटै उजूरी लिने र जानकारी दिने व्यवस्था गर्न सकिन्छ र ती आएका उजूरीलाई वेबसाइटमै भण्डार गरेर राखेमा जोकोहीले त्यो हेरेर त्यही गल्ती दोहोर्‍याउँदैनन् । जसका कारण कार्यालयको कार्यव्यवस्था चुस्त र दुरुस्त हुन्छ, समय बच्छ ।
- राष्ट्रिय सूचना आयोगलाई अझ बढी अधिकारसम्पन्न बनाउनु पर्दछ । यसले हालका दिनहरूमा निकै सशक्त भूमिका निर्वाह गरेको देखिन्छ । आयोगले आफ्नै पहलमा विभिन्न मन्त्रालय र निकायहरूमा समय समयमा तालिम, अन्तरक्रिया र भेटघाटको कार्यक्रम गरिरह्यो भने सम्वन्धित निकायहरूको सोचमा सूचनाको हक हौवा होइन पारदर्शी र सुशासनको लागि एउटा सकारात्मक साधनको रुपमा रहिरहन्छ ।
- सबैभन्दा महत्वपूर्ण कुरा राष्ट्रिय सूचना आयोगले आफ्नो पहुँच प्रदेश र स्थानीय तहसम्म पुऱ्याउनै पर्दछ ।



३.१८ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय आमजनतासँग व्यापक रूपमा संलग्न मन्त्रालय हो । स्थानीय सुशासनको संस्थागत विकास गर्ने, स्थानीय सेवा प्रवाहमा सुधार गर्ने र दिगो तथा गुणस्तरीय आर्थिक सामाजिक तथा स्थानीय पूर्वाधार विकास गर्ने यस मन्त्रालयको प्रमुख उद्देश्य रहेको छ । साथै, देशको समग्र कर्मचारी व्यवस्थापनको जिम्मेवारी पनि यस मन्त्रालय मातहत आएको छ । संघ सरकार, प्रदेश सरकार र स्थानीय तहबीचको सम्पर्क र समन्वय गर्ने मुख्य जिम्मेवारी पनि यस मन्त्रालयको हो । यस मन्त्रालयका मुख्य कार्यहरू निम्न बमोजिम छन् :

१. संघ र प्रदेश एंव स्थानीय तहबीचको सम्पर्क र समन्वय,
२. स्थानीय तहको संख्या, सिमाना, वडा र केन्द्र निर्धारण सम्वन्धी नीति, मापदण्ड कार्यान्वयन र सहजीकरण,
३. विशेष, संरक्षित र स्वायत्त क्षेत्रको सीमाङ्कन र संरचना सम्वन्धी नीति, कानून र मापदण्ड
४. राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग र मुस्लिम आयोग,
५. स्थानीय पूर्वाधार विकास सम्वन्धी नीति, कानून, मापदण्ड प्रविधि विकास र अनुसन्धान,

६. पञ्जिकरण र सामाजिक सुरक्षा भत्ता वितरणको अभिलेखिकरण,
७. फोहरमैला व्यवस्थापन सम्वन्धी नीति, मापदण्ड समन्वय र सहजीकरण,
८. स्थानीय तहका पदाधिकारी र कर्मचारीको वैदेशिक भ्रमण सम्वन्धी नीति, कानून, मापदण्ड,
९. संघीय निजामती तथा अन्य संघीय सरकारी सेवा निवृत्तीभरण लगायत अवकाशजन्य सुविधा सम्वन्धी नीति, मापदण्ड र व्यवस्थापन,
१०. संघीय कर्मचारी निकायसम्वन्धी कार्य,
११. सार्वजनिक सेवा प्रवाह सम्वन्धी नीति, कानून र मापदण्ड,
१२. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्वन्धी नीति, कार्यान्वयन र समन्वय,
१३. प्रशासनिक सुधार सम्वन्धी नीति, योजना, समायोजन र समन्वय,
१४. संघीय निजामती सेवा र अन्य सरकारी सेवा सञ्चालन सम्वन्धी नीति, कानून, मापदण्ड तथा सेवा, समूह र उपसमूहको व्यवस्थापन,
१५. संघीय निजामती सेवा र अन्य संघीय सरकारी सेवाहरूको व्यवस्थापन संघ, प्रदेश र स्थानीय तहमा समायोजन र अन्तरप्रदेश कर्मचारी समन्वय एवं व्यवस्थापन,
१६. कर्मचारी कल्याण सम्वन्धी नीति, कानून र मापदण्ड,
१७. संघ, प्रदेश र स्थानीय तहमा रहने पदहरूको दरवन्दी सिर्जना सम्वन्धी नीति र मापदण्ड,
१८. बढुवा समितिको सचिवालय,
१९. संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाका पदाधिकारीको सेवा, शर्त र सुविधा,
२०. संघ, प्रदेश र स्थानीय तहका कर्मचारीहरूको न्यूनतम शैक्षिक योग्यतासम्वन्धी नीति, कानून र मापदण्ड,
२१. स्थानीय तहका सार्वजनिक पदाधिकारीको सुविधा सम्वन्धी नीति र मापदण्ड,
२२. संघीय निजामती तथा अन्य संघीय सरकारी सेवाको तालिमसम्वन्धी नीति, कानून, मापदण्ड, अध्ययन, अनुसन्धान र विकास,
२३. सार्वजनिक पदाधिकारीहरूको क्षमता विकास सम्वन्धी नीति र मापदण्ड,
२४. प्रशासकीय अभिलेख र तथ्याँक,
२५. निजामती अस्पताल, कर्मचारी प्रशिक्षण प्रतिष्ठान र नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान,
२६. मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धी, सम्झौता, अभिसन्धी, सम्पर्क र समन्वय,
२७. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन, राष्ट्रसेवक कर्मचारी सम्वद्ध संघसंस्था,
२८. नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्याँक सेवा र नेपाल विविध सेवाको सञ्चालन ।

मन्त्रालय मातहतका केन्द्रस्तरका निकायहरू निम्न बमोजिम छन् :

१. स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
२. केन्द्रीय पञ्जीकरण विभाग
३. स्थानीय निकाय वित्तीय आयोग
४. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान
५. निजामती किताबखाना
६. नेपाल निजामती अस्पताल
७. नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान
८. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान

यस मन्त्रालय मातहत माथि उल्लिखित बाहेक पनि अन्य आयोग, समिति र परिषद्हरू क्रियाशील छन् ।

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका केन्द्रीय निकायमा सूचना अधिकारी तोकिएको ।
- स्वतः प्रकाशन गर्ने राष्ट्रिय सूचना आयोगको आदेशको राम्रोसँग कार्यान्वयन हुन सकेको छैन । मन्त्रालय मातहतका दुई निकाय (स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग र निजामती अस्पताल) बाहेक अन्यले सो आदेश पालना गरेका छैनन् ।
- केन्द्रीय पञ्जीकरण विभाग बाहेकका अन्य सबै निकायले सूचना मागको निवेदनलाई छुट्टै दर्ता गर्ने गरेको र छुट्टै फाइल खडा गर्ने गरेको जानकारी प्राप्त भएको छ ।
- मन्त्रालय र मातहतका केन्द्रीय निकायहरू, विशेषगरी नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानले सञ्चालन गर्ने तालिममा सूचनाको हक विषयलाई समावेश गरेको ।
- राष्ट्रिय सूचना आयोगबाट विभिन्न समयमा सूचना दिनु भनी गरिएका आदेशहरू कार्यान्वयन भएको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- कार्यालयको कामलाई प्रभाव पर्ने गरी गलत मनसायले र तनाव सिर्जना गर्ने जोसुकैले सूचना माग गर्न सक्ने अवस्था रहेकाले सोमा सुधार ल्याउन जरुरी रहेको सुझाव प्राप्त भएको छ ।
- कार्यालयको सबै सूचना, जानकारी दिने दायित्व सूचना अधिकारीको हो भन्ने भ्रम रहेको पाइयो । सूचनाको हक बारे आआफ्नो बुझाई भएकोले यस सम्बन्धमा अझ घनिभूत तालिम, अभिमुखीकरण र सही प्रचारप्रसार हुनुपर्ने आवश्यकता छ ।
- कर्मचारीतन्त्रले सूचनाको हकलाई सकारात्मक तरिकाले नलिएकाले प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । यसतर्फ राष्ट्रिय सूचना आयोगको ध्यान जानु जरुरी छ ।
- सूचना अधिकारीहरूलाई प्रोत्साहनको व्यवस्था हुनु पर्दछ ।
- छुट्टै RTI Portal को व्यवस्था हुनु आवश्यक छ ।
- सूचनाको हकसम्वन्धी ऐन बमोजिम प्रकाशन गर्नुपर्ने सूचना बाहेक अधिकांश नागरिकको चासोको विषय र धेरै मागिने सूचनालाई पनि सार्वजनिक निकायले सोही प्रकाशन मार्फत स्वतः प्रकाशन गर्नु उपयुक्त हुन्छ ।
- प्रदेश स्तरमा सूचनाको हक स्थापित गर्ने र सोको लागि नियामक निकाय गठन हुनु पर्दछ ।



३.१९ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना र सञ्चार क्षेत्रको समग्र नीति निर्माण र नियमनकारी निकायको रूपमा सञ्चार तथा सूचना मन्त्रालयको स्थापना भएको हो । यो मन्त्रालयको कार्यक्षेत्र व्यापक र गाउँ तहसम्म फैलिएको छ । आमसञ्चार माध्यमदेखि टेलिकम र हुलाकको सञ्जालले यस मन्त्रालयको प्रभाव जनजनमा पुगेको मान्न सकिन्छ । मन्त्रालय मातहत आयोग, समिति र बोर्डहरू, विभागहरू र संस्थानहरू तथा कम्पनीहरूका साथै हुलाक कार्यालयहरू छन् । यस मन्त्रालयको प्रमुख कार्य निम्न बमोजिम छ :

१. सञ्चार तथा सूचना, दूरसञ्चार, सूचना तथा सञ्चार प्रविधिसम्वन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
२. दूरसञ्चार र प्रसारण फ्रिक्वेन्सी बाँडफाँड, शुल्क निर्धारण र नक्साङ्कन, प्रयोगको अनुमति, नवीकरण र नियमन,
३. सूचना र सञ्चार प्रविधिसम्वन्धी अध्ययन, अनुसन्धान, प्रवर्द्धन र नियमन,
४. माइक्रोवेभ प्रणालीको विस्तार, ब्यान्डविथको अन्तर्राष्ट्रिय कनेक्टिभिटी र रेडियोयन्त्र प्रयोग,
५. रेडियो, टेलिभिजन, छापा सञ्चार र समाचार संस्थासम्वन्धी नीति, कानून र मापदण्ड,
६. राष्ट्रियस्तरका रेडियो, टेलिभिजन, प्रसारण संस्था र बहुवितरण प्रसारण प्रणालीको अनुमति, नवीकरण र नियमन,
७. विदेशी टेलिभिजन च्यानलको डाउनलिंक,
८. अनलाइन मिडिया सम्वन्धी नीति, कानून र मापदण्ड,
९. श्रमजीवी पत्रकारको न्यूनतम पारिश्रमिक सम्वन्धी नीति, कानून र मापदण्ड,
१०. सार्वजनिक प्रसारण, छापा र प्रसारण सेवा सम्वन्धी नीति, कानून र मापदण्ड,
११. स्वदेशी तथा नेपालबाट प्रसारण गरिने विदेशी छापा प्रकाशन सम्वन्धी नीति, कानून र मापदण्ड,
१२. राष्ट्रिय विज्ञापन नीति र मापदण्ड,
१३. हुलाक सम्वन्धी नीति, कानून, मापदण्ड सञ्चालन र नियमन,
१४. हुलाक टिकट प्रकाशन, भण्डार तथा अभिलेख व्यवस्थापन,
१५. धनादेश सेवा, हुलाक बैंक र अन्तर्राष्ट्रिय डाँक लेखा व्यवस्थापन,
१६. चलचित्र र सिनेमा हलसम्वन्धी नीति, कानून र मापदण्ड,
१७. सुरक्षण मुद्रण,
१८. नेपाल राजपत्रको मुद्रण, वितरण तथा अभिलेख,
१९. पत्रपत्रिका सम्वन्धी आचारसंहिता,
२०. भू-उपग्रहको उपयोग,
२१. सूचना प्रविधिको प्रवर्द्धन, राष्ट्रिय सूचना प्रविधि केन्द्र र सूचना प्रविधि पार्क
२२. साइवर सुरक्षा,
२३. प्रेस काउन्सिल, केन्द्रीय प्रेस रजिस्ट्रार, नेपाल दूरसञ्चार प्राधिकरण र चलचित्र विकास बोर्ड,
२४. मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धी, सम्झौता, अभिसन्धी, सम्पर्क र समन्वय,
२५. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
२६. नेपाल इन्जिनियरिङ्ग सेवाको इलेक्ट्रोनिक एन्ड टेलिकम्युनिकेसन इन्जिनियरिङ्ग समूह सञ्चालन ।

यस मन्त्रालय मातहत रहेका केन्द्रस्तरका निकायहरू निम्न बमोजिम छन् :

१. प्रेस काउन्सिल नेपाल
२. नेपाल दूरसञ्चार प्राधिकरण
३. राष्ट्रिय समाचार समिति
४. हुलाक सेवा विभाग
५. मुद्रण विभाग
६. सूचना तथा प्रसारण विभाग

७. नेपाल टेलिकम
८. रेडियो प्रसार विकास समिति (रेडियो नेपाल)
९. नेपाल टेलिभिजन
१०. गोरखापत्र संस्थान
११. न्यूनतम पारिश्रमिक निर्धारण समिति
१२. चलचित्र विकास बोर्ड
१३. सूचना प्रविधि विभाग

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र मातहतका केन्द्रीय निकायहरूमा सूचना अधिकारी तोकिएको ।
- स्वस्फूर्त रुपमा सूचना प्रकाशन प्रसारण गर्ने काम भइरहेको ।
- मन्त्रालय तथा मातहतका निकायले गर्ने कार्यक्रममा सूचनाको हकको विषय रेडियो तथा टेलिभिजन कार्यक्रमहरूमा समय सन्दर्भ पारेर गर्ने गरिएको छ। मिडियासँग सम्वन्धित बाहेक अन्य निकायले भने आफ्ना कार्यक्रममा सूचनाको हकलाई राखेको पाइएन ।
- राष्ट्रिय सूचना आयोगले सूचना दिनु भनी दिएका आदेशको पालना भएको छ। मन्त्रालय मातहतका कतिपय निकायमा सूचना अधिकारीको नाम र फोन नम्वर सहितको फ्लेक्स बोर्ड नराखेको सन्दर्भमा सबै निकायले राख्ने प्रतिवद्धता जनाएका छन् ।
- गुनासो र सूचनाको माग यी दुई फरक कुरालाई एउटै रुपमा बुझेको पनि पाइयो । मागकर्ताको सुनुवाई भने गरिएको छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- सूचनाको हकको कार्यान्वयनको बारेमा राष्ट्रिय सूचना आयोगले विभिन्न निकायमा समय समयमा छलफल गर्नु आवश्यक छ ।
- म भर्खरै आएँ के हो के हो भन्ने अवस्थामा कतिपय सूचना अधिकारीहरू भेटिएकोले सूचना अधिकारीहरूलाई सेवा सुरु गर्नुअघि अनिवार्य तालिमको व्यवस्था गर्न जरुरी देखिन्छ । सञ्चार मन्त्रालयमा मात्र होइन अन्य मन्त्रालय र मातहतका निकायमा पनि यस्तो अवस्था देखिएकाले सूचना अधिकारीलाई तालिम सबै सार्वजनिक निकायमा महत्वपूर्ण छ ।
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय राष्ट्रिय सूचना आयोगको "सम्पर्क मन्त्रालय" समेत भएकाले अरुलाई समेत सूचनाको हक कार्यान्वयन गर्नमा यो मन्त्रालयको महत्वपूर्ण भूमिका छ । त्यसैले सूचनाको हकका विषयमा आफू मातहतका निकायलाई स्पष्ट निर्देशन दिई त्यसको अनुगमन समेत गर्नुपर्ने देखिन्छ ।



३.२० सहरी विकास मन्त्रालय

विकास मन्त्रालयले मुख्यतः व्यवस्थित सहरी योजना निर्माण र सरकारी भवन तथा अन्य संरचना निर्माणको लागि जिम्मेवार प्राविधिक निकायका रुपमा कार्य गर्दछ । नेपाल सरकारको पछिल्लो कार्यविभाजन नियमावली अनुसार यस मन्त्रालयका प्रमुख कार्यहरू निम्न छन् :

१. सहरी विकास सम्वन्धी नीति, कानून र मापदण्ड
२. बस्ती विकास, सहरी विकास र आवास विकास सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
३. राष्ट्रिय भवन संहिता सम्वन्धी नीति, कानून र मापदण्ड,
४. संघीय सचिवालयको भवन निर्माण, मर्मत तथा व्यवस्थापन,
५. राष्ट्रिय सहरी पूर्वाधार विकास, संघीय सरकारी आवास, भवन निर्माण तथा मर्मत सम्भार,
६. विशिष्ट सहरी संरचना
७. राष्ट्रियस्तरका संयुक्त र बहुतले आवास सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
८. लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास व्यवस्थापन नीति, कानून र मापदण्ड,
९. नगर विकास कोष,
१०. मन्त्रालय सम्वन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सन्धी, सम्झौता, सम्पर्क र समन्वय,
११. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन,
१२. नेपाल इन्जिनियरिङ्ग सेवा, सिभिल इन्जिनियरिङ्ग समूहको बिल्डिङ एन्ड आर्किटेक्ट उपसमूहको सञ्चालन ।

मन्त्रालय मातहत निम्न केन्द्रीय स्तरका निकायहरूका साथै जिल्ला स्तरीय कार्यालयहरूको सञ्जाल रहेको छ :

१. सहरी विकास तथा भवन निर्माण विभाग
२. काठमाडौं उपत्यका विकास प्राधिकरण
३. राष्ट्रिय आवास कम्पनी लि.
४. अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति
५. नयाँ सहर आयोजना
६. मझौला सहर एकीकृत शहरी वातावरणीय सुधार आयोजना
७. अधिकार सम्पन्न वागमती सभ्यता एकीकृत विकास समिति
८. सिंहदरबार सचिवालय पुनःनिर्माण समिति
९. नगर विकास कोष

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- सूचना अधिकारी तोकिएको । मन्त्रालय र मातहतका धेरै निकायमा सूचना अधिकारीहरूको तस्वीर र मोबाइल नम्वर सहितको विवरण वेवसाइटमा राखिएको ।
- स्वतः प्रकाशनमा जागरुकता रहेको ।
- सूचना मागको निवेदन छुट्टै रजिष्टरमा दर्ता गर्ने र छुट्टै फाइल खडा गर्ने कार्यमा जागरुकता रहेको ।
- सूचनाको हकको बारेमा सूचना माग नै नआएकोले छुट्टै रजिष्टर खडा नगरिएको, तर माग भइआएमा छुट्टै रजिष्टर खडा गरिने जानकारी प्राप्त ।
- मन्त्रालय र मातहतका निकायले संचालन गर्ने तालिममा सूचनाको हक समावेश गर्न आयोगले दिएको आदेशको कार्यान्वयनको स्थितिमा जागरुकताको अवस्था रहेको ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- राष्ट्रिय सूचना आयोगले कार्यालय प्रमुख र सूचना अधिकारीलाई एकैसाथ राखी सूचनाको हकसम्वन्धी तालिम तथा पुनर्ताजगी तालिम प्रदान गर्ने क्रियाकलापलाई निरन्तरता दिनु आवश्यक छ ।

- राष्ट्रिय सूचना आयोगले प्रदेश सरकार, स्थानीय तहका जनप्रतिनिधिहरू लगायत सम्वद्ध सरकारी कर्मचारीहरूलाई पनि जानकारी दिने र सुशासन प्रति जिम्मेवार बनाउन नियमित रुपमा सूचनाको हकसम्वन्धी अन्तरक्रिया, गोष्ठी संचालन गर्नु जरुरी छ ।
- मन्त्रीहरूकै उपस्थितिमा सूचनाको हकसम्वन्धी अन्तरक्रिया, गोष्ठी आयोजना गर्नु पर्दछ ।
- प्रत्येक स्थानीय तहले आफ्नो वार्षिक बजेटलाई वेवसाइट मार्फत स्थानीय तहका जनप्रतिनिधिहरूलाई जानकारी गराउनु पर्दछ ।
- राष्ट्रिय सूचना आयोगले नियमित रुपमा अनुगमन गर्दा कार्यालय प्रमुखको अनिवार्य उपस्थितिमा सूचना अधिकारी सहितसँग छलफल गरी अनुगमन गर्नु पर्दछ ।
- प्रदेश सरकारको बजेट तथा कार्यक्रम बारे कलेज तथा विश्वविद्यालयका विद्यार्थीहरूलाई आफ्नो प्रदेशमा के कस्ता बजेट तथा कार्यक्रमको व्यवस्था भएको र सो अनुसारका क्रियाकलापहरू भइरहेका छन् भन्ने कुराको जानकारी दिने अभिप्रायले शैक्षिक भ्रमण गराउन राष्ट्रिय सूचना आयोगले कलेज तथा विश्वविद्यालयका व्यवस्थापन समितिलाई आह्वान गर्नु पर्दछ ।
- सूचना अधिकारीको स्तर कार्यालय प्रमुख भन्दा एक तह मुनिको बनाइएमा सूचनाको हकको प्रभावकारिता बढ्न जाने हुँदा सो अनुसार आयोगले निर्देशन दिनु पर्दछ ।
- प्रत्यक्ष सरोकार नराख्ने व्यक्तिहरूले सूचनाको हकको हवाला दिएर निहित स्वार्थ साध्नका लागि सूचना माग्न आउने प्रवृत्ति बढिरहेको सन्दर्भमा त्यसलाई निरुत्साहित गर्ने पद्धतिको विकास गर्नु पर्दछ । नागरिकलाई पनि जिम्मेवार बनाउनु सुशासनको मर्म हो भन्ने कुरालाई प्रचार प्रसार गरी आफूलाई समय सापेक्ष र सान्दर्भिकताको आधारमा सूचना माग गर्न उत्प्रेरित गर्नु पर्दछ ।
- लोकतन्त्रमा सूचनाको हक जनतालाई शक्तिशाली बनाउने महत्वपूर्ण औजार भएको हुँदा सूचनाको हकको महत्वलाई ध्यान दिएर राज्यका सबै निकायले उच्च सम्मान गर्नुपर्ने भएको हुँदा प्रादेशिक सूचना आयोग गठन गर्नु आवश्यक छ ।



३.२१ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नेपालको समग्र स्वास्थ्य क्षेत्रको सुधारमा महत्वपूर्ण नेतृत्वदायी भूमिका निर्वाह गर्ने जिम्मेवारी रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय केन्द्रदेखि जिल्ला र गाउँतहसम्म फैलिएको छ। यो मन्त्रालय र मातहतका निकायहरूको सूची निकै लामो छ। यस मन्त्रालयले गर्ने कार्यहरू निम्न बमोजिम छन् :

१. स्वास्थ्य तथा पोषण सम्वन्धी नीति, कानून र मापदण्ड,
२. राष्ट्रियस्तरमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र निवारण सम्वन्धी स्वास्थ्यनीति, कानून र मापदण्ड,
३. स्वास्थ्य सम्वन्धी प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्था सम्वन्धी नीति, कानून र मापदण्ड,
४. राष्ट्रिय तथा केन्द्रीय अस्पताल, स्वास्थ्य प्रतिष्ठानहरूको स्थापना, सञ्चालन र नियमन,
५. नर्सिङ होम लगायतका स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन
६. अस्पताल एवं स्वास्थ्य संस्थाको प्रत्यायन,
७. विशिष्ट सेवा प्रदायक अस्पताल सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
८. औषधी, स्वास्थ्य सामग्री तथा स्वास्थ्य प्रविधिको उत्पादन र विकास, सञ्चय, बिक्री वितरण, अन्तिम विसर्जन सम्वन्धी गुणस्तर, मापदण्ड र नियमन
९. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवा सम्वन्धी नीति, कानून र मापदण्ड,
१०. सर्ने र नसर्ने रोग रोकथाम तथा नियन्त्रण सम्वन्धी नीति तथा मापदण्ड,
११. अन्तर्राष्ट्रिय स्वास्थ्य नियमन,
१२. स्वास्थ्य बीमा तथा सामाजिक स्वास्थ्य सुरक्षा,
१३. स्वास्थ्य तथा जनसंख्या क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन,
१४. स्वास्थ्य सेवा तथा वस्तुको शुल्क सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
१५. औषधी निगरानी र नियमन,
१६. औषधी खरिद तथा आपूर्ति व्यवस्था सम्वन्धी नीति, कानून, मापदण्ड र नियमन,
१७. अति आवश्यक स्वास्थ्य सामग्री (खोप र परिवार नियोजनका साधन) आपूर्ति तथा व्यवस्थापन,
१८. स्वास्थ्य विज्ञान सम्वन्धी अध्ययन र अनुसन्धान सम्वन्धी मापदण्ड,
१९. जडिबुटी, जान्तव र खनिज (हर्बल, एनिमल र मिनरल) को औषधीय अनुसन्धान,
२०. स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन र स्वास्थ्य लेखा पद्धति,
२१. राष्ट्रिय एवं अन्तर्राष्ट्रिय चासोका जनस्वास्थ्य समस्याको निगरानी,
२२. आधारभूत स्वास्थ्य सेवा र क्षेत्रको मापदण्ड,
२३. विभिन्न तहमा आवश्यक पर्ने स्वास्थ्य सेवाको राष्ट्रिय प्रोटोकल,
२४. राष्ट्रिय रिफरेन्स प्रयोगशाला र परीक्षण केन्द्रको स्थापना, सञ्चालन र नियमन,
२५. स्वास्थ्य पर्यटन प्रवर्द्धन सम्वन्धी समन्वय,
२६. जनस्वास्थ्य सम्वन्धी आपतकालीन अवस्था, स्वास्थ्य क्षेत्रमा विपद् र महामारी व्यवस्थापन,
२७. आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको मौज्दात (बफर स्टक) व्यवस्थापन
२८. आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा रिफरल पद्धतिको विकास
२९. जनसंख्या, बसाइसराइ, परिवार नियोजन, मातृशिशु कल्याण, प्रजनन स्वास्थ्य सम्वन्धी राष्ट्रिय नीति, कानून र मापदण्ड,

३०. राष्ट्रियस्तरमा जनसंख्या सम्वन्धी अध्ययन, अनुसन्धान एवं प्रक्षेपण सूचना प्रणाली,

३१. बसाइसराइ सर्वेक्षण तथा स्थिति विश्लेषण,

३२. स्वास्थ्यजन्य सरसफाइ तथा स्वच्छता सम्वन्धी नीति र मापदण्ड,

३३. मन्त्रालय सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धी, सम्झौता, अभिसन्धी, सम्पर्क र समन्वय,

३४. मन्त्रालय सम्वन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

३५. नेपाल स्वास्थ्य सेवाको सञ्चालन ।

मुख्यतः केन्द्रीय स्तरका विभागहरू, क्षेत्रीय स्तरका निकायहरू, केन्द्रीय अस्पतालहरू, जिल्लास्तरीय कार्यालयहरू, सम्पर्क आयोगहरू, समिति र परिषद्हरू, प्रतिष्ठानहरू तथा अन्य परिषद्हरू यस मन्त्रालयमा छन् । मन्त्रालय मातहतका केन्द्रस्तरका मुख्य निकायहरू निम्न बमोजिम छन् :

१. औषधि व्यवस्था विभाग
२. स्वास्थ्य सेवा विभाग
३. आयुर्वेद विभाग
४. वीर अस्पताल
५. कान्ति बाल अस्पताल
६. शुक्रराज ट्रपीकल तथा सरुवा रोग अस्पताल
७. राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद्

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थिति

- मन्त्रालय र अन्तर्गतका निकायहरूमा सूचना अधिकारी तोकिएको छ ।
- स्वतः प्रकाशन गर्नु पर्ने सूचनाहरू सामान्यतया प्रकाशित गर्ने गरिएको छ । मन्त्रालय मातहतका निकायले वेवसाइट र संचारमाध्यम मार्फत प्रगति विवरण दिने गरेका छन् ।
- सूचना माग सम्वन्धी छुट्टै रजिष्टर र फाइलहरू केहीमा खडा गरिएका छन् र केहीमा छैन । सूचनाको हकसम्वन्धी कानुनको प्रयोग गरी निवेदन दिएर सूचना माग्ने भन्दा पनि मौखिक सूचना माग्ने प्रचलन बढी छ ।
- राष्ट्रिय सूचना आयोगबाट सूचना दिनू भनी भएका निर्देशनको कार्यान्वयन भइरहेको छ ।

मूल्याङ्कनकर्ताको निष्कर्ष एवं सुझाव

- मन्त्रालय र मातहतका निकायहरूले सूचना प्रवाहलाई बोझको रुपमा नभई आधारभूत दायित्व र नागरिकलाई विश्वासमा लिई सेवा प्रवाहलाई प्रभावकारी बनाउने माध्यमका रुपमा आत्मसात गरी स्वतः प्रकाशन प्रसारण गर्न उत्सुकता र अग्रसरता लिन आवश्यक छ ।
- मन्त्रालय र मातहतका निकायबाट सूचनाको हकसम्वन्धी कानुन, त्यसको प्रचलन र महत्वका बारेमा तालिमको व्यवस्था गर्नुका साथै अन्य तालिमहरूमा सूचनाको हकलाई अनिवार्य रुपमा समावेश गर्ने र आवधिक मूल्याँकन गर्ने परिपाटी विकास गर्नुपर्ने देखिन्छ ।
- सूचनाको हकसम्वन्धी विषयलाई निजामती सेवामा प्रवेश गर्दा लिइने परीक्षाको पाठ्यक्रममा समावेश गर्ने र छुट्टै सूचना सेवा कायम गर्नुपर्ने देखिन्छ ।
- नेपालको सामाजिक विविधता र चेतना अवस्थालाई दृष्टिगत गरी सूचना सामग्रीलाई पत्रपत्रिकाका साथै अडियो भिजुअल माध्यम र विभिन्न भाषामा उत्पादन तथा प्रसार गर्न जरुरी छ ।
- मन्त्रालय र मातहतका निकायका सूचना अधिकारीहरू परिवर्तन हुँदा तत्काल वेवसाइट र निकायमा जनाउने तथा राष्ट्रिय सूचना आयोगलाई सूचित गर्ने परिपाटी सबै मन्त्रालय र मातहतका निकायमा बसाउनुपर्ने देखिन्छ ।

- स्वास्थ्य जस्तो जनसरोकारयुक्त मन्त्रालय र यसका मातहतका निकायमा सूचनाको हकसम्वन्धी कानुनको प्रयोग गरी निवेदन हालेर सूचना माग्ने क्रम कम देखिएकाले सूचनाको हकका सन्दर्भमा नागरिकलाई बढीभन्दा बढी सचेतना तालिमहरू दिई जागरुक बनाउनु पर्ने देखिन्छ। मौखिक सूचनाको पनि सकेसम्म अभिलेख राख्ने परिपाटी बसाउन उपयुक्त हुन्छ।
- सूचनाको हकसम्वन्धी कानुन बमोजिम त्रैमासिक सूचना प्रकाशन गर्नुपर्ने र अन्य विवरणको चौमासिक प्रकाशन हुने अभ्यास भएकोले यसमा एकरुपता अपनाउने गरी सम्वद्ध पक्षहरूले ध्यान दिनुपर्ने देखिन्छ।



अध्याय ४ : सर्वेक्षकको निष्कर्ष

४.१ सूचना अधिकारी तोकिएको बारे

सूचना अधिकारी को हुन् र उनलाई कसरी भेट्ने भन्ने समस्या सूचना माग्न जाने व्यक्तिमा पर्दछ । सूचना अधिकारी मन्त्रालयहरूले राखेका छन् र मन्त्रालयहरूको यो सर्वेक्षणबाट सूचना अधिकारीको नाम देखिने गरी फ्लेक्स बोर्ड राख्ने गरेको तथा मन्त्रालय र मातहतका निकायका वेवसाइटमा तस्वीर, फोन नम्वर सहित सूचना अधिकारीको परिचय दिने गरेको पाइएको छ । त्यसैगरी सूचना अधिकारी नै पनि नराख्ने गरिदा झनै गाह्रो हुने गरेको पनि गुनासो आउने गर्दथ्यो । अध्ययनमा सबै मन्त्रालयमा सूचना अधिकारीको व्यवस्था गरेको र उनीहरूले आफूलाई चिनाउँदा सूचना अधिकारी भन्ने गरेको पाइएको छ । मन्त्रालयका सूचना अधिकारीहरूले सीमित स्रोत साधन र जिम्मेवारीका बाबजूद माग गरिएका सूचना उपलब्ध गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

४.२ स्वतः प्रकाशनको व्यवस्था

सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५ मा सार्वजनिक निकायहरूले आ-आफ्नो निकायसँग सम्वन्धित सूचना हरेक तीन महिनामा अर्थात् वर्षको चार पटक सार्वजनिक गर्नुपर्ने प्रावधान छ । तर यसरी पूर्ण रुपले नै स्वस्फूर्त रुपमा सूचना आफैं सार्वजनिक गर्ने गरेको अवस्था पाइँदैन । अध्ययनमा समेटिएका २१ वटा मन्त्रालयमध्ये एक वटा मन्त्रालयले आफ्ना गतिविधि नियमित रुपमा सार्वजनिक गरेको पाइएन । आंशिक रुपमा सूचना सार्वजनिक गर्ने मन्त्रालयको संख्या २ र नियमित रूपमा सूचना प्रकाशन गर्ने मन्त्रालयको संख्या १९ रहेको छ । खासगरी, मन्त्रालयहरूले चौमासिक प्रगति विवरण अर्थात् वर्षको तीन पटक सार्वजनिक गर्न रुचि देखाएको अध्ययनले देखाएको छ । मन्त्रालय र विभागहरूले आफ्ना प्रगति, कार्यपत्र, गोष्ठी सेमिनार इत्यादिलाई वेवसाइटमा राख्ने गरेको पाइन्छ ।

४.३ सूचना मागको छुट्टै दर्ता किताब र अभिलेख

कुनै पनि सेवाग्राहीले माग गरेको सूचनाको निवेदन अनिवार्य रूपमा दर्ता गर्नुपर्ने र त्यसका लागि अलग दर्ता किताब खडा गर्नुपर्ने प्रावधानका बारेमा राष्ट्रिय सूचना आयोगले पनि बारम्बार भन्ने गरेको छ । यस्तो व्यवस्था गर्नाले नेपालमा यो कानुनको कार्यान्वयनको अवस्था पत्ता लगाउन, समस्याको पहिचान गर्न र कार्यान्वयनका लागि थप पहल गर्न सजिलो हुन्छ । तर, कतिपय मन्त्रालय वा विभागले यस्तो किताब नराख्ने गरेको गुनासो आइरहेको सन्दर्भमा यस पटकको अडिटमा नेपाल सरकारका सबै २१ वटै मन्त्रालयले सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल खडा गरेको देखाएको छ जुन निकै प्रशंसनीय छ ।

४.४ सूचना माग र प्रवाहको तथ्यांक राख्ने विषयमा

सूचनाको हकको कार्यान्वयनमा कुनै पनि कार्यालय, विभाग वा मन्त्रालयमा रहेका सूचना एवं जानकारीको संग्रह र त्यसको सहज प्रवाह महत्वपूर्ण पक्ष हो । कार्यालयका प्रमुख एवं सूचना अधिकारीहरूको सक्रियताले मात्र सूचनामा आमजनताको सहज पहुँच प्राप्त हुन सक्दछ, र सूचना मागकर्ताले पनि सहजता महसुस गर्न सक्छन् । सर्वेक्षणमा सूचना अधिकारी वा शाखा, महाशाखाले मन्त्रालय र मातहत सूचनाको हकको क्षेत्रमा भैरहेका गतिविधिलाई एकीकृत गर्ने, निर्देशन गर्ने, मन्त्रालय र मातहत निकायमा परेको सूचना माग र प्रवाहको तथ्याँक राख्ने पहल आरम्भ गरे,नगरेको अध्ययन गर्ने जमर्को गरेको थियो । सर्वेक्षणका क्रममा सूचना माग र प्रवाहको तथ्याँक राख्नेतर्फ आंशिक प्रतिवद्धता व्यक्त गर्ने मन्त्रालयको संख्या ४ तथा पूर्ण प्रतिवद्धता दर्शाउने मन्त्रालयको संख्या १७ रहेको छ ।

४.५ सूचनासम्वन्धी सन्देशमूलक जानकारीको व्यवस्था

मन्त्रालय र मातहतका निकायहरूमा सूचना अधिकारीको बोर्ड स्पष्ट देखिने ठाउँमा राखिनु आवश्यक छ । सूचना

अधिकारी र सूचना प्राप्त हुने तरिकाबारे जानकारीहरू मन्त्रालय तथा मातहतका केन्द्रीय निकायहरूमा गरिए पनि ती कहाँ, कहिले र कसरी भेटिन्छन् वा पाइन्छन् भन्ने प्रश्न मुख्य हो ।सर्वेक्षणमा सूचना अधिकारीको बोर्ड राखे,नराखेको, सूचना शाखा,महाशाखाको पहिचान हुने व्यवस्था गरे,नगरेको, सूचनाको हक झल्किने कुनै सन्देशमुलक होर्डिङ बोर्ड राखे,नराखेको भन्ने अध्ययन गरिएको थियो । सर्वेक्षणमा २ वटा मन्त्रालयले यस्तो प्रावधानको आंशिक व्यवस्था गरेको र १९ वटा मन्त्रालयले प्रतिवद्धताहरू पूरा गरेको पाइएको छ ।

४.६ वेवसाइटमा सूचना अधिकारी र स्वतः प्रकाशनको विवरण

सूचना प्रवाहको सशक्त माध्यमको रुपमा आजभोलि वेबसाइटहरू अघि आएका छन् । यस माध्यमले सबैलाई सजिलो पनि बनाएको छ । आम सर्वसाधारणदेखि विज्ञ, शोधार्थी, जिज्ञासु पत्रकारहरूले पनि सूचना र जानकारी खोजी गर्न मन्त्रालय र विभाग एवं कार्यालयका वेबसाइटहरू नियाल्ने गर्दछन् । सरकारी निकायहरूले आफूसँग भएका सूचनाहरू त्यस्ता वेवसाइटमा राखेर सार्वजनिक गर्न सक्छन् त्यो तत्क्षण नै विश्वव्यापी हुन सक्दछ । सर्वेक्षणमा मन्त्रालयको वेवसाइटमा सूचना अधिकारीको विवरण र स्वतः प्रकाशन गरे नगरेको विषयमा खोजी गरिएको थियो । मूल्याँकनमा आंशिक व्यवस्था गर्ने मन्त्रालय र पूर्ण विवरण राख्ने मन्त्रालयहरूको संख्या २० रहेको छ ।

४.७ वेवसाइट अद्यावधिक गरे नगरेको

वेवसाइट स्थापना गरेर मात्र हुँदैन, त्यसमा सूचना र जानकारी अद्यावधिक गरिरहनु पनि त्यत्तिकै आवश्यक हुन्छ । आकर्षक वेबसाइट, विभिन्न किसिमका सूचना र जानकारी तथा ताजा खबरहरू यसका पूर्वशर्त हुन् । सबैले सहजै वेवसाइटमा जानकारी प्राप्त गर्ने र डाउनलोड गर्न सक्ने अवस्था पनि हुनु पर्दछ । कतिपय विभागले आफ्नो वेवसाइट अंग्रेजी भाषामा मात्र बनाएको देखिएकोले वेबसाइटको डिफल्ट भाषा नेपाली राखिनु उपयुक्त हुन्छ । सर्वेक्षणमा २१ वटै मन्त्रालयले वेवसाइट अद्यावधिक गर्ने गरेको देखिएको छ ।

४.८ सूचना प्रवाह, प्रेस मिट र गुनासोका व्यवस्था

सूचनाको हकको प्रचलन अन्तर्गत सूचना प्रवाह एक महत्वपूर्ण कार्य हो । स्वसक्रियतापूर्वक (Proactive) गरिने त्यस्तो सूचना प्रवाहले आमजनतालाई सुसूचित गर्न मद्दत गर्दछ जसबाट सुशासन प्रवर्द्धनमा योगदान पुग्दछ । मन्त्रालय र मातहतका निकायको अग्रसरताले सूचनाको हकको प्रयोगमा प्रभावकारिता आउने र जनताले सहज रूपमा सूचना प्राप्त गर्ने हुन्छन् । सर्वेक्षणमा सूचना प्रवाहमा मन्त्रालय अग्रसर भए नभएको, नियमित रुपमा मिट द प्रेस गरे नगरेको, सूचनापाटी व्यवस्थित भए नभएको, उजुरीपेटीका भए नभएको, गुनासो व्यवस्था गरे नगरेको लगायतका समष्टीगत स्थितिको मूल्याँकन गरिएको थियो । सर्वेक्षणले सूचना प्रवाहका यी विषयहरूमध्ये धेरै मन्त्रालयले धेरै विषयमा चासो देखाएको औंल्याएको छ । सर्वेक्षणमा सूचना प्रवाहमा २१ वटै मन्त्रालयले पूर्ण अग्रसरता देखाएका छन् ।

४.९ सूचनाको हकसम्वन्धी तालिम, अन्तरक्रिया

सूचना अधिकारीहरूलाई तालिमको जरूरी रहेको विभिन्न अध्ययनले देखाइआएका छन् । सूचनाको भण्डारण, प्रशोधन, प्रकाशन लगायतका कानुनी र व्यवस्थापकीय पक्षमा सूचना अधिकारीहरूलाई जानकारी रहनु पर्दछ । सर्वेक्षणमा सूचनाको हकको तालिम, अन्तर्क्रिया, छलफल वा स्वतः अग्रसर भई कुनै काम गरे नगरेको र गर्न चासो वा प्रतिवद्धता भए नभएको सम्बन्धमा समष्टीगत स्थितिको अध्ययन गरिएको थियो । मूल्याँकनमा ४ वटा मन्त्रालयका सूचना अधिकारीले आंशिक तालिमको पाएका छन् भने १७ वटा मन्त्रालयले सूचनाको हकसम्वन्धी तालिम सञ्चालन गरेको पाइएको छ ।

४.१० सूचनाको हकबमोजिमको दायित्वको समष्टीगत मूल्याँकनको स्तर

सूचनाको हकसम्वन्धी ऐनले सार्वजनिक निकायको दायित्व तोकेको छ, जसअनुसार सूचनाको हकको सम्मान गर्नुपर्ने, सूचना वर्गीकरण गर्नुपर्ने, विभिन्न राष्ट्रिय भाषामा आफ्ना सामग्री प्रचारप्रसार गर्नुपर्ने, आमसञ्चार माध्यमको उपयोग गर्नुपर्ने लगायतको व्यवस्था छ । सर्वेक्षणमा यी प्रावधानको समष्टीगत मूल्याँकन गरिएको छ । सर्वेक्षणमा रक्षा मन्त्रालयको स्तर सन्तोषजनक रहेको छ भने अन्य २० वटा मन्त्रालयको समष्टीगत स्तर उत्कृष्ट रहेको पाइएको छ ।

अध्याय ५ : सर्वेक्षकका सुझावहरू

५.१ सूचना अधिकारी र व्यवस्था

- सूचना अधिकारीको स्तर कार्यालय प्रमुख भन्दा एक तह मुनिको बनाइएमा सूचनाको हकको प्रभावकारिता बढ्न जाने हुँदा सो अनुसार आयोगले निर्देशन दिनु पर्दछ ।
- सूचना अधिकारीलाई साधन स्रोत उपलब्ध गराउने, सूचनाको हकसम्वन्धी कियाकलाप सञ्चालनका निम्ति बजेटको व्यवस्था हुनुपर्ने र मन्त्रालयहरूमा अलग्गै सूचना डेस्क राख्नुपर्ने ।
- सूचनाको हकलाई सरकारी कार्यालयहरूले अतिरिक्त भारको रुपमा हेरेकाले यो प्रवृत्तिको अन्त्य हुनु पर्दछ ।
- महिनाको एक पटक मन्त्रालय र मातहतका निकायमा प्रवक्ता एवं सूचना अधिकारीहरूको समन्वयात्मक बैठक बस्नु आवश्यक छ ।
- सूचना अधिकारीको कार्यकक्ष सकेसम्म पहिलो तलामा वा देखिने स्थानमा राख्नुपर्ने ।
- सूचना अधिकारीहरूलाई नै संस्थाको प्रवक्ताको जिम्मेवारी दिनु उपयुक्त हुन्छ ।
- आफ्नो निकायका सबै सूचनाहरूको अभिलेख राख्नका लागि सबै बैठक र कार्यक्रममा सूचना अधिकारीलाई अनिवार्य रुपमा आमन्त्रण गर्नु पर्दछ ।
- सूचना प्रवाहमा नवीन प्रविधिको प्रयोग गर्ने र वेवसाइटमा एक रुपता कायम गर्नु पर्दछ
- सूचना अधिकारीले सूचना प्रवाहको जिम्मेवारी लिन नचाहने र यसलाई झन्झटका रूपमा लिने गरेकाले यसमा सुधार गर्न गम्भीरतापूर्वक सोच्नुपर्ने ।
- सूचना अधिकारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा सूचना प्रवाहलाई पनि आधार मान्नुपर्ने ।
- उत्कृष्ट कार्य गर्ने सूचना अधिकारीलाई पुरस्कारको व्यवस्था गर्ने ।
- कार्यालयभित्र भए गरेका निर्णयहरू र सूचनाहरू सूचना अधिकारीले स्वतः र सजिलै पाउने व्यवस्था मिलाउने ।
- सूचना अधिकारीहरूलाई पत्रकारिताका आधारभूत सीपको ज्ञान दिनु आवश्यक दिनुपर्ने यसबाट उनीहरूलाई आम मानिसले सहजै बुझ्ने किसिमबाट तथ्य, विवरण र जानकारीहरू सहज र सरल किसिमबाट प्रस्तुतीकरण गर्न सहज हुनेछ ।
- सूचना अधिकारीहरूलाई उत्प्रेरित गरी उनीहरूलाई मूल्याँकनका आधारमा पुरस्कृत गर्नु पर्दछ ।
- सूचना अधिकारीको अलग्गै दरवन्दीको व्यवस्था गरी बजेट समेतको व्यवस्था गरेमा सूचनाको हक कार्यान्वयनमा सहजता आउने छ ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा "सूचना अधिकारी" सचिव तहकै जिम्मेवार पदाधिकारीलाई तोकिनु उपयुक्त देखिन्छ । आवश्यकता अनुसार सहायक सूचना अधिकारीका रुपमा अन्य अधिकृतहरूलाई जिम्मेवारी दिन सकिन्छ ।
- कतै कतै सूचना अधिकारी स्वयम्ले सूचना प्राप्त गर्न नसकेको अवस्था समेत देखिएको र सूचनाको हकसम्वन्धी ऐनको कार्यान्वयन कतिपय सार्वजनिक निकायको प्राथमिकतामा नपर्ने गरेको पाइएकोले यसमा ठूलै सुधार आवश्यक छ ।
- सूचना अधिकारीहरूले सूचना प्रवाह गर्न माथिको आदेश कुर्नुपर्ने बाध्यता हटाउनु जरुरी छ ।

५.२ राष्ट्रिय सूचना आयोगबारे

- मुलुक संघीयतामा गएको, प्रदेशमा पनि सरकार र संसद पनि निर्माण भएकोले राष्ट्रिय सूचना आयोगको भूमिकालाई प्रादेशिक रुपमा विस्तार गर्नुपर्छ ।
- राष्ट्रिय सूचना आयोगको प्रतिवेदन संसदमा छलफल हुने अनिवार्य व्यवस्था आवश्यक छ । धेरै वर्षदेखि संसदमा छलफल नभएकोले यसका लागि कानुनमै संशोधन गरेर भएपनि व्यवस्था गर्नुपर्ने ।
- मन्त्रालय र मातहतका निकायको सूचनाको हकसम्वन्धी गतिविधिहरू स्वतः राष्ट्रिय सूचना आयोगमा बोधार्थ जाने गरी व्यवस्था मिलाउनुपर्ने ।
- प्रेस सम्मेलन आयोजना, प्रेस विज्ञप्ति लेखन आदि कार्यबारे राष्ट्रिय सूचना आयोगले बेलाबेलामा सूचना अधिकारीहरूलाई

तालिम र सूचनाका माग एवं आपूर्ति पक्षलाई सँगै राखेर एकापसका अपेक्षा र फरक आँकलन गर्नुपर्ने ।

- राष्ट्रिय सूचना आयोगले प्रदेश सरकार, स्थानीय तहका जनप्रतिनिधिहरू लगायत सम्वद्ध सरकारी कर्मचारीहरूलाई पनि जानकारी दिने र सुशासन प्रति जिम्मेवार बनाउन नियमित रुपमा सूचनाको हकसम्वन्धी अन्तरक्रिया, गोष्ठी संचालन गर्नु जरुरी छ ।
- मन्त्रीहरूको उपस्थितिमा सूचनाको हकसम्वन्धी अन्तरक्रिया, गोष्ठी आयोजना गर्नु पर्दछ ।

५.३ स्वतः प्रकाशनको व्यवस्था

- कतिपय निकायले सूचनाहरू एक रुपताका साथ राखेका छैनन् । विभिन्न प्रतिवेदन र प्रकाशनका सूचीहरूमा छरिएका छन् । तसर्थ स्वस्फूर्त खुलासाको लागि वेवसाइटमा एउटै 'डेडीकेटेड मेनु' मा यस्ता सूचनाहरू र सम्वद्ध निकायका अन्य प्रकाशन पनि राख्न सकिने व्यवस्था गर्नुपर्ने
- स्वतः प्रकाशनको प्रवृत्तिलाई अरु सरकारी कार्ययोजनासँग मिलान हुनेगरी चौमासिक बनाउनुपर्ने र जानकारी र प्रगतिका सूचनालाई वेभ साइटमा अद्यावधिक गरिए खर्च र स्रोत मितव्ययी हुने देखिन्छ ।
- सबै सरकारी कार्यालय र संस्थानहरूले चौमासिक रुपमा नयाँ र जनउपयोगी जानकारी र प्रगति विवरण (अहिले बैंक तथा वित्तीय संस्थाले त्रैमासिक वासलात सार्वजनिक गरेजस्तै) पत्रपत्रिकामा प्रकाशन गर्ने व्यवस्था गर्न सकिन्छ ।
- मन्त्रालयमा सूचना व्यवस्थापन र सूचना प्रवाहका लागि अवलम्बन गरिएको पद्धति विभागहरू र अन्य निकायमा समेत विस्तार हुनु जरुरी छ ।
- सूचना स्वतः प्रकाशन गर्नुपर्ने ऐनको व्यवस्थाका बारेमा परराष्ट्र मन्त्रालयका अधिकारीमा जानकारी नरहेको, राष्ट्रिय सूचना आयोगले माग गर्ने विषय मात्र हो भन्ने बुझाइ मन्त्रालयले राखेकोले यस मन्त्रालयमा सूचनाको हकसम्वन्धी कानुनकै बारेमा तालिम आवश्यक छ ।
- प्रवाह भएका सूचनाहरूको किसिम वर्गीकरण गर्न सकिएमा यसबाट कुन किसिमको सूचना बढी माग भयो र प्रवाह भयो भन्ने विश्लेषण गर्न सजिलो हुने देखिन्छ ।

५.४ अन्य

- पारदर्शी, जवाफदेही र उत्तरदायी सरकारको प्रत्याभूति गराउने मुख्य कार्यालय नै प्रधानमन्त्रीको कार्यालय भएको हुँदा सूचनाको हक प्रतिको राजनीतिक र प्रशासनिक प्रतिवद्धता व्यवहारमा झल्कने गरी सूचनाको हक कार्यान्वयनको नेतृत्व यस कार्यालयले लिनुपर्ने ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले आफ्नो जनसर्म्पक कार्यालय सिंहदरबारको सुरक्षा घेरा बाहिर पहुँच हुने स्थानमा राख्न आवश्यक देखिन्छ । र सो कार्यालयमा नै सूचनाको हकसम्वन्धी निवेदन ग्रहण गर्ने व्यवस्था गरिनु पर्दछ ।
- स्कुल कलेजका पाठ्यक्रम, लोकसेवा आयोगको पाठ्यक्रम, स्टाफ कलेज, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान आदिका आधारभूत सामग्रीमा सूचनाको हकलाई समावेश गर्न राष्ट्रिय सूचना आयोगले एउटा सार्वजनिक सेवा पाठ्यक्रम परीक्षण (public service curriculum audit) को वृहत् कार्यशाला गराउदा राम्रो हुनेछ ।
- मन्त्रालय र मातहतका निकायहरूले आफ्ना वेवसाइट बिग्रन वा ह्याक हुन नसक्ने गरी सुरक्षित गर्नुपर्दछ ।
- सूचनाको वर्गीकरण नभएकाले के कस्ता सूचना सार्वजनिक गर्न हुने वा नहुने भन्ने विषयमा अन्यौल कायम भएकोले सूचनाको वर्गीकरण छिटो गरिनु आवश्यक छ ।
- सूचनाको हक कार्यान्वयनको प्रभाव मूल्याँकन पद्धति र अनुसन्धान विधि विकसित गर्नु आवश्यक देखिन्छ ।
- विभिन्न मन्त्रालयबीच डिजिटल नेटवर्किङ स्थापना गर्न सबै मन्त्रालयले वेभ साइटमा Master Link राख्न उपयुक्त हुने ।
- आरटीआई बजेटको पद्धति अवलम्बन हुनुपर्ने र यसले सूचना व्यवस्थापन, अभिलेख सुधार तथा प्रशिक्षणमूलक गतिविधिलाई नियमित गर्न सहज हुने ।
- आरटीआई अडिटमा उत्कृष्ट हुने मन्त्रालय वा मातहतका निकायहरूलाई पुरस्कृत गरेर त्यसको व्यापक प्रचार प्रसार गर्दा अरुलाई पनि राम्रो काममा आकर्षित गर्न सकिने ।
- सूचनाको हक कार्यान्वयनका लागि अनुगमनकारी निकायबाट निरन्तर निगरानीको खाँचो देखिएको छ ।
- गोपनीयता सम्वन्धी ऐन निर्माणका लागि पहल गर्नु पर्दछ ।
- मन्त्रालयहरूमा सूचनाहरू सार्वजनिक एवम् सम्प्रेषण गर्नका लागि छुट्टै RTI Portal को व्यवस्था हुनु आवश्यक छ ।
- दुःख दिने नियतले सूचनाको हक अन्तरगत सूचना माग गर्नेलाई ऐनमा संशोधन गरी निरुत्साहित गर्नु पर्ने सुझाव प्राप्त भएको छ ।
- सबै निकायका वेबसाइटहरू आरटीआई मैत्री ओपन फर्म्याटमा राख्नु पर्दछ र वेबसाइटका डिफल्ट भाषा नेपाली हुनु पर्दछ ।

अध्याय ६ : राष्ट्रिय सूचना आयोगको सुझाव

अडिट कार्यसम्पादन र अवस्था अध्ययनको एउटा सजिव कडी हो । यसका माध्यमबाट परिस्थिति र कार्यप्रकृतिका धेरै पक्षहरू सचित्र खुल्ने गर्छन् । त्यस्तै एउटा अनुभव आयोगले यस आरटीआई अडिटबाट पनि प्राप्त गर्न सकेको छ । कुनैपनि पदार्थको शुद्धता हेर्नका लागि त्यसको मुहानमै पुग्नुपर्छ भन्ने सिद्धान्तको अनुशरण गरेर यो अध्ययन पनि नेपालको प्रशासनिक निकायको मुहानमै पुग्ने प्रयत्न गरेको हो । एक हदसम्म यो सफल पनि हुन सकेको हाम्रो विश्वास छ ।

अनुसन्धान अंग्रेजी Research शब्दको नेपाली अनुवाद हो र यसको अर्थ खोजीमात्र नभएर "पुनः अथवा पटक पटकको" खोजी भन्ने हो । त्यसैले अनुसन्धानको यो अन्त्यहीन दार्शनिक अर्थलाई आगामी दिनमा पनि अनुशरण नै गरिने छ । यसको अर्थ यो हो कि एउटै अनुसन्धानबाट सबै कार्य एकै पटक पत्तो लाग्दैनन् । तर यो अध्ययन निरर्थक भने पक्कै पनि भएको छैन र एक पटकको अनुसन्धानले कम्तिमा पनि एक तथ्यको खोजी गरी पत्ता लगाउनुपर्ने धर्म यसले पनि निर्वाह गरेको छ । विगतमा गरिएको पहिलो र यो दोस्रो अध्ययनमा केही नयाँ तथ्य उजागर भएका थिए । कतिपयमा सकारात्मक परिवर्तन आएको पाइएको छ ।

यसले आम जनताले गरेको देशको प्रशासन यन्त्रको सूचनाको हकसम्वन्धी बुझाई र प्रयोगको अनुमानलाई जाँच गर्न केही न केही सहयोग पुऱ्याएको छ । अथवा पानीको मुहान सफा भएपछि तलतिर पनि सफा पानी नै बग्छ भन्ने यथार्थ जस्तै यो मुहानमाथिको यति धेरै गहन खोजी र राष्ट्रिय सूचना आयोगको यो अडिटमार्फतको अनुगमनले उनीहरूलाई आफ्नो मातहतका कार्यालयमा पनि यसै बमोजिमको रक्त सञ्चारको बहाव पुगोस् भन्ने हेतु पनि यस अध्ययनले राखेको छ ।

यो अडिट बास्तवमा अंकगणितबाट प्राप्त नम्वरको प्रस्तुती हो । यसमा अति नगण्य मात्रामा मात्र सरोकारवालाको मनोविज्ञानको मापन छ । यो अनुसन्धानको यस खण्डमा राष्ट्रिय सूचना आयोगले आफ्ना अनुभव र सुझावहरूलाई यहाँ प्रस्तुत गरेको हो । यी सुझावहरू पनि माथिको अनुसन्धानका क्रममा भेटिएका वास्तविकता र संकलित तथ्यांकहरूको प्रस्तुती पछि आएका हुन् । जस्तो कि सूचनाको हकसम्वन्धी ऐनको कार्यान्वयनमा सचिव र महाशाखा प्रमुखको प्रतिवद्धता रहेको नरहेको भन्ने प्रश्नको जवाफ नरहेको भनेर लगभग आउँदैन । ती व्यक्तित्वको नियत पनि यो प्रश्नले मापन गर्दैन र गर्न पनि पाउदैन । त्यसैले यस खण्डको आसय यतिमात्र हो कि अंकगणितमा प्राप्त गरेको परिणाम बमोजिम नै व्यवहारमा पनि परिवर्तन होस र प्रतिवद्धता नरहेको भन्ने आसय व्यवहारबाट देखिने अवस्था नरहोस ।

अध्ययनमा सूचना अधिकारी राखेको भन्ने जवाफ शतप्रतिशत आएको छ । मानौँ कि सूचना अधिकारी नराखेको कार्यालय नै छैन । तर पनि ती कार्यालयले केहीले भने एक पटक पनि ती अधिकारीहरूलाई तालिम नदिएको भनेर जवाफ दिएका छन् । अब ती कार्यालयले सूचनाको हकको कानुनलाई सशक्त रुपमा कार्यान्वयनका लागि सूचना अधिकारीलाई तालिम दिन नै आवश्यक नठानेका हुन् वा सूचना अधिकारीहरू आफै जान्ने भएर अथवा तालिम नचाहिएकोले यस्तो अवस्था आएको हो ? यस्ता विषयमा आगामी दिनमा सबै सार्वजनिक निकायले ध्यान दिनु अति जरुरी छ । त्यस्तै सूचना अधिकारी सूचना दिन प्रतिवद्ध रहेको भन्ने जवाफ नै धेरैको छ ।

कुनैपनि सूचना अधिकारी कानुनले तोकेको समयावधिभित्र सूचना दिनुपर्ने विषयमा सजग रहे नरहेको बारेमा गरिएको विषयमा सबैजसो सूचना अधिकारी सजग रहेको जवाफ आएको छ । यो सकारात्मक पक्ष हो । तर आज सजग छु भन्ने जवाफ उनीहरूले दिएर मात्र हुँदैन । भोलिका दिनमा यो सजगता बमोजिम सूचना दिए नदिएको विषयमा पनि अझ सम्वेदनशील रुपमा खोज अनुसन्धान हुन पनि सक्छन् । त्यसैले यस्ता पक्षमा पनि सबै सार्वजनिक निकायका सूचना अधिकारीहरू सजग र सतर्क हुनु पनि जरुरी छ ।

त्यसैगरी मागेको सूचना कानुन बमोजिम दिनुपर्ने ठहर्छ भने दिनुपर्छ भन्ने विषयमा पनि धेरैको सकारात्मक जवाफ छ । यस्ता विषयमा आगामी दिनमा पनि सबै इमान्दारिताका साथ सतर्क हुनु जरुरी छ । आफ्नो मन्त्रालय वा विभागकै

मातहतका सूचना अधिकारीलाई आवश्यक र समयानुकुल तालिम दिए नदिएको विषयमा पनि सबै मन्त्रालय चनाखो हुनुपर्छ । उनीहरूलाई तालिमका लागि राष्ट्रिय सूचना आयोग वा सूचना हकका क्षेत्रमा काम गर्ने गैर सरकारी क्षेत्रका संघ संस्था वा मन्त्रालय आफैले पनि यस्तो व्यवस्था गर्न सक्छन् ।

मन्त्रालय, विभाग वा ऐनको परिभाषा भित्र पर्ने सबै सार्वजनिक निकायले नागरिकले नमागेतापनि ऐनको व्यवस्था बमोजिम आफैले सूचना सार्वजनिक गर्नुपर्दछ । यसलाई सार्वजनिक निकायको स्वत खुलासाको सिद्धान्तका रुपमा लिइन्छ । त्यसको अनुगमन त्यति गरिएको त छैन तर पनि यस्ता धेरैजसो निकायले आफैले सार्वजनिक गर्नुपर्ने सूचनाहरू हरेक तीन महिनामा गर्नुपर्नेमा नगरेको भन्ने नै गुनासो धेरे सुन्ने गरिन्छ । तर यस अडिटमा बहुमत मन्त्रालयले खुलासा गर्ने गरेको बताएका छन् ।

यसको फलोअप पनि सबै निकायले गर्दामात्र राम्रो हुनेछ । त्यसैगरी सूचना प्रचारप्रसार गराएको वा नगराएको भन्ने बारेमा पनि मन्त्रालयले आफू मातहतका विभागको नै अनुगमन गर्नु जरुरी छ । अन्यथा गराई र बोलाईमा धेरै भिन्नता आउने खतरा पनि रहन्छ । यस्तै सार्वजनिक निकायमा सूचना शाखा स्थापना गरेको देखिएको भएपनि त्यसमा सूचनाको उत्पादन, वितरण र सामयिक यसको अद्यावधिक गर्ने काम धेरै थोरै मात्रामा मात्र भएको पाइन्छ । यस्तो नियमिततालाई आगामी दिनमा व्यवस्थित बनाई वास्तविक नै सूचना शाखाका रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ ।

त्यस्तै कुनै पनि सार्वजनिक निकायमा सूचना अधिकारी सकेसम्म दोस्रो वा तेस्रो बरियताको राख्न सकिएमा सूचनामा र विशेषगरी त्यस निकायका प्रमुख समक्ष सूचना अधिकारीको पहूँच पुग्ला भन्ने हिसाबले नै यो प्रावधान राखिएको हो । तर व्यवहारमा त्यस्तो नहुन पनि सक्छ । यस्ता विषयलाई विधिसम्मत रुपमा र कारणसहित सुधार पनि गर्न सकिन्छ । त्यस्तै उजुरी पेटिका राखेको र नियमित खोल्ने गरेको पक्षमा जवाफ आएता पनि नियमित खोलेर त्यसभित्रका उजुरीहरूका बारेमा वास्तविक रुपमा सुनुवाई पनि हुन्छ कि उजुरी पेटिका राख्ने र खोल्नेमात्र काम हुन्छ भन्ने पक्ष आगामी दिनको अनुसन्धानको विषय बन्न सक्छ ।

त्यस्तै नियमित रुपमा प्रेस मिट गर्नु भनेको नागरिकलाई सूचना दिनुमात्र नभएर आफैले गरेका कामहरूको पनि समय समयमा प्रचार गर्न पाइन्छ भनेर काम गर्दा पनि समय समयमा सूचना सार्वजनिक हुने छन् । यस अवसरमा सूचनाको हकका बारेमा पनि छलफल गर्न सकिन्छ र यसरी आयोजना गरिने प्रेस मिटलाई उक्त ऐन बमोजिम नै नियमित रुपमा स्वतः खुलासाको प्रयोजनमा पनि प्रयोग गर्न सकिन्छ ।

अन्त्यमा, नेपालको संविधानको धारा २७, सूचनाको हकसम्वन्धी ऐन, २०६४ र नियमावली, २०६५ बमोजि सरकारी एंव सार्वजनिक निकायको तोकिएको कानूनी जिम्मेवारी पूरा गर्न आयोग यसै प्रवितेदन मार्फत केही सुझाव प्रस्तुत गर्दछ । अयोगले २०७३ र २०७४ सालका RTI Audit Report मा प्रस्तुत गरेका सुझावहरूको सारांश निम्नानुसार रहेका छन् साथै अयोगको यस वर्षको सुझाव तल प्रस्तुत गरिएको छ ।

(क) सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७३ मा सुझावहरू

१. सवै सार्वजनि निकायका सूचना अधिकारी तोकिनु पर्छ ।
२. सवै सार्वजनिक निकायले ३/३ महिनामा अनिवार्य रुपमा स्वतः प्रकाशन गर्नुपर्छ ।
३. सवै सार्वजनि निकायले सूचना माग र प्रवाहको छुट्टै अभिलेख राख्नुपर्छ ।
४. सूचनाको हकसम्वन्धी ऐनको दफा ४ बमोजिम सार्वजनिक निकायले कानूनप्रति सम्मान प्रकट गनुपर्छ ।
५. सूचना अधिकारी नागरिकले माग गरेको सूचना प्रदान गर्न उत्सुक हुनुपर्दछ ।
६. सवै सार्वजनिक निकायमा सूचना अधिकारीको फ्लेक्स बोर्ड सवैले देख्ने ठाउँमा राख्नुपर्छ ।
७. नेपाल सरकारले वर्षेनी नागरिकबाट कति सूचना माग र प्रवाह भए भन्ने अभिलखे संकलन गरी सार्वजनिक गर्नुपर्दछ ।
८. कानूनले तोकेकै अवधिभित्र सूचना मागकर्ता नागरिकलाई सूचना उपलब्ध गराउनु पर्छ ।
९. संभव भएसम्म माग भएकै स्वरुपमा सूचना उपलब्ध गराउनु पर्छ ।
१०. सूचना प्रवाहमा दक्षता वृद्धि गर्न नियमित रुपमा तालीम संचालन गर्नुपर्दछ ।
११. सूचना प्रवाहमा राष्ट्रिय भाषाको प्रयोग र आम सञ्चार माध्यमको उपयोग गर्नुपर्छ ।

१२. केन्द्रीयस्तरका निकायमा अनिवार्य रुपमा यथाशीघ्र सूचना शाखा/महाशाखा स्थापना गर्नुपर्छ ।
१३. कानूनले निर्दिष्ट गरे बमोजिम कार्यालयको दोस्रो र तेस्रो वरियताको अधिकारीलाई सूचना अधिकारी तोक्नुपर्छ ।
१४. प्रत्येक निकायले उजुरी पेटिकाको व्यवस्था र गुनासो सुनुवाईको समुचित प्रवन्ध गर्नुपर्छ ।
१५. नियमित रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्नुपर्छ ।
१६. नियमित रुपमा मिट द प्रेस कार्यक्रमको आयोजना गर्नुपर्छ ।
१७. प्रत्येक निकायले वेवसाईटको व्यवस्था गर्नुपर्छ ।
१८. वेवसाइट नियमित रुपमा अद्यावधिक गर्नुपर्छ ।
१९. सूचनाको हकको प्रभावकारी प्रचलनका लागि नियमित अन्तरक्रिया कार्यक्रमको आयोजना गर्नुपर्छ ।
२०. अधिकतम खुलासाको सिद्धान्त अवलम्वन गरी सवै सार्वजनिक निकायहरू सूचना प्रवाहमा स्वतफूर्त अग्रसर हुनुपर्छ ।

(ख) सूचनाको हक कार्यान्वयनको परीक्षण प्रवितेदन, २०७४ का सुझावहरू

१. संविधानको धारा २७ मा सम-सामयिक संशोधन गर्नुपर्छ ।
२. सूचनाको हकसम्वन्धी ऐन नियमावलीमा पनि सम सामयिक संशोधन गर्नुपर्छ ।
३. प्रादेशिक सूचना आयोग गठन गर्नुपर्छ । स्थानीय हकका आरटिआई अम्बुडसम्यान खडा गर्नुपर्छ ।
४. सूचना अधिकारी नतोक्ने र स्वत : प्रकाशन नगर्ने सरकारी निकायको बजेट रोक्का सम्मको कारवाही गर्नुपर्छ ।
५. कर्मचारीको सपथमा रहेको गोप्य शब्द हटाउनु पर्छ । सरकारी कागजातमा गोप्य र अति गोप्य छाप लगाउने प्रणाली खारेज गर्नुपर्छ ।
६. विद्युतीय प्रणालीबाट सूचना माग्ने र पाउने व्यवस्था गर्नुपर्छ ।
७. खुल्ला सरकारी तथ्याङ्कको राष्ट्रिय कार्ययोजना लागू गर्नुपर्छ ।
८. पदोन्नति प्रणालीमा खुल्ला ढंगले काम गर्नलाई प्रोत्साहित गर्नुपर्छ ।
९. आरटिआई बजेट लागू गर्नुपर्छ ।
१०. सूचना प्रवाहमा सरकारी क्षेत्र 'रोलमोडल' हुनुपर्छ ।

(ग) सूचनाको हक कार्यान्वयनको परीक्षण प्रतिवेदन, २०७५ का सुझावहरू

राष्ट्रिय सूचना आयोगले प्रत्येक वर्ष आफ्नो बार्षिक प्रतिवेदन तयार गरी सम्माननीय प्रधानमन्त्रीमार्फत संघीय संसदमा प्रस्तुत गर्ने कानूनी व्यवस्थाको पालना गरिरहेको छ । यस्तो वार्षिक प्रतिवेदनमा आयोगको सुझावहरू प्रस्तुत भैरहेका छन् । आयोगले पहिलेको चरणमा आफ्ना सुझाव प्रस्तुत गरिरहेकै छ । यसर्थ यस वर्षको RTI Audit Report मा आयोग सूचनाको हकसबन्धी ऐन, २०६४, को कार्यान्वयनमा आएको ११ वर्ष भयो । जसमा विश्व परिवेशमा देखिएका असल अभ्यास समेतका आधारमा यस प्रतिवेदनमा निम्न संशोधनको प्रस्ताव प्रस्तुत गर्दछ, जसका कारण सार्वजनिक निकायहरू सूचनाको हकको प्रभावकारी प्रचलनमा खरो उत्रिन उत्प्रेरित हुनेछन ।

१. सूचना माग गर्दा प्रयोजन/कारण खुलाउनुपर्ने व्यवस्था हटाउने ।
२. इमेल लगायत विद्युतीय संजालबाट सूचना माग र पाउन सकिने व्यवस्था गर्ने ।
३. नेपाल सरकारले सूचनाको प्रवृत्ति र सूचना मागकर्ताको अवस्था हेरेर निशुल्क सूचना दिन सक्ने व्यवस्था गर्ने ।
४. राष्ट्रिय सूचना आयोगका पदाधिकारीहरूको नियुक्ति सिफारिस गर्ने समितिमा विपक्षी दलको नेतालाई पनि समेट्ने ।
५. राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्तले प्रधानन्यायाधिससँग सपथ ग्रहण गर्ने व्यवस्था गर्ने ।
६. सूचनाको वर्गीकरण ३ महिना भित्र गरिसक्ने व्यवस्था गर्नुपर्ने ।
७. प्रादेशिक सूचना आयोग गठन गर्नुपर्ने ।
८. सार्वजनिक नियकाको परिभाषाभित्र निजी क्षेत्र र गैर सरकारी क्षेत्र समेट्ने गरी स्पष्ट गरिनुपर्ने ।
९. सूचना मागको कार्यविधि सरल गर्नुपर्ने ।
१०. सूचना प्रवाहका प्रोत्साहित गर्न सूचना अधिकारीलाई उत्प्रेरित गर्न योजना तर्जुमा गरी लागू गर्नुपर्ने ।

प्रश्नावलीको ढाँचा

मूल्याङ्कनको सूचकाङ्क

क्र.सं.	सूचकाङ्क	अङ्क
१.	सूचना अधिकारी तोकिएको/नतोकिएको	
	१.१ मन्त्रालयमा तोकिएको	अंक ७
	१.२ मातहत निकायमा तोकिएको	अंक १
	१.३ सूचना अधिकारीको फ्लेक्स बोर्ड भएको	अंक १
	१.४ परिचय दिँदा सूचना अधिकारी भनी प्रस्तुत भएको	अंक १
२.	तीन तीन महिनामा स्वतः प्रकाशन गर्ने गरेको /नगरेको	
	२.१ मन्त्रालयमा नियमित गरेको	अंक ७
	२.२ मन्त्रालयले कहिलेकाहीँ गरेको	अंक १
	२.३ मातहत निकायले गरेको	अंक १
	२.४ मन्त्रालयको नियमित प्रकाशन वेवसाइटमा राखेको	अंक १
३.	सूचना माग र प्रवाहको छुट्टै दर्ता किताब, अभिलेख र फाइल खडा गरेको, नगरेको	
	३.१ मन्त्रालयले गरेको	अंक ७
	३.२ मातहत निकायले गरेको	अंक १
	३.३ मन्त्रालयको रजिष्टर नै देखाएको	अंक १
	३.४ छलफलमा कूल सूचना माग र प्रवाहको संख्या नै बताएको	अंक १
४.	सूचना अधिकारी वा सूचना शाखा/महाशाखाले मन्त्रालय र मातहत सूचनाको हकको क्षेत्रमा भैरहेका गतिविधिलाई एकीकृत गर्ने, निर्देशन गर्ने, मन्त्रालय र मातहतमा परेको सूचना माग र प्रवाहको तथ्याँक राख्ने पहल गरे, नगरेको	अंक ३ देखि ७
	४.१ मन्त्रालयले गरेको	अंक १
	४.२ मातहत निकायले पठाएको दावी गरेको	अंक १
	४.३ अभिलेखको रजिष्टर नै प्रदर्शन गरेको	अंक १
	४.४ अभिलेखको विवरण नै प्रस्तुत गरेको	
५.	सूचना अधिकारीको बोर्ड राखेको/नराखेको, सूचना शाखा/महाशाखाको पहिचान हुने व्यवस्था गरे/नगरेको, सूचनाको हक झल्किने कुनै सन्देशमुलक होर्डिङ बोर्ड टाँसे /नटाँसेको	अंक ५ देखि ७
	५.१ मन्त्रालयले गरेको	
	५.२ मातहत निकायले गरेको	अंक १
	५.३ छलफलमा यस सम्वन्धी विवरण प्रस्तुत गरेको	अंक १
	५.४ छलफलमा उत्साहपूर्ण ढंगले प्रस्तुत गरेको	अंक १

६.	मन्त्रालयको वेवसाइटमा सूचना अधिकारीको विवरण र स्वतः प्रकाशन राखे /नराखेको ६.१ मन्त्रालयले राखेको ६.२ मातहत निकायले राखेको ६.३ वेवसाइटमा के छ भनी प्रस्तुत गरेको ६.४ आफ्नो वेवसाइट प्रति गर्व प्रदर्शन गरेको	 अंक ५ देखि ७ अंक १ अंक १ अंक १
७.	मन्त्रालयको वेवसाइट दुरुस्त भए/नभएको, प्रेस विज्ञप्ति राखे /नराखेको, नागरिकलाई आवश्यक सूचना प्रवाह गरे/नगरेको ७.१ मन्त्रालयले गरेको ७.२ मातहत निकायले गरेको ७.३ के गरिएको छ भनी प्रस्तुत नै गरेको ७.३ छलफलमा उत्साह प्रदर्शन गरेको	 अंक ५ देखि ७ अंक १ अंक १ अंक १
८.	सूचना प्रवाहमा मन्त्रालय अग्रसर भए/नभएको, नियमित मिट द प्रेस गरे/नगरेको, सूचना पाटी व्यवस्थित भए/नभएको, उजुरी पेटिका भए/नभएको, गुनासो व्यवस्था गरे/नगरेको लगायतको समष्टीगत स्थिति ८.१ मन्त्रालयले गरेको ८.२ मातहत निकायले गरेको ८.३ गरेको कुरा छलफलमा बताएको ८.४ छलफलमा उत्साह प्रदर्शन गरेको	 अंक ३ देखि ७ अंक १ अंक १ अंक १
९.	सूचनाको हकको तालिम, अन्तरक्रिया, छलफल वा स्वतः अग्रसर भै कुनै काम गरे/नगरेको र गर्न चासो वा प्रतिवद्धता भए/नभएको सम्बन्धमा समष्टीगत स्थिति ९.१ मन्त्रालयले गरेको ९.२ मातहत निकायले गरेको ९.३ गरेको कुरा छलफलमा बताएको ९.४ छलफलमा उत्साह प्रदर्शन गरेको	 अंक ३ देखि ७ अंक १ अंक १ अंक १
१०.	सूचनाको हकसम्वन्धी ऐनले सार्वजनिक निकायको दायित्व तोकेको छ। जसअनुसार सूचनाको हकको सम्मान गर्नुपर्ने, सूचना वर्गीकरण गर्नुपर्ने, विभिन्न राष्ट्रिय भाषामा आफ्ना सामग्री प्रचार प्रसार गर्नुपर्ने, आमसञ्चार माध्यमको उपयोग गर्नुपर्ने लगायतका पक्षमा समष्टीगत मूल्याँकनको स्तर १०.१ मन्त्रालयको समष्टीगत मूल्याँकन १०.२ मातहत निकायको समष्टीगत मूल्याँकन १०.३ भए गरेका कामको समष्टीगत प्रस्तुतिको मूल्याँकन १०.४ देखिएको उत्साह, जाँगरको समष्टीगत मूल्याँकन	 अंक ३ देखि ७ अंक १ अंक १ अंक १

राष्ट्रिय सूचना आयोगको आदेश कार्यान्वयनको स्थितिः

मूल्याँकनकर्ताको निष्कर्ष र सुझाव :

अनुसूची २

सर्वेक्षणमा समेटिएका मन्त्रालयहरूको सूची

क.सं.	मन्त्रालयको नाम
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
२	अर्थ मन्त्रालय
३	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
४	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
५	कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय
६	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
७	खानेपानी मन्त्रालय
८	गृह मन्त्रालय
९	परराष्ट्र मन्त्रालय
१०	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
११	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
१२	युवा तथा खेलकुद मन्त्रालय
१३	रक्षा मन्त्रालय
१४	वन तथा वातावरण मन्त्रालय
१५	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
१६	सहरी विकास मन्त्रालय
१७	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
१८	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
१९	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
२०	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
२१	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

अनुसूची ३

प्रश्नावलीका सूचकहरूको तुलनात्मक स्थिति (मन्त्रालयगत)

क.सं.	मन्त्रालयको नाम	सूचकहरू										कूल अंक
		१	२	३	४	५	६	७	८	९	१०	
१	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	९	७	८	३	३	६	६	८	३	७	६०
२	अर्थ मन्त्रालय	१०	१०	१०	१०	१०	१०	१०	१०	१०	१०	१००
३	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय	१०	९	९	९	९	१०	९	९	९	९	९२
४	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय	९	०	७	३	७	२	७	८	३	६	५२
५	कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय	१०	७	९	८	१०	१०	६	१०	१०	९	८९
६	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय	१०	९	१०	९	१०	१०	१०	१०	८	८	९४
७	खानेपानी मन्त्रालय	१०	९	९	९	९	१०	१०	८	८	८	९०
८	गृह मन्त्रालय	८	१०	८	७	९	१०	१०	१०	७	७	८६
९	परराष्ट्र मन्त्रालय	१०	७	१०	५	९	९	९	९	८	९	८५
१०	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय	१०	५	७	९	९	७	८	७	७	६	७५
११	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	९	६	८	४	२	६	७	६	५	६	५९
१२	युवा तथा खेलकुद मन्त्रालय	१०	९	९	९	९	९	९	९	९	७	८९
१३	रक्षा मन्त्रालय	१०	९	९	९	९	९	९	९	७	५	८५
१४	वन तथा वातावरण मन्त्रालय	१०	१	१०	९	१०	१०	१०	१०	१०	१०	९०
१५	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय	८	९	८	८	९	१०	१०	१०	८	९	८९
१६	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	१०	९	१०	९	१०	१०	९	९	९	९	९४
१७	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	१०	८	९	१०	७	७	९	१०	१०	१०	९०
१८	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय	१०	७	१०	९	१०	७	९	८	६	६	८२
१९	सञ्चार तथा सूचना प्रविधि मन्त्रालय	१०	१०	८	९	९	१०	९	९	९	९	९२
२०	सहरी विकास मन्त्रालय	१०	१०	७	८	८	९	८	७	१०	७	८४
२१	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	८	९	८	८	९	१०	९	९	८	९	८७

सूचकहरूको कूल अंकको तुलनात्मक स्थिति (मन्त्रालय एवं विभागहरू)

क.सं.	मन्त्रालय र विभागको नाम	प्राप्ताङ्क
१	**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	६०
	सार्वजनिक खरिद अनुगमन कार्यालय	९०
	नेपाल ट्रस्टको कार्यालय	९२
	राष्ट्रिय योजना आयोगको सचिवालय	६४
	सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग	७५
	राजश्व अनुसन्धान विभाग	९५
२	**अर्थ मन्त्रालय**	१००
	महालेखा नियन्त्रक कार्यालय	७६
	आन्तरिक राजश्व विभाग	८५
	भन्सार विभाग	८९
	सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	८९
	नेपाल राष्ट्र बैंक	८२
	बीमा समिति	७३
	नेपाल धितोपत्र बोर्ड	६९
३	**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**	९२
	उद्योग विभाग	९१

	खानी तथा भूगर्भ विभाग	९१
	नेपाल गुणस्तर तथा नापतौल विभाग	८९
	वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग	९०
	कम्पनी रजिष्ट्रारको कार्यालय	८८
	घरेलु तथा साना उद्योग विकास समिति	८८
	विशेष आर्थिक क्षेत्र प्राधिकरण	८७
	औद्योगिक क्षेत्र व्यवस्थापन लि.	८७
	साल्ट ट्रेडिङ कम्पनी	८९
	नेपाल आयल निगम	९०
	नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी	८५
	व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र	८५
४	**ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय**	५२
	विद्युत विकास विभाग	७०
	सिंचाई विभाग	६४
	जल तथा मौसम विज्ञान विभाग	४३
	जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग	७५
५	**कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय**	८९
	न्याय सेवा तालिम केन्द्र	७७
	नेपाल कानुन आयोग	५७
	कानुन किताब व्यवस्था समिति	५९
६	**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**	९४
	प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजना	८९
	कृषि विभाग	९१
	तरकारी विकास निर्देशनालय	९६
	राष्ट्रिय कृषि अनुसन्धान विकास कोष	९०
	कृषि प्रसार निर्देशनालय	९२
	मत्स्य विकास निर्देशनालय	९८
	माटो व्यवस्थापन निर्देशनालय	९९
	पोष्ट हार्भेष्ट व्यवस्थापन निर्देशनालय	८१
	भूमिसुधार तथा व्यवस्थापन विभाग	९४
	नापी विभाग	८०
	भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र	८१
	भू सूचना तथा अभिलेख विभाग	८६
	सहकारी विभाग	९०
	केन्द्रीय सहकारी प्रशिक्षण केन्द्र	९०
७	**खानेपानी मन्त्रालय**	९०
	खानेपानी तथा ढल निकास विभाग	८५
	आयोजना कार्यान्वयन निर्देशनालय	७२
	मेलम्ची खानेपानी विकास समिति	६८
	काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड	७७
	काठमाडौं उपत्यका खानेपानी लि.	७८
	नेपाल खानेपानी संस्थान	७८
	तेस्रो साना सहरी खानेपानी, सरसफाई आयोजना	७८
	ग्रामीण खानेपानी तथा सरसफाई कोष समिति	८६
८	**गृह मन्त्रालय**	८५
	नेपाल प्रहरी	९०
	सशस्त्र प्रहरी बल	९०
	अध्यागमन विभाग	८५
	कारागार व्यवस्था विभाग	८५
	प्रहरी किताबखाना	९०

	राष्ट्रिय परिचय पत्र व्यवस्थापन केन्द्र	८५
९	**परराष्ट्र मन्त्रालय**	८५
	राहदानी विभाग	७७
	कन्सुलर सेवा विभाग	८१
	परराष्ट्र मन्त्रालय वीरगन्ज सम्पर्क कार्यालय	५८
	विदेशस्थित नेपाली नियोगहरू	६०
१०	**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**	७५
	यातायात व्यवस्था विभाग	६६
	रेल विभाग	६९
	सडक विभाग	६८
	सडक बोर्ड नेपाल	७३
११	**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय**	५९
	महिला, बालबालिका तथा जेष्ठ नागरिक विभाग	९३
	समाजकल्याण परिषद्	९५
	नेपाल स्काउट	७७
	केन्द्रीय बाल कल्याण समिति	८५
१२	**युवा तथा खेलकुद मन्त्रालय**	८९
	राष्ट्रिय युवा परिषद्	९२
	राष्ट्रिय खेलकुद परिषद्	६६
	युवा तथा साना व्यवसायी स्वरोजगार कोष	७७
१३	**रक्षा मन्त्रालय**	८५
	नेपाली सेना	७४
१४	**वन तथा वातावरण मन्त्रालय**	९०
	राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग	८४
	भू तथा जलाधार व्यवस्थापन विभाग	७५
	वन विभाग	८१
	वनस्पति विभाग	८४
	वातावरण विभाग	९२
	केन्द्रीय वन तालिम तथा प्रसार केन्द्र	८४
	रेड कार्यान्वयन केन्द्र	९३
	राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति	८२
	जडिबुटी उत्पादन तथा प्रशोधन क.	३६
	वन पैदावार विकास समिति	५३
	द टिम्बर कर्पोरेसन	३९
१५	**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**	८९
	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्	९५
	शिक्षा विभाग	९०
	शैक्षिक जनशक्ति विकास केन्द्र	९५
	परीक्षा नियन्त्रण कार्यालय	९०
	पाठ्यक्रम विकास केन्द्र	८५
	अनौपचारिक शिक्षा केन्द्र	८५
	विद्यालय शिक्षक किताबखाना	८५
	शैक्षिक गुणस्तर परीक्षण केन्द्र	८०
	शिक्षाका लागि खाद्य कार्यक्रम	८५
	व्यावसायिक तालिम योजना	९०
	राष्ट्रिय परीक्षा बोर्ड	८५
१६	**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**	९४
	श्रम विभाग	९०
	वैदेशिक रोजगार विभाग	८९
	सामाजिक सुरक्षा कोष	९२
	वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड	८८

	ईपीएस शाखा कार्यालय	८९
१७	**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**	९०
	पुरातत्व विभाग	८४
	नेपाल नागरिक उड्डयन प्राधिकरण	९७
	नेपाल वायुसेवा निगम	३७
	नारायणहिटी दरबार संग्रहालय	६३
	प्रतिलिपी अधिकार रजिस्टारको कार्यालय	३५
	पशुपति क्षेत्र विकास कोष	३०
१८	**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**	८२
	केन्द्रीय पंजीकरण विभाग	६१
	स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग	७३
	निजामती किताबखाना	९७
	स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान	७१
	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	८५
१९	**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**	९१
	प्रेस काउन्सिल नेपाल	९०
	नेपाल दूरसञ्चार प्राधिकरण	८०
	राष्ट्रिय समाचार समिति	९०
	हुलाक सेवा विभाग	९०
	मुद्रण विभाग	९०
	सूचना तथा प्रसारण विभाग	९०
	नेपाल टेलिकम	७५
	रेडियो प्रसार विकास समिति (रेडियो नेपाल)	८५
	नेपाल टेलिभिजन	९०
	गोरखापत्र संस्थान	९०
	न्यूनतम पारिश्रमिक निर्धारण समिति	९०
	चलचित्र विकास बोर्ड	८०
	सूचना प्रविधि विभाग	८५
२०	**सहरी विकास मन्त्रालय**	८४
	सहरी विकास तथा भवन निर्माण विभाग	७२
	काठमाडौं उपत्यका विकास प्राधिकरण	७२
	राष्ट्रिय आवास कम्पनी लि.	३९
	अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र	५३
	नयाँ सहर आयोजना	६४
	सिंहदरबार सचिवालय पुनर्निर्माण समिति	६९
	अधिकारसम्पन्न वागमती समिति	७१
	मझौला सहरी वातावरण सुधार आयोजना	६७
	नगर विकास कोष	७०
२१	**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**	८७
	स्वास्थ्य सेवा विभाग	८६
	आयुर्वेद विभाग	८८
	औषधि व्यवस्था विभाग	८१
	वीर अस्पताल	८०
	कान्ति बाल अस्पताल	८२
	शुक्रराज ट्रपीकल तथा सरुवा रोग अस्पताल	८०
	राष्ट्रिय स्वास्थ्य अनुसन्धान परिषद्	८४

अनुसूची ४



अनुसूची ५

सूचनाको हकको कार्यान्वयन स्थिति परीक्षणको कार्यमा सहभागी हुनुभएका महानुभावहरू

क.सं.	सूचना परीक्षणमा सहभागीहरू	मन्त्रालयको नाम
१	श्री सुरेश मान श्रेष्ठ	खानेपानी मन्त्रालय
२		भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
३		सहरी विकास मन्त्रालय
४	श्री शरदराज विष्ट	अर्थ मन्त्रालय
५		संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
६		वन तथा वातावरण मन्त्रालय
७	डा. महेन्द्र विष्ट	उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
८		स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
९		श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
१०	श्री तारानाथ दाहाल	प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
११		ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
१२		महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
१३	श्री अमृता लम्साल	कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय
१४		युवा तथा खेलकुद मन्त्रालय
१५		संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
१६	श्री केदार खड्का	कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
१७		परराष्ट्र मन्त्रालय
१८		रक्षा मन्त्रालय
१९	श्री बबिता बस्नेत	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
२०		सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
२१		गृह मन्त्रालय